
# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ५, अङ्क ३०, पूर्णाङ्क २२५ | २०७६ माघ ८ गते बुधबार | Wednesday, 15 Jan 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## राष्ट्रिय जागरण मञ्चका संयोजक लोहनी पुनः गिरफ्तार



**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका पूर्वकेन्द्रीय सदस्य तथा राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनी सोमबार पुनः गिरफ्तार भएका छन् ।

चितवनमा बाटोमा हिँडिरहेका बेला बिनाजानकारी प्रहरीले लोहनीलाई गिरफ्तार गरेको पारिवारिक स्रोतले जनाएको छ । लोहनी पछिल्लो समय राष्ट्रिय जागरण मञ्चमार्फत राष्ट्रियता र जनतन्त्रका बारेमा अभियान सञ्चालन गर्दै आएका थिए । उनले पछिल्लो समय विवादास्पद अमेरिकी परियोजना एमसीसी, नेपाली भूमिमाथि भारतीय अतिक्रमणलगायत विषयमा बहस चलाउँदै आएका थिए । लोहनी यसअघि पनि चितवनमै १३ दिन हिरासत बसेर छुटेका थिए ।

# एमसीसीविरुद्ध नेपाल बन्द हुने

## अमेरिकी सैन्य रणनीति स्वीकार नगर्न नेकपाको चेतावनी

■ **रातोखबर संवाददाता**/काठमाडौँ

देशलाई अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको खेल मैदान बनाउन केपी वली सरकार उद्यत रहेको आरोप लाग्दै आएको छ । सरकारको भूमिका हेर्दा त्यसप्रकारको आरोपलाई नै पुष्टि गरिरहेको देखिन्छ । हालै वली सरकारले आफ्नै पार्टी र जनमतको प्रतिकूल एमसीसी पारित गर्ने अड्डी लिएको छ । एमसीसी प्रस्ताव हुनासाथ त्यसका विरुद्ध लगातार सङ्घर्ष गर्दै आएको नेपाल कम्युनिस्ट पार्टीले एमसीसी प्रस्ताव सदनमा दर्ता गरिएको खण्डमा त्यसका विरुद्ध नेपाल बन्दसहित सङ्घर्षका थप कार्यक्रमहरू घोषणा गर्ने जनाएको छ ।

अमेरिकाले आफ्नो मुख्य प्रतिस्पर्धी चीनलाई घेरा हाल्न हिन्द-प्रशान्त रणनीति अघि बढाएको छ । चीनका विरुद्ध सन् १९४७ मा गठित उक्त सैन्य रणनीति यसअघि दक्षिणपूर्वी एसियामा केन्द्रित थियो । अमेरिकामा ट्रम्पको उदयपछि उक्त अमेरिकी सैन्य रणनीति यसअघि दक्षिणपूर्वी एसियामा केन्द्रित थियो । अमेरिकामा ट्रम्पको उदयपछि उक्त अमेरिकी सैन्य रणनीति दक्षिणएसियाली देशहरूमा केन्द्रित भएको छ ।

चीनसँग लामो भौगोलिक सीमा भएको तिब्बत र त्यस क्षेत्रमा पृथकतावादी सङ्घर्ष भैरहेको, नेपाल सरकार र सत्ताको कमजोर निर्णयक्षमता र दलाल चरित्रका कारण पछिल्लो समयमा संयुक्त राज्य अमेरिका नेपालमा केन्द्रित भएको देखिन्छ । ट्रम्प प्रशासनले आर्थिक प्रलोभनको माध्यमबाट नेपालमा सैन्य प्रभाव विस्तार गर्न खोजेको छ । उसले इराक, अफगानिस्तानलगायत दर्जनौँ देशमा जसरी नै सुरक्षा र विकासका नाममा नेपालमा सुरक्षा तथा सैन्य प्रभाव विस्तार गर्दै लगेर कालान्तरमा सैन्य अखडा कायम गर्ने रणनीति लिएको आकलन गरिएको छ ।

अमेरिका कुनै पनि देशमा प्रवेश गरेपछि कहिल्यै फर्केर जाँदैन भन्ने नजिर हेर्न इराकका पछिल्ला घटनाक्रम हेर्दा हुन्छ । हालै इराकी सरकारले अमेरिकी सेना फिर्ता गर्ने चर्चा गर्दानगर्दै अमेरिकी सरकारले इराकमा अमेरिकाले ठुलो लगानी गरेका कारण फिर्ता नजाने बताएको छ । अमेरिकी सरकारको एमसीसी प्रस्तावले नेपाल सरकार र नेपालको कानुनका कतिपय पक्षलाई सुरुमै निषेध गरेको छ । त्यसप्रकारको राष्ट्रघाती प्रस्तावका विरुद्ध नेपाली जनता सडकमा उत्रिएका छन् । नेपाल कम्युनिस्ट पार्टीले वली सरकारले एमसीसीका नाममा नेपाललाई सैन्य गठबन्धनमा धकेल्न उक्त प्रस्ताव सदनमा प्रस्तुत गर्‍यो भने तत्काल नेपाल बन्दसहित सङ्घर्ष घोषणा गर्ने जनाएको छ । नेपाल बन्दलाई वैधानिक आन्दोलनको उच्च रूप मानिन्छ । नेपालका सबै पार्टी र संस्थाहरूले समयसमयमा त्यो रूपलाई प्रयोग गर्दै आएका छन् ।

नेपाल कम्युनिस्ट पार्टीले तेस्रो चरणको जनसङ्घर्षका कार्यक्रम घोषणा गरेको छ । कालापानी क्षेत्रमा भारतको अतिक्रमण, एमसीसी प्रस्तावसहित राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा नेकपा निरन्तर लड्दै आएको छ । नेकपाले माघ १ गतेदेखि १५ गतेसम्म एमसीसी प्रस्तावका विरुद्ध सरकारी षड्यन्त्र र विकासे नाराभित्रको दलाल चरित्रको भन्डाफोर गर्ने बताएको छ भने माघ ५ गते सरकारलाई ज्ञापनपत्र बुझाएको छ । त्यसैगरी माघ १० गते काठमाडौँस्थित अमेरिकी दूतावास र माघ १२ गते संयुक्त राष्ट्रसङ्घको

बाँकी पृष्ठ ७ मा

## योजनाकार ढकालको घरमा बम विस्फोट

बालुवाटारको सरकारी जग्गा बिक्री प्रकरणमा मुछिएका डा.शोभाकान्त ढकालको घरमा बम विस्फोट भएको छ । कामपा १६ सानो भर्‍याङस्थित नर्सरीचोक छेउ ढकालको घरमा बुधबार साँझ बम विस्फोट भएको प्रहरीले जनाएको छ । विस्फोटबाट कुनै मानवीय क्षति भने नभएको प्रहरीको भनाइ छ ।

विस्फोटका कारण पार्किङमा राखिएको एउटा गाडीमा क्षति पुग्नुका साथै घरको झ्याल र पर्खालमा क्षति पुगेको जनाइएको छ । घटनास्थलमा नेकपाको पर्चा फेलापारिएको र घर कब्जा गरेको ब्यानर पनि टाँगिएको प्रहरीले जनाएको छ ।

## अनावश्यक भ्रम उत्पन्न भयो : विरही

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय प्रकाशन विभागका प्र्याक्सन इन्चार्ज विरहीले जनपत्रकार सङ्गठन नेपाल र त्यसको नेतृत्वका विरुद्ध अनावश्यक भ्रम र अफवाह फैलिएको भन्दै त्यसप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । पार्टीका केन्द्रीय सदस्य एवम् सङ्गठनका प्र्याक्सन इन्चार्ज विरहीले वक्तव्य जारी गर्दै सङ्गठनले खेल्दै आएको महत्वपूर्ण भूमिकाबाट अत्तालिएका पार्टी र सङ्गठनविरोधीहरूले अनावश्यक भ्रम सिर्जना गरिरहेको उल्लेख गरेका

... बाँकी पृष्ठ ७ मा

## नेकपाले गर्‍यो ललिता निवासको जग्गा कब्जा

■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले व्यक्तिका नाममा गरिएको ललिता निवासको सरकारी जग्गा कब्जा गरेको छ । बुधबार साँझ उक्त जग्गामा झन्डा गाडेर नेकपाले जग्गा कब्जा गरिएको घोषणा गरेको हो ।

ललिता निवासको जग्गा कब्जा गरेको ब्यानरसमेत उक्त स्थानमा गाडिएको छ । उक्त ब्यानरमा मीनबहादुर गुरुङ, शोभाकान्त ढकाल, रामकुमार सुवेदी, सरकारी नेकपाका विष्णुप्रसाद पौडेलका नाममा गरिएको सबै ११५ रोपनी जग्गा कब्जा गरिएको नेकपाले जनाएको छ । त्यसैगरी ललिता निवासको जग्गा हडप्ने योजनाको मुख्य नाइके मानिएका शोभाकान्त ढकालको घर सेबोटेज गरेको नेकपाले जनाएको छ ।

नेकपाले उक्त सरकारी जग्गा व्यक्तिका नाममा गरिएको भन्दै विरोध गर्दै आएको थियो । प्रधानमन्त्री निवाससँगै जोडिएको ललिता निवासको जग्गामा झन्डासँगै कब्जा गर्नुको कारण खुल्ने पर्चा पनि भेटिएको छ ।

विगत लामो समयदेखि धेरै चर्चा र विवादमा रहेको राष्ट्रिय सम्पत्ति, बालुवाटारस्थित करिब तीन सय रोपनीमा रहेको भीमशमशेरका नाती सुवर्णशमशेरका नाममा बनाइएको भव्य सुवर्ण महल अर्थात् हालको ललिता निवासको जग्गाका बारेमा भएको चरम माफियाकरणबारे नेकपाले पर्चामार्फत प्रस्ट पारेको छ । पर्चामा भनिएको छ, 'यसबारेमा हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । २००७ सालको राजनीतिक परिवर्तनसँगै राणाहरूको दरबारको राष्ट्रियकरण गर्ने सिलसिलामा ललिता निवास पनि तत्कालीन सरकारबाट सिज भएको तर बहुदल आइसकेपछि राज्यसत्ताका सबै उपरिसंरचनामा फस्टाएको व्यापक माफियाकरणले गर्दा राज्यको सम्पत्तिस्वरूप राष्ट्रियकरण भएको ललिता निवासको जग्गा माफियाका नाइकेहरू भाटभटेनी सुपरमार्केटका मालिक मीनबहादुर गुरुङ, भूमाफियाहरू शोभाकान्त ढकाल र रामकुमार सुवेदीको चङ्गुलमा परी राज्य सञ्चालकहरूले सुवर्णशमशेरका सन्तानबाट तथाकथित मोही सिर्जना गरी राष्ट्रिय सम्पत्तिका रूपमा आएको र थप आउन सक्ने जग्गालाई व्यक्तिको निजी सम्पत्तिको रूपमा हुनेगरी भएको किनबेचले तथाकथित कम्युनिस्ट नामधारी केपी नेतृत्वको दलाल सरकार जनता र राष्ट्रका

... बाँकी पृष्ठ ७ मा

## उमा भुजेललाई झूट्टा मुद्दामा फसाउने षड्यन्त्र



**काठमाडौँ** : पुस १२ गते सुनसरीबाट गिरफ्तार गरिएकी नेकपाकी केन्द्रीय सदस्य तथा मेची-कोसी ब्युरो इन्चार्ज उमा भुजेल 'शिलु' लाई सुनसरी प्रहरीले झूट्टा मुद्दामा फसाउने षड्यन्त्र गरेको भुजेलको पारिवारिक स्रोतले जनाएको छ । मुचुल्का तयार गर्दा बीचमा केही ठाउँ खाली राखेर उमा भुजेल र सुमनसिंह पौडेललाई हस्ताक्षर गराइएको र सोही खाली स्थानमा 'एक थान घरेलु सानो पेस्तोल बरामद' लेखी थपेर अदालतमा पेस गरिएको बताइएको छ । उनीहरूको साथबाट कब्जा गरेको ४ लाख रुपैयाँ मुचुल्कामा उल्लेख नगरी पचाउने, राजस्वमा भ्रष्टाचार गर्ने षड्यन्त्र पनि गरिएको बताइन्छ ।

उनीहरू पुस ११ गते साँझ पार्टीका सुनसरी इन्चार्ज प्रज्वल श्रेष्ठका दाइको घरमा बास बसेको, १२ गते बिहान ७ बजे घरबाट निस्कनासाथ सादा पोसाकको मोटरसाइकलले पिछा गरेको र लगत्तै पेस्तोल ताक्दै 'रोक रोक' भन्दै चारैतिरबाट घेरा हालेको पारिवारिक स्रोतले बताएको छ । बास बसेको घरको अर्को दाइ प्रहरी सेवामा रहेको र केही महिनाअघि तत्कालीन सुनसरी इन्चार्ज लक्ष्मण पौडेल पनि त्यही घरबाट गिरफ्तार भएको खुल्न आएको छ । उनीहरूलाई हाल सुनसरी जिल्ला प्रहरी हिरासत इनरुवामा थुनामा राखिएको छ ।

## कम्युनिस्ट सरकार भए पनि चेपाङमाथि रोकिएन उत्पीडन

■ **रातोखबर संवाददाता**/काठमाडौँ

**समाचार विश्लेषण**

चितवन, मकवानपुर, धादिङ र गोरखा जिल्लामा रहेका चेपाङ जाति अत्यन्त पिछडिएको लोपोन्मुख समुदाय हो । चितवन जिल्लाको उत्तरी पहाडी भूभाग कालिका ११ (साबिक सिद्धि ३), सैपाङ गाउँका ५४ घरधुरीको अवस्था पञ्चायतीकालको भन्दा भिन्न छैन । शक्तिखोर बजारबाट झन्डै ५ किमि उत्तरमा रहेको तीनदोभानमा रहेको वडा कार्यालयमा पुग्न सैपाङका जनतालाई ८ घन्टा हिँड्नुपर्छ । वडा अध्यक्ष कृष्णबहादुर प्रजा नगरपालिकामा आफ्नो कुरा नसुनिएको दुखेसो गर्छन् । सैपाङको पूरै गाउँ ऐलानी हो । उनीहरूको जग्गाको पुर्जा छैन । २०४६ सालयता आधा दर्जन भूमि तथा सुकुमबासी आयोग बने पनि उनीहरूको समस्या यथावत् छ । २०३२ सालमा सैपाङमा ४ घरधुरी मात्र थिए । चेपाङ भाषामा 'सै' को अर्थ दुम्सी र 'पाङ' को अर्थ 'गाडेको' हुन्छ । दुम्सी गाडेको अर्थात् सैपाङ नाम कसरी रह्यो त भन्ने प्रश्नको जबाफमा स्थानीय समाजसेवी रामबहादुर प्रजा भन्छन्, 'कुनै बेला यो क्षेत्रमा बस्ती थिएन । एउटा मान्छे एक्लै कन्दमूल खाएर बस्थ्यो । खेती, पशुपालन केही गर्दैनथ्यो । गाउँ जाँदैनथ्यो । उसलाई गाउँलेले दुम्सी भन्थे । त्यो मान्छे मरेपछि यहीँ गाडेछन् । त्यसपछि कालान्तरमा 'सै' लाई 'पाङ' गरेको (दुम्सी बुढालाई गाडेको) ठाउँ भन्दाभन्दै यो ठाउँको नाम सैपाङ भयो ।' यहाँ अहिले पनि चेपाङ समुदायको एकल बस्ती रहेको छ । २०४६

... बाँकी पृष्ठ ७ मा

## आस्थाका बन्दी रिहा गराउन नेकपाको दबाबमूलक सङ्घर्ष



■ **रातो खबर संवाददाता**/काठमाडौँ

नेपाल कम्युनिस्ट पार्टीले विभिन्न किसिमका झूट्टा मुद्दा लगाई जेल र हिरासतमा राखेका आफ्नो पार्टीका नेता-कार्यकर्तालाई रिहा गराउन दबाबमूलक सङ्घर्ष गर्ने भएको छ । नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश वली

... बाँकी पृष्ठ ७ मा

## एमसीसीबारे

**देश/परिवेश**

■ विप्लव



नेपाली राजनीतिमा अमेरिकी योजना एमसीसीबारे तातो बहस छ । सिङ्गै देश एमसीसीको पक्ष र विपक्षमा बाँडिएको छ । सारा स्वाभिमानी, देशभक्त, लोकतन्त्रवादी, वामपन्थी, बुद्धिजीवी, कम्युनिस्टहरू एमसीसीका विरुद्ध उभिएका छन् भने नेपाली काङ्ग्रेस, केपी वली समूह, कमल थापालगायत केही दलाल, कमिसनखोरहरू एमसीसीका पक्षमा देखिएका छन् । एमसीसी के हो, यसको उद्देश्य के हो ? र यसलाई संसद्बाट पास गरे के गर्न सकिन्छ ? भन्नेबारेमा छोटो चर्चा गरौँ ।

**१) एमसीसी भनेको**

एमसीसीको नेपाली अर्थ सहस्राब्दी चुनौती निगम हुन्छ । यो संस्थाको नामबाट नै स्पष्ट हुन्छ- अमेरिकाले यो सहस्राब्दीमा विश्वव्यवस्थाबारे सैन्य-राजनीतिक दृष्टिले जसरी सोचिरहेको छ त्यसलाई दक्षिणएसियामा कार्यान्वयन गर्ने नै यस संस्थाको ध्येय हो ।

सबैलाई थाहा छ अमेरिकाले दोस्रो विश्वयुद्धपछि एसियामा कम्युनिस्ट प्रभाव अर्थात् वैज्ञानिक समाजवादी क्रान्ति रोक्नका लागि प्रशान्त क्षेत्रीय रणनीति सिक्टु बनाएर काम गर्दै आएको थियो । सिक्टुमा जापान, फिलिपिन्स, इन्डोनेसिया, थाइल्यान्ड, अस्ट्रेलियालगायत देशहरूलाई समाहित गरेको थियो । यसले प्रशान्त क्षेत्रमा अमेरिकी हैकम र अतिक्रमणलाई कायम गरायो तर अमेरिकाको सोचाइअनुसार दक्षिणएसिया समेटिसकेको थिएन । मुख्यतः अन्तर्राष्ट्रिय गठबन्धनमा भारत सोभियत सङ्घतिर ढल्किनुले अमेरिकालाई कठिनाइ भएको थियो । सोभियत सङ्घको विघटनपछि भारतलाई च्याप्न केही सहज भएको वा भारतसमेत अमेरिकी प्रभावमा ढल्किन थालेपछि अमेरिकाले दक्षिणएसियालाई नै केन्द्रितगरेर ट्रम्प प्रशासनले हालै हिन्द-प्रशान्त रणनीति (आईपीएस) बनाएको छ । यो भनेको दक्षिणएसियामा सैन्य दृष्टिले अरू केन्द्रित भएर काम गर्ने रणनीति हो । एमसीसी भनेको यही आईपीएसको सैन्य राजनीतिक रणनीतिलाई अर्थराजनीतिक मोर्चाबाट लागू गर्ने एकाइ हो । यसले पैसाको पोको बोकेर सेनाको प्रवेश वा हस्तक्षेपलाई ढोका खोलिदिन्छ ।

**२) एमसीसीको उद्देश्य**

मिलिनियम च्यालेन्ज कर्पोरेसनको मुख्य उद्देश्य दक्षिणएसियामा अमेरिकाले खडा गरेको हिन्द-प्रशान्त रणनीतिलाई अर्थराजनीतिक मोर्चाबाट कार्यान्वयन गर्ने हो । दक्षिणएसिया स्तरबाट यहाँका देशहरूलाई अमेरिकी सैन्य गठबन्धनमा सहभागी बनाउने र नेपालका सन्दर्भमा नेपाललाई अमेरिकी सैन्य गठबन्धनमा हुल्ने उद्देश्य हो ।

... बाँकी पृष्ठ ७ मा

## सम्पादकीय

# ‘सार्वभौम’ संसद्बाटै राष्ट्रघातको खतरा

केपी वली सरकारले ‘सार्वभौम’ भन्दै आएको संसद्बाट घोषित र वैधानिक रूपमै अर्को राष्ट्रघात गर्ने खतरा बढेको छ। संसारभर बदनाम, निन्दित र रक्तपिपासु ‘याङ्की’ का रूपमा चित्रित अमेरिकी सैन्य अखडा बनाउने, सैन्य गठबन्धनमा सामेल गराउने साम्राज्यवादी योजना र षड्यन्त्रबमोजिम ल्याइएको एमसीसी सम्झौता सदनबाटै पारित गराउने षड्यन्त्रका कारण फेरि अर्को गम्भीर राष्ट्रघातको खतरा बढेको हो। नेपालमा बढिरहेको वैज्ञानिक समाजवादको लहर र चीनको बढ्दो आर्थिक स्थितिका कारण नेपाललाई आधार बनाएर एसिया र मुख्यतः चीनलाई घेर्ने सैनिक मिसन सञ्चालन गर्न अमेरिकी साम्राज्यवादले नेपाललाई भरपर्दो थलोका रूपमा लिएको देखिन्छ। इतिहासमा कहिल्यै पनि प्रत्यक्ष र घोषित रूपमा कुनै पनि शक्तिराष्ट्रको सैनिक गठबन्धनमा सामेल नहुने असंलग्नता र पञ्चशीलको सिद्धान्तलाई लत्याउँदै दलाल शासकहरूले त्यसलाई रद्दीटोकरीमा फ्याल्न लागेका छन्। यो राष्ट्र र जनताविरुद्ध अत्यन्त निन्दनीय हर्कत हो। देशभक्त, राष्ट्रवादी र जनपक्षधरहरूले तत्काल यसको प्रतिरोध गर्नुपर्छ र अमेरिकी र नेपाली शासकहरूको षड्यन्त्रको भन्डाफोर गर्दै नेपाललाई सैन्य हस्तक्षेपबाट मुक्त गराउनुपर्छ।

नेपाली जनताले राष्ट्रियताको रक्षाका लागि निरन्तर सङ्घर्ष गर्नु परिरहेको छ। जनतन्त्र र जनजीविकाको सुनिश्चितताको लडाइँ लडिरहेका देशभक्त नेपालीका सामु अर्को राष्ट्रघातका विरुद्धको सङ्घर्षको चुनौती थोपरिएको हो। भारतीय सामाज्यवादले नेपाली भूमि अतिक्रमण गरेको विरोधमा सडकमा निस्किएका नेपाली जनतालाई केपी वली सरकारले निरन्तर सडकमै बसेर प्रतिरोध सङ्घर्ष गरिरहने वातावरण तयार पारिदिएको छ अर्थात् अर्को राष्ट्रघाती सम्झौता एमसीसीका कारण नेपाली जनताले फेरि सडक सङ्घर्ष नै रोज्नुपर्ने भएको छ। नेकपा यतिबेला एमसीसीविरुद्ध १५ दिने सडक सङ्घर्षका कार्यक्रमसहित सडकमै छ भने देशभक्त र राष्ट्रवादी जनता अमेरिकी सैनिक अखडा बनाउने षड्यन्त्रसहितको एमसीसी सम्झौताविरुद्ध आन्दोलनमा छन्। कोही वैचारिक आन्दोलन चलाइरहेका छन् भने कोही सडक आन्दोलन। नेकपाले सदनबाटै एमसीसी पारित गर्ने षड्यन्त्र अघि बढाइए नेपाल बन्दलगायत सशक्त प्रतिरोध सङ्घर्ष गर्ने कार्यक्रम नै सार्वजनिक गरिसकेको छ।

राष्ट्रघाती योजना बोकेको एमसीसी पारित गराउन केपी वली, शेरबहादुर देउवादेखि पुष्पकमल दाहाल हुँदै कमल थापा-राप्रपासमेतको गठबन्धन बनेको सार्वजनिक भएको छ। मधेसी दलहरू त यसमा सामेल नहुने कुरै भएन। साम्राज्यवादले कुनै पनि मुलुकलाई निल्नुअगाडि त्यस देशको सांस्कृतिक, सामाजिक, राजनीतिक, आर्थिक, वैचारिक क्षेत्रमा आफ्नो हस्तक्षेप बढाउने र अन्तिममा सैनिक र भौगोलिक हस्तक्षेप गर्ने गरेको इतिहास पाइन्छ। भारतले सिक्किमलाई निल्नुअघि संसद्मा बहुमत बनाएपछि जनमतसङ्ग्रह नै गराएर अनुमोदन गराएको तीतो इतिहास हाम्रासामु छ। यतिबेला अमेरिकी साम्राज्यवाद पनि नेपाली प्राकृतिक सम्पदा कब्जा गर्दै नेपाललाई साम्राज्यवादी सामरिक अखडा बनाउन एमसीसी नामको आर्थिक प्याकेजभित्र सैनिक प्याकेज लिएर उपस्थित भएको छ। करिब ५५ अर्ब नेपाली रूपैयाँको उक्त गुलियो प्याकेटभित्र कति भयङ्कर सैनिक योजना र षड्यन्त्र लुकेको छ भन्ने कुरा प्रधानमन्त्री केपी वलीदेखि पुष्पकमल दाहाल हुँदै पूर्वसभामुख महराप्रकरण र वर्तमान सभामुखको चयनसम्म तानिएको देखिन्छ।

नेपाल कम्युनिस्ट पार्टीले अमेरिकाले लाद्न लागेको एमसीसी सम्झौता संसद्बाट विधिवत् रूपमै पारित गरेर लागू गरिएमा राष्ट्रिय प्रतिरोध सङ्घर्ष अघि बढाउने चेतावनी दिएको छ। अमेरिकी सरकारका तर्फबाट नेपालमा लागू गर्न खोजेको सम्झौता हिन्द-प्रशान्त रणनीतिको अभिन्न अङ्ग भएको र त्यसलाई सैन्य आर्थिक प्याकेजका रूपमा नेपालमा लागू गर्न थालिएको कुरा बुझ्न अब कुनै आइतबार पर्खनु पर्दैन। वली सरकारले एमसीसी आर्थिक विकासको कार्यक्रम मात्र भएको दाबी गरेको छ। अमेरिकी दूतावासले पनि यो पूर्वाधार विकासको कार्यक्रम मात्र भएको र यसमा सैन्य मामिला नजोडिएको भने पनि अमेरिकी सरकारका विदेशमन्त्रीले नै यो हिन्द-प्रशान्त रणनीतिकै अङ्ग भएको र नेपाल देश त्यस रणनीतिसँग जोडिएको प्रतिक्रिया दिएकाले यो स्पष्ट रूपमा सैन्य परियोजना हो भन्ने पुष्टि हुन्छ। यो चिनियाँ बीआरआईलाई रोक्न भारतलाई साथमा लिने, नेपालमा सैन्य शिविर राखेर चीनलाई घेर्ने तथा नेपालको प्राकृतिक स्रोत, युरेनियम धातु कब्जा गर्ने र त्यसका लागि आफ्नो सेनाको क्याम्प राख्ने भित्री उद्देश्यसँग जोडिएको देखिन्छ। नेकपाले यो सम्झौता लागू गरिएमा नेपालको सार्वभौमिकता समाप्त हुने प्रस्ट पारिसकेको छ। एमसीसीका बारेमा जनचेतना जगाउने कार्यक्रम गर्नासाथ राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनीलाई गिरफ्तार गर्नुले सरकार ५५ अर्ब रुपैयाँको अमेरिकी सहयोगभित्र कति खतरनाक षड्यन्त्र बुनिरहेको रहेछ भन्ने प्रमाणित गर्छ। नेकपाका महासचिव विप्लवले एमसीसीका बारेमा निष्कर्ष निकाल्दै भनेका छन्, ‘एमसीसीको नेपाली अर्थ सहस्राब्दी चुनौती निगम हुन्छ। यो संस्थाको नामबाट नै स्पष्ट हुन्छ- अमेरिकाले यो सहस्राब्दीमा विश्वव्यवस्थाबारे सैन्य-राजनीतिक दृष्टिले जसरी सोचिरहेको छ त्यसलाई दक्षिणएसियामा कार्यान्वयन गर्ने नै यस संस्थाको ध्येय हो। केपी वली, नेपाली काङ्ग्रेस र कमल थापाहरूले एमसीसी जसरी पनि पास गर्नुपर्छ भन्दै गर्दा संसद्बाट राष्ट्रघात हुने सम्भावना प्रबल बनेको छ। यसलाई प्रचण्डको केही बुँदा सच्याएर पास गर्नुपर्छ भन्ने चरम अवसरवादी, उपयोगितावादी चरित्रले मलजल गर्ने देखिन्छ।’

एमसीसीविरुद्ध नेपालको देशभक्त जनमत फेरि रहरलाग्दो गरी एकत्रित र केन्द्रीकृत भएको छ। भारतीय साम्राज्यवादले नेपाली भूमिमाथि गरेको हस्तक्षेपविरुद्ध केन्द्रीकृत भएजस्तै खतरनाक अमेरिकी एमसीसी योजनाविरुद्ध पनि देशभक्त र स्वाधीनताका पक्षमा रहेका नेपाली ध्रुवीकृत भएका छन्। साम्राज्यवाद जनप्रतिरोधबिना भाग्दैन, हार्दैन। जनप्रतिरोधले साम्राज्यवाद र उसका सबै किसिमका दलालहरूलाई बढार्नेछ। नेकपाले सञ्चालन गरेको आन्दोलन नै यसको एक मात्र निदान हो।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सङ्कटग्रस्त व्यवस्था, एकीकृत जनक्रान्ति, पलायनवाद र आत्मसङ्घर्ष–२



धर्मेन्द्र बास्तोला

*“विदेशी लगानीको संरक्षण गर्ने आर्थिक आधार र राजनीतिक, कानुनी, सामाजिक, सांस्कृतिक उपरिसंरचना निर्माण गरेको हुन्छ र जनताले विदेशी लगानीबाट फाइदा प्राप्त गर्ने अवसरको उपयोग गर्ने हुन्छ। देशभित्रको उत्पादन शून्य बनाएर विदेशीको भरमा देश चलाउने नीति सरकारको पराश्रित नीति हो।*

कुनै पनि देशमा जनता बेरोजगार हुने अवस्था आयो भने त्यहाँ अस्थिरता पैदा हुन्छ। बेरोजगारी भनेको सुकुमबासी होइन। बसोबासको सुनिश्चितता भएको तर रोजगारी नभएको अवस्था बेरोजगारी हो। नेपालको यो बेरोजगारीको कुरा पनि छ। यहाँ कुल जनसङ्ख्याको करिब २१ प्रतिशत सुकुमबासी अवस्थामा छन्। आफू जन्मेको देशमा बस्ने घरको व्यवस्था हुन नसक्नु र त्यसका लागि दासत्वपूर्ण श्रम लगानी गर्न विवश हुने यो दलाल पुँजीवादी सत्ताको बल्झिएको क्रोनिक समस्या हो। जब देशको जनसङ्ख्याको ठूलो हिस्सा सुकुमबासीको अवस्थामा छ, जब उसले गर्ने आर्थिक क्रियाकलापहरू राष्ट्रिय उत्पादनभन्दा आफ्नो जीविकामा सीमित हुन पुग्छ, त्यो देशमा राष्ट्रिय सम्पत्तिको निक्षेप हुन सक्दैन। त्यसले देशलाई हरेक क्षेत्रमा पराश्रित बनाइरहेको हुन्छ। यही अवस्थाबाट नेपाल गुज्रिरहेको छ। यो देशको गम्भीर सङ्कट हो।

त्यसो त, पर्याप्त खाना, आवश्यकताअनुसारको स्वस्थप्रणाली, रुचिअनुसारको शिक्षा, दक्षताअनुसारको काम र उत्कृष्ट जीवनका लागि बसोबासले मात्र समाजवादको आवश्यकता पूरा गर्दैन र समाजवाद भनेको त्यस्तो उन्नत समाज हो, जहाँ मानिसले सम्पूर्ण सीप, कला, ज्ञान, वैज्ञानिक अन्वेषण बृहत् मानिसको हितमा प्रयोग गर्ने प्रणाली रहेको हुन्छ। मानिसका सम्पूर्ण अधिकारहरू मानवतामा आधारित रहेका हुन्छन्। तर हामी त्यसप्रकारको समाज निर्माण गर्ने क्रान्तिको प्रक्रियामा रहेको अवस्थामा जनताका आधारभूत प्रश्नमा अल्झिन पुग्छौँ र त्यसैको वरिपरि वैचारिक क्षेत्रमा पनि घुमिरहेका हुन्छौँ। यसरी हेर्दा नेपाली जनताको ठूलो हिस्साले अहिले रोजगारी, उचित प्रकारको आवास, उचित प्रकारको शिक्षा र स्वास्थ्य प्राप्त गर्न सकेको छैन। शिक्षा र स्वास्थ्यमा भैरहेको व्यापारीकरण सिङ्गो देशलाई अपाङ्ग बनाएको छ। हुनत नेपालको शिक्षाप्रणाली नेपालका दलाल पुँजीवादीहरूका लागि अत्यन्त सुहाउँदो प्रकारको छ किनभने यो शिक्षाले नेपाली युवाहरूलाई कस्तो बनाउँछ भने नेपालको दुर्दशा भनेको उसको भग्यमा प्राप्त गरेको अभिशाप हो, पूर्वजन्मको पाप हो। स्कुल र कलेजमा अध्ययन गर्ने थोरै सचेतहरूबाहेक अत्यधिक युवकयुवतीहरूले समृद्धि, शान्ति र प्रगतिका लागि आधारभूत रूपमा आवश्यक पर्ने देशमा निरन्तर राजनीतिक परिवर्तन, समाजको निरन्तर रूपान्तरणप्रति सचेत भएको र सङ्घर्ष गर्न प्रोत्साहित भएको पाइँदैन र देशका शासकहरूको आत्मसमर्पणवादी नीति बुझ्ने र त्यसका विरुद्ध सङ्घर्ष गर्दै वैज्ञानिक समाज निर्माण गर्ने विषयमा किञ्चित चिन्तन गरेको पाइँदैन जुन कुरा युरोप र अमेरिकी तत्कालीन र अहिलेका युवाहरूको भन्दा तुलनात्मक रूपमा फरक देखापर्छ। त्यस क्षेत्रका युवकयुवतीहरू दासयुग र सामन्तवादी कालदेखि नै सामाजिक क्रान्ति र समाज परिवर्तनको बाटोमा लाग्ने गरेको पाइन्छ। अध्ययन-अनुसन्धानको बाटोमा, उद्यम र सिर्जनशीलताको बाटोमा लाग्ने गरेको पाइन्छ र त्यो प्रचलन अहिले पनि छ। त्यही कारण त्यहाँ धेरै पहिले ठूलाठूला सामाजिक क्रान्तिहरू भए। अन्याय र अत्याचारका विरुद्ध ठूलाठूला युद्धहरू भए। तर नेपालको शिक्षाप्रणालीले युवाहरूलाई मानसिक रूपमा बेकम्मा बनाएको छ। देशमा बढ्दो गरिबी, बेरोजगारी, दिन-प्रतिदिन सम्पत्तिमा हुने क्षयीकरण, सामाजिक सुरक्षामा देखिने अनिश्चितताले मानिसलाई स्वार्थी, बेकम्मा, पराधीन, लोभी, दलाल, चोर, षड्यन्त्रकारी र ठग बनाएको छ। मानिस आफ्नो सीप, कला र दक्षताअनुसार यसप्रकारको पेसामा विकास गर्छ र यसप्रकारका मानिसहरू त्यस क्षेत्रबाट बढी विकसित हुन्छन् जो शिक्षित छन्, सम्पत्तिवान् छन् र सुखसयलका साथ जीविका गरेका हुन्छन्। यो अवस्था भनेको देश एकप्रकारको अपाङ्ग हुनु हो। यही कारण अहिले स्वास्थ्य र रोजगारीका विषयमा व्यापारीकरण हुने गरेको छ। सत्ताधारीहरूले जनताको समस्या समाधान गर्नेभन्दा आफ्ना मानिसहरूको समस्या समाधान गर्ने कुरालाई प्राथमिकता बनाएको पाइन्छ।

जुन देशले यसप्रकारको निकम्मा जनशक्ति पैदा गर्छ त्यो देश भिखारी हुनु अनिवार्य बन्छ। एकदुई परिवार र केही व्यक्ति छाडेर स्कुल र विश्वविद्यालयबाट निस्केका अत्यधिक युवाहरूलाई विदेशका श्रमबजारमा श्रम बिक्री गर्न बाध्य बनाइएको छ। देश भिखारी हुनुको परिणाम हो यो र यो सङ्कटग्रस्त अवस्था हो। देशको औद्योगिकीकरणको समस्या हेर्‍यो भने त्यही प्रकारको छ। कृषिमा औद्योगिकीकरण, उद्योगहरूको स्थापना देशमा केही पनि छैन। सरकारको प्राथमिकता देशभित्र राज्यले उद्योगहरू खोल्ने होइन, देशका प्राकृतिक स्रोतहरू बिक्री गर्न विदेशी लूट भित्र्याउन उद्यत देखिन्छ। दलाल पुँजीवादी सत्ताले देशमा विदेशी लगानीको हल्ला मच्चाइरहेको हुन्छ परन्तु लगानी भित्र्याउनका लागि आवश्यक आधार तयार गर्ने प्रश्नमा सरकार कहिल्यै सरिक हुँदैन। विदेशी लगानी देशमा त्यतिबेला भित्रिन सक्छ जब देशले आफ्नो आर्थिक आधार तयार गरेको हुन्छ। विदेशी लगानीको संरक्षण गर्ने आर्थिक आधार र राजनीतिक, कानुनी, सामाजिक, सांस्कृतिक उपरिसंरचना निर्माण गरेको हुन्छ र जनताले विदेशी लगानीबाट फाइदा प्राप्त गर्ने अवसरको उपयोग गर्ने हुन्छ। देशभित्रको उत्पादन शून्य बनाएर विदेशीको भरमा देश चलाउने नीति सरकारको पराश्रित नीति हो। यसप्रकारको नीतिले देशलाई अत्यन्त ठूलो सङ्कटमा धकेल्दै लगेको छ।

नेपालको बजेट हेर्‍यो भने अध्यधिक ठूलो राशि वैदेशिक ऋणमा भर परेको देखिन्छ। विकास खर्चको शतप्रतिशत वैदेशिक ऋणमा आधारित रहेको हुन्छ। चालू खर्चसमेत केही हिस्सा वैदेशिक ऋणमा आधारित रहेको छ। ऋण तिर्नका लागि देशको उत्पादनमा होइन, विप्रेषणमा आधारित पुँजी र जनताको वैदेशिक रोजगारिमा आधारित पुँजी प्रयोग हुँदै आइरहेको छ। यसले राष्ट्रिय पुँजीमा निक्षेप गर्न सक्दैन। विकासमा वैदेशिक ऋण शतप्रतिशत हुनु देश भिखारी अवस्थाबाट गुज्रनु हो। यो देशका निम्ति ठूलो सङ्कट हो। यसप्रकारको सङ्कटको सामना दलाल पुँजीवादले गर्न सक्दैन, बरु त्यसमा अरू सङ्कटहरू थुप्रँदै जाने अवस्था उत्पन्न हुँदै जान्छ। त्यसकारण यो सत्ता पतनशील सत्ता हो। यो सड्दै गैरहेको छ। यो गल्दै गैरहेको छ। यो केराको थामजस्तो जराभित्रबाट जतिसुकै ऊर्जा प्राप्त गर्ने कोसिस गरे पनि एकपटक पसाइसकेपछि जसरी दिन-प्रतिदिन गल्दै गइरहेको हुन्छ त्यसैगरी यो गल्दै गएको छ, सड्दै गएको छ।

यो तथ्यलाई कतिपय हाम्रा कमरेडहरूले मनन गर्न नसकेको देखा पर्छ। जब साथीहरूले यो तथ्यलाई देख्न सक्नुहुन्न, जब आफूलाई सुदृढ गर्ने प्रयत्न गरेको र भैरहेको दलाल पुँजीवादी सत्ताको एक पक्षलाई मात्र देख्नुहुन्छ, जब यसको पतनशील पक्षलाई बुझ्न सक्नुहुन्न तब त्यसले वास्तविक जीवन र बुझाइमा अन्तरविरोध पैदा गर्छ। जब हरेक मानिसको व्यवहारमा उसको भित्री बुझाइले निर्देशित गरिरहेको हुन्छ तब एकपटक ऊ वास्तविक बुझाइअनुसार व्यवहार गर्न बाध्य हुन पुग्छ। कम्युनिस्ट पार्टीबाट तमाम साथीहरूको पलायनको परिणाम पनि त्यही अवस्थाबाट उत्पन्न भएको हुनसक्छ।

**सत्ताको सङ्कट, कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध र गिरफ्तारी**

दलाल पुँजीवादी सत्तामा पैदा भइरहने यसप्रकारको सङ्कटको उजागर गर्नु, जनतालाई यसबारे प्रष्ट गर्नु, सङ्कटको सहि प्रकारको विश्लेण गर्नु, सहि प्रकारको रणनीति र कार्यनीति अपनाउनु र जनतालाई वैज्ञानिक समाजवादको विकल्प दिनुको कारण हाम्रो पार्टीमाथि सामाजिक दलाल पुँजीवादी सत्ताले प्रतिबन्ध लगाएको छ, नेता र कार्यकर्ताहरूमाथिको गिरफ्तारी व्यापक बनाएको छ। हामी सबैलाई थाहा छ, दलाल पुँजीवादी व्यवस्थाभित्र (नेकपा) को विकल्प नेपाली काङ्ग्रेस वा कुनै मधेसवादी वा कुनै राजावादी दलहरू हुनसक्छन् तर दलाल पुँजीवादी व्यवस्थाको विकल्प अर्को दलाल पुँजीवादी व्यवस्था हुन सक्दैन जस्तो संसद्वादीहरूले दलाल पुँजीवादलाई लोकतन्त्र भन्ने गरेका छन् र बारम्बार भन्ने गरेका छन्, ‘लोकतन्त्रको विकल्प लोकतन्त्र मात्र हुनसक्छ’ अथवा उनीहरूका निम्ति दलाल पुँजीवादको विकल्प दलाल पुँजीवाद मात्र हुनसक्छ। संसद्वादीहरूको यसप्रकारको वैचारिक, राजनीतिक दिवालियापन र पूरै झूटको उजागर हाम्रो पार्टीले गर्‍यो र हाम्रो पार्टीले स्पष्ट गर्‍यो- दलाल पुँजीवादको विकल्प दलाल पुँजीवाद होइन, दलाल पुँजीवादको विकल्प वैज्ञानिक समाजवाद मात्र हुनसक्छ। यो तथ्य हामी सबैलाई थाहा छ। यो तथ्य सम्पूर्ण नेपाली जनतालाई थाहा छ, अहिले यसप्रकारको विचार र अडानमा हाम्रो पार्टी र हामीसँग अधिक मात्रामा राजनीतिक, वैचारिक र वर्गसङ्घर्षको सिद्धान्तमा सहमत हुने केही कम्युनिस्ट पार्टीहरू मात्र छन्।

हामीले राजनीतिक आन्दोलनको अभियानमा संसद्वादीहरूले देश र जनताप्रति गरेको षड्यन्त्र, महान् जनयुद्ध र समाजको आमूल परिवर्तनका विरुद्ध गरेको बेइमानी र उनीहरूको साम्राज्यवादप्रतिको गुलामीको सैद्धान्तिक विरोध मात्र गरेनौँ, यसलाई कार्यान्वयन गर्नका लागि ठूलो सङ्घर्ष पनि गर्‍यौँ। एनसेल कम्पनीसँग गरिएको राष्ट्रघात, माथिल्लो कर्णाली, अरुण तीन, कोसी उच्चबाँध, माथिल्लो मर्स्याङ्दी २ लगायत तमाम प्राकृतिक स्रोतमा भएका राष्ट्रघात सच्याउन दबाब दिँदै सशक्त प्रकारका वर्गसङ्घर्षका कामहरू गर्‍यौँ। जनताको परिवर्तनका विरुद्ध गद्दारी गरिने संविधान र त्यसले पुनर्स्थापित गरेको संसदीय व्यवस्थाको चुनाव बहिष्कार गर्‍यौँ। यसले नेपाली सत्ताको प्रतिगामी चरित्र बुझ्न जनतालाई ठूलो मद्दत गर्‍यो जसका कारण यो दलाल पुँजीवादका मसिहा, सामाजिक दलाल पुँजीवादका ठेकेदारहरूले हाम्रो पार्टीमाथि प्रतिबन्ध लगाउन पुगे।

कानुनी राज्य स्थापना भएको वकालत गर्ने सरकारको जङ्गली हविगत प्रतिबन्धका बीचमा देखापरे र कतिसम्म रोचक प्रसङ्गहरू देखापरे भने सरकार हाम्रा नेता र कार्यकर्ता गिरफ्तार गर्छ, अदालत रिहा गर्छ। सरकार अदालतको फैसला लत्याउँदै पुनः गिरफ्तार गर्छ। सरकार वार्ताको डङ्का पिट्छ तर एजेन्डा राजनीतिक समाधान गर्ने होइन, संसद्वादअघि आत्मसमर्पण गराउन खोज्छ। सरकारको दमनको कार्यसूची हुन्छ, शान्ति, परिवर्तन, समृद्धि समाजमा स्थापना गर्ने कुनै एजेन्डा हुँदैन। सरकार आफैँ हतियार उठाउँछ, नेता र कार्यकताको हत्या गर्छ। अहिले नै हतियार नउठाएको हाम्रो पार्टीसँग हतियार बिसाउन माग गर्छ। गिरफ्तार परेका कार्यकर्ताको व्यक्तिगत स्वतन्त्रताको हनन गर्दै कहीँ आत्मसमर्पण गराउँछ, कहीँ कागज गराउँछ, कहीँ आर्थिक प्रलोभन गराउँछ र आफू जसरी नीति र सिद्धान्तबाट च्यूत भएको छ सबै क्रान्तिकारीहरूलाई त्यसैगरी च्यूत बनाउन खोज्छ। सरकारबाट मानिसका बुर्जुवा प्रजातन्त्रमा हुने सामान्य प्रकारको व्यक्तिगत स्वतन्त्रता, कानुनको राज्य, मानवअधिकार सबै ध्वस्त पारिन्छ। नागरिकलाई संसद्वादी दासता स्वीकार गर्न विवश पारिन्छ। यो के हो ? यो हो संसद्वादी सत्ताको पतनशील पक्ष। मैले अर्को लेखमा लेखेको थिएँ, यो सत्ताको कामलाई ‘सङ्क्षेपमा भन्ने हो भने सामाजिक दलाल पुँजीवादी सरकारका विशेषता नेपालका सन्दर्भमा निम्नअनुसार देखापर्छन् : कुरा एउटा गर्ने काम अर्को गर्ने, भ्रम एउटा छर्ने, एक्सन अर्को गर्ने, बोली एउटा गर्ने व्यवहार अर्को गर्ने यसका प्रमुख विशेषताहरू हुन्। माके-एमाले मिलेर बनेको सरकारी नेकपाका अहिलेका मूल विशेषताहरू निम्न देखा पर्छन् :

प्रथम, आफूलाई कम्युनिस्ट भन्ने, व्यवहारमा कम्युनिस्टमाथि दमन गर्ने, द्वितीय, पार्टीको नीति समाजवाद भन्ने, व्यवहारमा एकाधिकार पुँजीवादको सेवा गर्ने, तेस्रो, भनाइमा सर्वहारा वर्ग तथा उत्पीडित जनताका पक्षमा भएको दाबी गर्ने, व्यवहारमा दलाल पुँजीवादको सेवामा उभ्याउने, चौथो, आफ्ले भ्रष्टाचार नगर्ने र गर्न पनि नदिने भाषण गरिरहने, व्यवहारमा सम्पूर्ण संयन्त्रलाई भ्रष्टाचारका अखडामा बदल्ने, पाँचौँ, देशमा सुशासन ल्याउने कुराको वकालत गर्ने तर व्यवहारमा नातावाद, कृपावाद, अन्याय, अत्याचार, तस्करी, घुसखोरी गर्ने, छैटौँ, स्वाधीनताको नारा दिने तर व्यवहारमा राष्ट्रिय आत्मसमर्पण गर्ने, सातौँ, देशमा औद्योगिकीकरणको नारा दिने तर व्यवहारमा देशका सम्पूर्ण उद्योगहरूको अन्त्य गर्ने, आठौँ, आर्थिक समृद्धिको कुरा गर्ने, व्यवहारमा मिटर ब्याजको प्रयोग गरी जनताको उठीबास लगाउने, नवौँ, राष्ट्रिय सम्मानको कुरा गर्ने, व्यवहारमा साम्राज्यवादीका अगाडि लम्पसार पर्ने र देशको बेइज्जती गर्ने, दसौँ, उच्च प्रकारको संस्कृतिको कुरा गर्ने तर व्यवहारमा देशभित्र बेस्यालय खोल्नका लागि वकालत गर्ने र अर्काकी श्रीमतीसँग गुपचुप रमाउने, एघारौँ, नाममा लोकतन्त्र, व्यवहारमा फासिवाद लागू गर्ने उनीहरूको चरित्र बनेको छ। यी तथ्यहरूको विश्लेषण, भन्डाफोर, जनतालाई आन्दोलित र सङ्घर्ष गरेकै कारण हामीमाथि प्रतिबन्ध लगाइएको छ।

तर हाम्रो कार्यकर्ताहरू जसले आत्मसमर्पण गरेका छन् तिनीहरूले यो तथ्यलाई बुझेका छैनन्, यो सङ्घर्षको उचाइ कति माथि छ, यो सङ्घर्षको भविष्य कति उज्ज्वल छ किनभने प्रतिबन्ध, दमन र हत्यासम्म सरकारले यसकारणले गरेको छ, हाम्रो पार्टीको वर्गसङ्घर्ष र त्यसको निर्देशन गर्ने एकीकृत जनक्रान्ति नै यो सत्ताको चिहान खन्ने मलामी बन्दैछ। ओज र गरिमा पार्टीको नीतिमा अडिग रहने योद्धाहरूको नैतिक तागतमा प्रज्वलित हुन्छ जसले सत्ताका जेल र हिरासतका अनेक प्रताडनाका विरुद्ध सशक्त सङ्घर्ष गर्नुभएको छ। यही नैतिक तागतको त्रास सामाजिक दलाल पुँजीवादीहरूमा छ र त्यही अन्तिम दिन आउने खतरा रोक्नका लागि यी हर्कतहरू भइरहेको छ। हाम्रा कार्यकर्ताहरूले यो तथ्यलाई राम्रो गरी बुझ्नु आवश्यक छ। कम्युनिस्टहरूको बाटो धेरै लामो छ, कम्युनिस्टको प्रतिबद्धता धेरै ठूलो छ, विश्व बदल्ने कम्युनिस्टको बाटो निकै अप्ठ्यारो छ, यतिबेला हामीले माओको त्यो भनाइलाई आत्मसात गर्नुपर्छ ‘बाटो कठिन छ तर भविस्य उज्ज्वल छ।’

**समाज परिवर्तनका लागि गिरफ्तार हुनु अपराध होइन**

गिरफ्तार पर्नेबित्तिकै आत्मसमर्पण गर्नु, पलायन हुन खोज्नु, निरास हुन खोज्ने प्रवृत्तिले एउटा अनौठो सन्देश दिन खोजेको देखिन्छ। त्यसले जेल र हिरासतलाई बुझ्ने प्रश्नमा कहीँ कतिपय नेता र कार्यकर्ताको दृष्टिकोण नपुगेको त होइन ? भन्ने प्रश्न जन्माइदिएको छ। के समाज परिवर्तनका लागि गिरफ्तार हुनु, जेल बस्नु, अझ जीवन बलिदान दिनु प्रतिक्रियावादीले लुटेराहरूले भनेजस्तो अपराध हो ? के त्यसप्रकारको राजनीतिक सङ्घर्ष गर्नु प्रतिक्रियावादीहरूले भनेजस्तो आतङ्कवाद हो ? बिल्कुल होइन। यसप्रकारको अपराधको भागीदार त ती मानिसहरू

... बाँकी पृष्ठ ५ मा

# कालापानी समस्या र समाधान



भरत बम 'रणवीर'

*जनताको न्यायको आवाज सम्बोधन गर्दै सिमाना तारबार लगाउने, राष्ट्रिय स्वयम्सेवा अभियान सञ्चालन गर्नुपर्छ। आफ्नो भूगोलसहितको नक्सा सार्वजनिक गर्नुपर्छ। नेपालको पराजयमा भएका विगतका असमान सन्धिसम्झौता नमान्ने र खारेज भएको घोषणा गर्नुपर्दछ। मुख्य कुरा वर्तमान सरकार राष्ट्रियता र जनताको समस्या समाधान गर्न असफल भएको निष्कर्ष निकाल्नुपर्छ।*

हाम्रो देशको पश्चिमोत्तर सिमानाको कालापानीलगायत ठूलो भूभागलाई समेटेर भारतले सार्वजनिक गरेको पहिलो राजनीतिक नक्साले सबै स्वाभिमानी नेपालीलाई पुनः एकपटक नराम्ररी झस्काएको छ। यद्यपि यो नक्सा नयाँ भने होइन। परिणामतः सरकारलगायत सम्पूर्ण देशभक्त नेपालीले त्यसको विरोध गरेका छन् । यसरी पुरानो संवेदनशील राष्ट्रिय समस्यामा बृहत् राष्ट्रिय एकताजस्तै देखिएको छ तर विगत लामो समयदेखि बल्झिरहने र सचेत नेपालीलाई झस्काइरहने यो समस्या अब के साँच्चै समाधान हुन्छ त ? चौतर्फी चिन्ता र चासो छ जो स्वाभाविकै हो। त्यसैले यो समस्याको कारण, समाधानका परम्परागत विधि र सीमाका साथै वैज्ञानिक नयाँ उपाय के हुन सक्छन् ? गम्भीर बहस र सकारात्मक परिणामको आवश्यकता छ। यिनै विषयमा सङ्क्षिप्त चर्चा गरौँ।

**समस्याको कारण**

नेपाल र नेपालीमाथि विदेशी हस्तक्षेप, विशेषतः भारतीय थिचोमिचो नयाँ होइन, यो सुल्झिनेभन्दा पनि बल्झिरहने पीडादायी समस्या बनेको छ। यो समस्या भनेको एक सचेत नागरिकका लागि जवान भैसकेका छोराछोरीका सामु दुस्मनले बाबुलाई बन्धक बनाई आमालाई बलात्कार गर्दा पनि प्रतिवाद गर्न नसक्दा पैदा हुने समस्याजस्तै हो जो अझै हल भैसकेको छैन । त्यसैले संविधानमा 'एक सार्वभौमसम्पन्न स्वतन्त्र देश नेपाल' भनेर मात्र नहुने रहेछ । वास्तवमा जसरी हाम्रो देश कुनै पनि साम्राज्यवादी शक्तिको पुनर्उपनिवेश कहिल्यै भएन ठीक त्यसरी सन् १८१६ को सुगौली सन्धिपछि पुनर्स्वतन्त्र पनि रहने र अर्धऔपनिवेशिक देश बन्यो। वस्तुतः त्यही अङ्ग्रेज साम्राज्यको विरासतलाई पछ्याउँदै सधैँ भारतले नेपाललाई सताइरह्यो, नियन्त्रण र निर्देशित गरिरह्यो । यही प्रक्रियाको पछिल्लो कडी नक्सा सार्वजनिक गर्ने हो । त्यसैले देशमाथि वैदेशिक हस्तक्षेपको मुख्य कारण भनेको अर्धऔपनिवेशिकता हो साथै देश र जनताको स्वतन्त्रता र प्रगतिको बाधक पनि हो। क्रान्तिको एक अभिभारा यही अर्ध-औपनिवेशिकताको अन्त्य थियो । यसरी विचार गर्दा नेपाली क्रान्ति अधुरै रहेको सजिलै देखिन्छ। क्रान्ति पूरा नहुनुको परिणाम देश अर्ध-उपनिवेशबाट मुक्त हुनुको सट्टा नवउपनिवेश बन्दैछ । आजका साम्राज्यवादी शक्तिहरूको नवउपनिवेशवादी नीति नयाँ रूपमा कायमै छ। स्वयम् भारत एक साम्राज्यवादी शक्तिमा परिणत भएको छ । उसले स्वतन्त्र देश खाएर यही पुष्टि गरेको छ। एकातिर भारतलगायत अन्य साम्राज्यवादी शक्तिहरू नेपाललाई आफ्नो प्रभावमा नियन्त्रण राखिराख्न चाहन्छन् भने अर्कोतिर देशभित्र राष्ट्रिय आत्मसमर्पणवादका कारण स्वाधीनताको आन्दोलन कमजोर बन्न गएको छ। तत्कालीन माओवादीको मूल नेतृत्वको राष्ट्रिय आत्मसमर्पणवादी विचलनसँगै पतन हुनुले यो स्थिति पैदा भएको हो। त्यसैले आजको हाम्रो देश एकदमै परनिर्भर र कमजोर बन्दै गएको छ भने वैदेशिक हस्तक्षेप झन् बढेर गएको छ । यसमा शासकले दिएको 'आर्थिक क्रान्ति' को नाराले झन् जटिलता मात्र थपेको छ।

कुनै पनि समस्याको सही समाधान त्यतिबेला हुन्छ जतिबेला समस्याको प्रमुख कारण पत्ता लगाई हल गरिन्छ । यसरी हेर्दा हाम्रो देशमाथि बाह्य हस्तक्षेपको प्रमुख कारण अर्ध-औपनिवेशिकता तथा नवऔपनिवेशिकता हो तर यसमा देशभित्र मत एकमत छैन। गैरकम्युनिस्ट शक्तिहरू यो तथ्य मान्दैनन् भने कम्युनिस्ट पृष्ठभूमिका शक्तिहरू पनि सडकबाट सरकारमा पुग्दा बिर्सिदिन्छन्। अझ स्पष्ट भाषामा भन्दा सरकारमा जानका लागि आफ्ना मूल्यमान्यताको परित्याग गर्दछन् । त्यसैले समस्या समाधान हैन जटिल बन्ने गरेको छ समस्याको वैज्ञानिक समग्र स्थायी समाधान भएको छैन।

**परम्परागत मान्यता**

विगत कालमा ती तथाकथित कम्युनिस्ट हुन् चाहे ती गैरकम्युनिस्ट, राजावादी वा प्रजातान्त्रिक शक्ति नै किन नहुन्, यिनीहरूमा कहिलेकहीँ कसैकसैले राष्ट्रिय अडान लिए पनि आफ्नै सीमा र मान्यताका कारण वस्तुतः राष्ट्रलाई पूर्णतः स्वतन्त्र बनाउन असफल रहे र देश अर्धऔपनिवेश रहिरह्यो । त्यसैले त्यो सत्ता र शासक वर्गको परम्परागत मान्यता के थिए ? पहिचान गरी परिवर्तन गर्न आवश्यक छ। ती पुराना मान्यता के थिए त ? पहिलो समस्याको प्रमुख कारण नै पत्ता लगाउन नसक्नु अर्थात् देश अर्धउपनिवेश नमान्नु हो । दोस्रो, शक्ति र सत्ता प्राप्ति र रक्षाका लागि राष्ट्रियतालाई केबल उपयोगको साधन मात्र बनाउनु । तेस्रो, समस्याको कारकलाई खुसी बनाएर हल गर्न खोज्नु । चौथो, समस्या समाधानका लागि जनताको साथ लिनुको सट्टा जनतामा भ्रम छर्नु र दमन गर्नु जस्तो कि राजनीतिक क्रान्ति पूरा नहुँदै आर्थिक क्रान्तिको नारा दिनु । पाँचौँ, राष्ट्रियताको समस्याको समग्र वैज्ञानिक समाधान होइन, आंशिक रूपवादी समाधान दिनु...आदि थिए जो प्रभावहीन र असफल साबित भएका छन् ।

हामी सबैलाई थाहा छ- इतिहासमा दासले दासमालिकलाई, किसानले जमिनदारलाई, सर्वहाराले पुँजीपतिलाई र उपनिवेशले साम्राज्यवादीलाई खुसी बनाएर कहिल्यै मुक्ति पाएनन् । नेपाल मात्र त्यसको कसरी अपवाद हुन्छ र ? भारतलाई खुसी बनाएर कालापानीको समस्या कसरी समाधान होला र ? त्यसो भए के उसलाई दुःखी बनाउने हो र ? होइन । त्यसैले फेरि पनि परम्परागत मान्यता दोहोरिनेछन् । नेपाल-भारत सम्बन्ध सुमधुर रहिआएको भए पनि कालापानी, सुस्तालगायत केही समस्या रहेको तथ्यको स्वीकारोक्तिसहित समस्याको कूटनीतिक समाधान गर्ने प्रतिबद्धता पुनः व्यक्त गरिनेछ। त्यसका लागि आवश्यक संयन्त्र बनाइनेछ वा समस्या समाधानको निर्देशन दिइनेछ। जनतालाई यो गम्भीर ऐतिहासिक समस्या समाधानमा धैर्यको अपिल गरिनेछ समयक्रमसँगै जनता पनि सेलाउँदै जानेछन् र समस्या निरन्तर रहिरहनेछ। आजको रोचक पक्ष के छ भने कोही पनि राष्ट्रविरोधी शक्ति देखिएको छैन । यो राष्ट्रवादी प्रतियोगिताको प्रतिस्पर्धाको शीर्ष स्थानमा प्रधानमन्त्री खड्गप्रसाद वली छन् । त्यसैले उनी भन्दैछन्, 'कालापानीबाट सेना फिर्ता लैजानुहोस्, हामी एक इन्च भूमि छाड्दैनौँ । अतिक्रमित भूमि सबै फिर्ता लिई छाड्नेछौँ ।' यो 'साहसिक' घोषणाका लागि हामी धन्य छौँ तर यो सन्दर्भमा लेनिन सम्झौता 'घोषणाका लागि त पुँजीवाद छँदैछ तर कार्यान्वयनको लागि वैज्ञानिक समाजवाद चाहिन्छ ।' हो, आज सरकार केबल घोषणामै सीमित छ । राष्ट्रवाद पनि घोषणामै हुने हो । जे भए पनि वली सरकारको चासो परीक्षा हुँदैछ । पछिल्लो नाकाबन्दीपछि राष्ट्रवादको पगरी गुथेका वलीको त्यो पगरी श्रीपेचमा परिणत भई जगमगाउनेछ वा धोतीमा परिणत भई फुस्केर उदाङ्गिनेछ त्यो हेर्न केही समय कुर्न पर्नेछ तर सबैले भन्दैछन् सिमानाको समस्या यतिबेला हल भएन भने कहिल्यै हुँदैन । हाम्रो कटुसत्य के छ भने वर्तमान सत्ता र सरकारले यो समस्या हल गन सक्दैन । मात्र अझ कलात्मक ढङ्गले जनतालाई भुलभुलैयामा पार्न सक्छ किनभने देश नवउपनिवेश छ । दलाल पुँजीवादले शासन गरिरहेछ समस्या समाधानका परम्परागत मान्यता निरन्तरतामा छन् ।

**वैज्ञानिक समाधान**

राष्ट्रियताको समस्या विदेशी शक्तिद्वारा प्रभावित र नियन्त्रित सत्ता र सरकारबाट होइन, जनताद्वारा नियन्त्रित सत्ताबाट मात्र समाधान हुनसक्छ। वर्तमान सरकार जननिर्वाचित हो तर जननियन्त्रित होइन । यो विदेशी प्रभावबाट मुक्त छैन । त्यसैले समस्या समाधानका लागि वैकल्पिक वैज्ञानिक विधि अपनाउन आवश्यक छ। त्यसका लागि सडकको जनदबाब अपरिहार्य छ । विज्ञ-बौद्धिकहरूको खबरदारी र युवा-विद्यार्थीहरूको सडकको उपस्थिति कमजोर हुनु हुँदैन तर प्रधानमन्त्रीले सडकलाई लक्षित गर्दै 'उच्छृङ्खल गतिविधि' रोक्न भनिसकेका छन् । समस्याको राजनीतिक हल खोज्न र कार्यकारी प्रमुखको उच्च तहमा वार्ता हुन जरुरी थियो तर कर्मचारीतिर सार्दै पुरानै संयन्त्र परिचालन गरिँदैछ । हाम्रो नयाँ नक्सा सार्वजनिक गर्ने प्रश्न मजाकमा उडाइँदैछ । साँच्चै सरकार कालापानीलगायत सीमा समस्या हल गर्न गम्भीर पहल गरी निष्कर्ष दिन चाहन्छ भने तत्काल हाम्रो खुला सिमाना नियमन गर्न ठोस कदम चाल्नुपर्छ । अमूर्त कुरा गरेर पन्छिन हुँदैन । एकातिर बेकामे बन्दै गएका भए पनि अन्तर्राष्ट्रिय सङ्घसंस्था- अन्तर ाष्ट्रिय अदालत, संयुक्त राष्ट्रसङ्घ) को सहयोग लिनु पर्दछ । अर्कोतिर निश्चित समयमा समाधान निस्किएन भने विगतका भारतसँगका असमान सन्धिसम्झौता खारेज गर्ने हिम्मत गर्नुपर्दछ। समस्या समाधान नहुन्जेल जनताको सडकको उपस्थितिको स्वागत गर्नुपर्दछ। तर सरकार 'कालापानी हाम्रो हो' भन्दै सडकमा निस्केका विप्लव नेतृत्वको नेकपा सम्बद्ध विद्यार्थीलाई देखिसहँदैन र मुद्दा लगाउँछ । यहाँ स्मरणीय के छ भने लिपुलेकको सम्झौता हुँदा सबैभन्दा अग्रमोर्चामा रहेर सङ्घर्ष गर्ने पार्टी र विद्यार्थी यिनै हुन् । मुख्य कुरा सरकार कालापानीलगायतको सीमासमस्या तुरुन्तै हल भैहाल्ने ठान्दैन, भैहाल्ने भए पनि गर्न चाहँदैन किनभने एकातिर ऊ अर्को चुनावमा एजेन्डाविहीन हुन्छ भने अर्कोतिर 'आर्थिक क्रान्ति' को नारा पनि छोड्न सक्दैन हो यसबाट के स्पष्ट हुन्छ। विप्लव नेतृत्वको नेकपाले भनेझैँ देश नवउपनिवेश बनेको छ। दलाल पुँजीवादी संसदीय राज्य कायम छ जोसँग जनताको अन्तरविरोध रहेको छ । यही प्रमुख अन्तरविरोध हल गर्न एक अर्को राजनीतिक क्रान्ति आवश्यक छ।

यसरी हेर्दा हाम्रो देशमाथि वैदेशिक हस्तक्षेपमा साम्राज्यवादी शक्ति जति दोषी छ। त्योभन्दा बढी देशकै दलाल राज्यशक्ति जिम्मेवार छ । त्यसैले नेकपाले राष्ट्रिय स्वाधीनताको सङ्घर्षलाई नयाँ उचाइमा उठाउनुपर्छ । यो सङ्घर्षमा सहयोग र सहकार्यका लागि सेनालाई अपिल गर्नुपर्दछ । भविष्यमा सीमाविद् बौद्धिकहरू, युवा विद्यार्थीहरू, सच्चा देशभक्त, प्रगतिशील वामपन्थी लोकतान्त्रिक गणतान्त्रिक र कम्युनिस्ट शक्तिहरूको एक सर्वपक्षीय जनसम्मेलन आयोजना गर्नुपर्दछ। यसले जनताको न्यायको आवाज सम्बोधन गर्दै सिमाना तारबार लगाउने, राष्ट्रिय स्वयम्सेवा अभियान सञ्चालन गर्नुपर्छ। आफ्नो भूगोलसहितको नक्सा सार्वजनिक गर्नुपर्छ । नेपालको पराजयमा भएका विगतका असमान सन्धिसम्झौता नमान्ने र खारेज भएको घोषणा गर्नुपर्दछ । मुख्य कुरा वर्तमान सरकार राष्ट्रियता र जनताको समस्या समाधान गर्न असफल भएको निष्कर्ष निकाल्नुपर्छ। जननियन्त्रित एकीकृत शक्ति निर्माणका लागि अघि बढ्नुपर्छ । यसरी जनबलमा खडा जननियन्त्रित नयाँ शक्तिले मात्र राष्ट्रियतालगायत जनताका समस्याको सही समाधान दिनेछ । समस्या समाधानको वैज्ञानिक विधि यही हो। ढिलो-चाँडो नेपालीले आत्मसात गर्नुपर्ने बाटो पनि यही नै हो किनभने क्रान्तिकारी प्रक्रियाबाट नगुज्री ठूला र जटिल समस्या समाधान हुँदैनन् । जनताबाट अलग्गिएको शक्तिले न यो समस्या हल गर्नसक्छ, न त हल गर्न नै जरुरी हुन्छ।

अन्त्यमा, नेपाली स्वयम् सचेत र आन्दोलित हुँदैनथे भने हाम्रो देश उहिल्यै सिक्किम र भुटानजस्तै भारतको अधीनस्थ भैसकेको हुन्थ्यो । अवश्य पनि हामीले बिर्सनेछैनौँ हाम्रा पुर्खालाई जसको त्याग, तपस्या र बलिदानीमा यो देश बन्यो । हाम्रा पूर्वजप्रतिको सम्मान र गौरवको अर्थ उनका सीमा र कमजोरी स्वीकार्न होइन । त्यसैले राष्ट्रिय समस्या समाधानको परम्परागत तरिकाको ठाउँमा वैकल्पिक वैज्ञानिक विधिको खोजी अहिलेको प्रमुख आवश्यकता हो । कालापानीबाट भारतीय सेना सजिलै फिर्ता जान्छ भनी सोच्नु केटाकेटीपन हो। आजको भारतीय संस्थापन पक्षले नेपाललाई सम्मानजनक रूपले अतिक्रमित भूभाग फिर्ता गर्ला भनेर सोच्नु झन् सतही बुझाइ हो। त्यसैले निर्णयको स्वतन्त्रता नगुमाएको जननियन्त्रित बलियो राष्ट्रिय नेतृत्वको निर्माणले मात्र समस्याको सही समाधान हुन्छ र यस्तो नेतृत्वको निर्माण राष्ट्रिय स्वाधीनताको सङ्घर्षको बीचबाट मात्र हुन्छ। वर्तमान सरकारले त समस्या उठान गऱ्यो, यतिमा सन्तोष गर्नुपर्छ।

*(नेकपाका पूर्वपोलिटब्युरो सदस्य रणवीरलाई सरकारले झूट्टा मुद्दा लगाएर बर्दिया कारागारमा बन्दी बनाएको छ- सम्पादक।)*

# प्रचारयुद्ध र अध्यक्ष माओ



अनिल शर्मा 'विरही'

दुस्मनका भ्रमहरूलाई भन्डाफोर गर्न, राम्रा भएगरेका र गर्नुपर्ने कामहरू स्थापित गर्न प्रचार सङ्गठनको आवश्यकता पर्छ। सही विचार र सूचनाको प्रचार नगरी, खराब विचारको खण्डन र आलोचना नगरी सत्यलाई स्थापित गर्न सकिन्न। सबै विषालु झारपात उखेलेर फाल्नैपर्छ । प्रचारात्मक कामलाई व्यवस्थित नगरी जनमत निर्माण गर्न सम्भव छैन । त्यसैले कार्ल मार्क्स र लेनिन आफैँले लेखन र सम्पादनको कामलाई प्रत्यक्ष नेतृत्व गर्नुभएको थियो । मार्क्स र लेनिनको दर्शन र राजनीतिबाहेक सम्पादन, लेखन व्यक्तित्व पनि थियो। अध्यक्ष माओले पनि सूचना, सञ्चार, लेखन र प्रकाशनको कामलाई महत्वपूर्ण रूपले हेर्नुभयो र नेतृत्व गर्नुभयो। आज साम्राज्यवादले बमवर्षा गर्नुभन्दा पहिले प्रचारयुद्धलाई तीव्र पारेको छ र विभ्रमद्वारा आफ्ना अपराधहरू छोप्ने र भ्रमित जनमत निर्माण गरेको छ। त्यसैले प्रचारकार्य युद्धकै अङ्ग बन्न गएको छ।

(१)

माओले क्रान्तिको अरू काम जसरी नै प्रचारको कामलाई पनि जनशैली अपनाएर, पार्टी र जनतामा भर परेर सम्पन्न गर्नुपर्ने धारणा राख्नुभयो । सूचना, समाचार, लेख, अनुभूति, घटना, कारबाहीको स्रोत जनताका बीचमा काम गरेका कार्यकर्ता, नेता र जनता हुनुपर्ने, अन्यथा अखबार मनोगतवाद र सतही हुन जाने बताउनुभयो। माओ भन्नुहुन्छ, 'अखबार चलाउनु पनि अरू काम गर्नुजस्तै हो । यो काम राम्ररी गर्ने र त्यसलाई सजीव तुल्याउने हो भने दिलोज्यानले काम गर्न आवश्यक छ। अखबारहरू चलाउने काम पनि हामीले हरेक जनतामाथि, व्यापक जनसमूहमाथि, सिङ्गै पार्टीमाथि भर पर्नैपर्छ, बन्द ढोकाभित्र काम गर्ने मुठीभर मानिसमाथि मात्र भरपर्ने गर्नु हुँदैन।'

(माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ४, पृष्ठ २६३)

हामीले सञ्चार र प्रकाशनको काममा जनशैली लागू गर्नु भनेको सूचना सत्य छन् र क्रान्तिको हितमा हुन्छन् भने जोखिम मोलेर भए पनि प्रवाहित गर्नुपर्छ। शासक वर्ग खुसी पार्ने वा जोखिमको रेखाबाट बाहिर बस्ने आशयले काम गर्नु हुँदैन। माओ भन्नुहुन्छ, 'हामी कम्युनिस्टहरूले आफ्नो दृष्टिकोण लुकाउने-छिपाउने कुरालाई सधैँ तिरस्कार गरेका छौँ । हाम्रो पार्टीको हातबाट चलाउने अखबारहरू र हाम्रो पार्टीको समस्त प्रचारकार्य सजीव, प्रष्ट र तिख्खर हुनुपर्छ र तिनले कहिल्यै पनि मसिनो स्वरमा गुनगुनाउने, कुरा चपाउने गर्नु हुँदैन।'

(उही, पृष्ठ २६७)

गहन विचार, सही सूचना र कलात्मक शैली यहाँ अपेक्षित हुन्छ। त्यसका लागि पार्टीपङ्क्ति र विशाल जनतामा भर पर्नैपर्छ।

(२)

सञ्चार क्षेत्र विचारधारात्मक सङ्घर्षको एउटा सशक्त माध्यम हो । दलाल पुँजीवादले देशको अस्तित्व नामेट पार्दै लगेको छ र जनतालाई बर्बादीको भड्खालोतिर धकेलिरहेको छ। त्यसको विरोधको स्वर निकाल्नेमाथि हत्या, दमन, उत्पीडन थोपरिरहेको छ। जनवैरी सञ्चारले तिनै जनदुस्मनका अपराधको गीत गाइरहेका छन् । तिनीहरूको भन्डाफोर गर्दै अध्यक्ष माओ भन्नुहुन्छ, 'साँचो कुरा भन्ने हो भने च्याङ काइसेक बन्दुक बोकेको हत्यारो हो र ल्याङ सु मिङचाहिँ कलम बोकेको हत्यारो हो। मानिसहरूलाई मार्ने दुईवटा तरिका हुन्छन् : एउटा तरिका हो बन्दुकले मार्नु र अर्को तरिका हो कलमले मार्नु। कलमले मार्नुचाहिँ अति नै कलापूर्ण ढङ्गले छद्म रहेको र रगत नबगाईकन मार्ने तरिका हो। हो, तिमी त्यसैप्रकारको हत्यारा हौ।'

(माओ त्सेतुङका सङ्कलित रचनाहरू, भाग ५, पृष्ठ ८९)

जनयुद्धको समय, सङ्कटकाल घोषणा भएको समय थियो । तत्कालीन एमाले पार्टीका नेता, लेखक रघुजी पन्त, नारायण ढकाललगायतले 'बन्दुक बोक्नेलाई मात्र होइन, बन्दुकको गीत गाउनेहरूलाई पनि कारबाही गर्नुपर्छ' भनेर लेखेका थिए। त्यसलगत्तै कृष्ण सेन 'इच्छुक' को हत्या भएको थियो । तसर्थ जनपक्षीय सञ्चार र सञ्चारकर्मीहरूले नेपालका ल्याङ सुमिङहरूका विरुद्ध निरन्तर कलम चलाउन आवश्यक छ। त्यसका निम्ति हाम्रो विचार, शैली र तथ्यहरू गहन हुनुपर्छ। त्यसका लागि कडा परिश्रम आवश्यक छ।

अध्यक्ष माओले पार्टीका लेखक, कलाकार, आलोचक र प्राध्यापकहरूले किसानले खेतबारीको झारपातउखेलेरफालेझैँविचारधारात्मकक्षेत्रकाझारपात उखेलेर फाल्नुपर्छ भन्नुभएको थियो। दर्शन र राजनीतिमा दख्खल भएन, गहन अध्ययन गरिएन भने अखबारी टिप्पणीले विषालु झारपात कसरी उखेलिएला। माओले लेखहरू तार्किक हुनुपर्ने, आफ्ना विश्लेषणहरूलाई तथ्य र सूचनाद्वारा पुष्टि गर्नुपर्ने, लेखको भूमिका, मध्यभाग र निष्कर्षको आपसी दातात्म्य हुनुपर्ने, शब्दभण्डार र व्याकरणका नियमहरू ख्याल गर्नुपर्ने, आलङ्कारिक र सीधा प्रस्तुतिको सही प्रयोग गर्नुपर्छ भन्नुभएको थियो । अध्यक्ष माओ भन्नुहुन्छ, '...तर्कसङ्गत हुनु, व्याकरणसङ्गत हुनु र अलङ्कारमाथि राम्रो दख्खल प्राप्त गर्नु तीनवटा मूल कुरा यिनै हुन्।'

(उही, पृष्ठ १८३)

अध्यक्ष माओले लम्बेतान र निस्सार लेखनलाई अपरिपक्वताको चिह्न भन्नुभएको छ। छोटोभन्दा छोटो स्थान र समयमा ठूलो कुरा कसरी प्रवाह गर्ने ? अर्थात् 'सानो स्वरमा ठूलो कुरा' कसरी प्रवाह गर्ने ? हाम्रो चुनौती हो। समाजको मनोविज्ञान, परिस्थिति र उठ्दै गएको सामाजिक चेतनाका कारण पनि त्यसप्रकारको चुनौती बढ्दै गएको छ । विगत दुई दशकअगाडिको पुस्ताभन्दा आजको युवा पुस्ताको चेतनास्तर उच्च बन्दै गएको छ। त्यसैले दलाल पुँजीवादले शीघ्रतामा भ्रष्टीकरण पनि गरिरहेको छ । कलात्मक गुण, तथ्य र तर्कहरूको सट्टा गालीगलौज गर्ने शैलीलाई चीनका लोकप्रिय मार्क्सवादी लेखक लुसुनले 'गालीगलौज गर्नु र धम्की दिनु कुनै लडाइँ होइन' भन्नुभएको छ।

(माओ त्से तुङका सङ्कलित रचनाहरू, भाग ३, पृष्ठ ३७)

चिलीका प्रसिद्ध कवि पाब्लो नेरुदाले आफ्ना कविताहरूलाई दुस्मनका विरुद्ध जनकारबाही भन्नुभएको थियो । हाम्रा अखबारहरू पनि जनताका लागि श्रवणकुमार बन्नुपर्छ र दलाल पुँजीवादका लागि भाटे कारबाहीसरह लालआतङ्कको पर्याय बन्नुपर्छ। त्यसो भएन भने हाम्रो औचित्य पुष्टि गर्न सकिन्न।

(३)

मार्क्स, लेनिन र अध्यक्ष माओको समयमा अखबार र छापामाध्यम नै सूचना र विचारधारात्मक सङ्घर्षका माध्यमहरू थिए । आज ध्वनि हुँदै इलेक्ट्रोनिक माध्यमसम्म पुगेको छ । हिटलरको सञ्चारमन्त्रीको प्रचारयुद्ध विषयको चर्चा इराकमा अमेरिकी हमलासम्म पुगेको छ। इराकमा अमेरिकाले बमवर्षा गर्नुभन्दा अगाडि नै साम्राज्यवादद्वारा संरक्षित सञ्चारका क्यामेराहरू तैनाथ गरिएका थिए। आक्रमण गर्नुभन्दा अगाडि नै सञ्चारले बम आक्रमणका लागि जनमत बनाइसकेका थिए । त्यसैले अध्यक्ष माओको जनयुद्धबाट शिक्षा लिनेहरूले प्रचारयुद्ध, विचारधारात्मक सङ्घर्षमा गुणात्मक विकास गर्नुपर्छ।

(४)

सामाजिक चेतनालाई भुत्ते बनाएर, भ्रमित जनमत निर्माण गरेर, अन्धविश्वासी, शक्तिपूजक, उपभोक्तावादी पुस्ता तयार गरेर नै सत्ता-प्रायोजित विभ्रमको खेती फस्टाउन सक्छ। आजका सञ्चारको मूल प्रवृत्ति त्यही दिशामा प्रवाहित भइरहेको छ । समाचारगृहहरू शासकको कटालेयन्त्र बनेका छन्। फौजभन्दा अगाडि सञ्चारले युद्ध लडिसकेको हुन्छ। त्यसपछि बमगोला बोकेर फौज लगिन्छ। फौजको काम 'फिनिसिङ डिपार्ट' जस्तो भएको छ । जब यदाकदा अपवाद भएमा, गुटसङ्घर्षका कारण असहयोगी भएमा वा शासकको स्वार्थअनुकूल भएन भने सत्ताले आक्रमण सुरु गर्छ। अमेरिकाका ट्रम्प र भारतका अन्धराष्ट्रवादी, नश्लवादी शासकहरूले सञ्चारलाई निरुत्साहित गरिरहेका छन् भने नेपालको सामाजिक दलाल पुँजीवादी सरकारले देशभक्त र क्रान्तिकारी सञ्चारकर्मी, लेखक, कवि कलाकारमाथि दमन गरिरहेको छ । डोनाल्ड ट्रम्पले कतै भनेको थियो, 'म चतुर हिलारी क्लिन्टनका विरुद्ध होइन, धूर्त सञ्चारका विरुद्ध लडिरहेको छु ।' ट्रम्प र मोदी दुवै सञ्चारमार्फत आलोचक र जनतासँग दोहोरो संवाद गर्दैनन् । सामाजिक सञ्जालमार्फत एकतर्फी विचार प्रवाह गर्छन्। नेपालका शासकहरूले आलोचनात्मक चेतलाई निरुत्साहित गरिरहेका छन् । मानव जातिले सञ्चारमाध्यमलाई सामाजिक न्याय र सचेतीकरणको औजार (अस्त्र) मान्दै आएको छ । त्यसो हो भने सञ्चारमाध्यमले सामाजिक दायित्व बहन गर्नुपर्छ। आजभोलि सञ्चारमाध्यमहरू जनमुखी चरित्रबाट च्यूत भएर बजारमुखी भएका छन् । विचार प्रवाहको कामलाई निरुत्साहित गर्ने र बजार अर्थात् पुँजीवादको सेवा गर्ने खेल जोडतोडका साथले भइरहेको छ । दलाल पुँजीवादले उत्पादन गर्दैन र अर्काको उत्पादनको बजार व्यवस्था गरेर पेट पाल्छ । त्यसैले दलाल पुँजीवादलाई परजीवी (जुको) मानिन्छ। सञ्चारले आफ्नो मौलिक चरित्र गुमाएर परजीवी व्यवसायको रूप धारण गरिरहेको छ । बिचौलिया व्यापारीले कताबाट धेरै 'कमिसन' आउँछ भनेर नापेझैँ सञ्चारमाध्यमहरू एउटालाई खोइरो खनेर धेरैसँग कमण्डलु थापिरहेका छन् जसका कारण सञ्चारले विश्वास गुमाउँदै गइरहेका छन्। नाफा र सामाजिक दायित्व परस्पर विरोधी पक्षहरू हुन् । सञ्चारले यी दुवै काम एकसाथ गर्न सक्दैन। जसरी अरू कुनै संस्थाले त्यसो गर्न सकेका हुँदैनन्।

सङ्क्षेपमा भन्दा जहाँ सूचनाको केन्द्रीकरण हुन्छ, त्यहाँ नै चेतनाको केन्द्रीकरण पनि हुनजान्छ। दर्शन र सूचनाको द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ। सञ्चारमाध्यम समग्र विचारधारात्मक सङ्घर्षको एउटा सशक्त माध्यम भएका कारण यसले बजारमुखी नभएर जनमुखी क्रान्तिकारी चरित्र ग्रहण गर्नुपर्छ । सञ्चारकर्मीहरू जनताका बीचमा, लालसेनाका बीचमा, उत्पीडित समुदायका बीचमा जान आवश्यक छ । उनीहरूले अध्यक्ष माओको निर्देशन र जनशैलीलाई समात्नुपर्छ। देश र जनताका निम्ति लडिरहेका देशभक्त र क्रान्तिकारी पङ्क्तिसँगै आवश्यक पर्दा बलिदान हुन तयार हुनुपर्छ । 'येनान गोष्ठीमा साहित्य र कलाबारे प्रवचन' नामको निबन्धमा अध्यक्ष माओले त्यस विषयमा धेरै प्रेरणादायी विचार प्रवाह गर्नुभएको छ। त्यसलाई आत्मसात गरेर नै हामीले अध्यक्ष माओबाट सिक्न र आफूलाई कामकारबाहीमा धारिलो बनाउन सक्नेछौँ।

# आगामी निकासबारे चर्चा



ध्रुव घिमिरे

नेपाली समाज लामो सङ्घर्षको उतारचढावको बीचबाट अघि बढ्दै आएको छ । नेपालको राजनीतिक इतिहासमा २००७ सालको विद्रोह, २०२८ सालको झापा विद्रोह, माओवादीको नेतृत्वमा २०५२ फागुन १ गतेदेखि १० वर्ष जनयुद्ध भएको छ । अर्कोतर्फ २०३६ सालको जनमतसङ्ग्रह २०४६ सालको जनआन्दोलन, २०६२/०६३ को जनआन्दोलन भएका छन् । यी सबै सशस्त्र सङ्घर्ष र निःशस्त्र जनआन्दोलनहरू कुनै न कुनै सम्झौतामा टुङ्गिएका छन् जुन सम्झौताका कारण नेपाली जनता पटकपटक घात-प्रतिघातको सिकार बन्न पुगेका छन् । नेपाली जनतालाई सम्झौता धोका हो भन्दै पुनः सडक तताउनुपर्ने बाध्यता नेताहरूले उत्पन्न गराइरहेका छन् ।

संसारमा 'वीर गोर्खाली' को पहिचान कोरेको नेपाली समाज- गरिबी, भिखारी, नोकर, दासका रूपमा बदनाम भएको छ । नेपालको जनसङ्ख्या लगभाग ३ करोड मात्र छ त्यसमध्ये कानुनी गैरकानुनी गरी ७० लाख युवकयुवतीहरू संसारमा छरिएर सस्तो श्रम बेच्नुपर्ने बाध्यता छ । विदेशी भूमिमा त्यहाँको नागरिकसरह समान ज्यालाबाट वञ्चित बस्नु परेको तीतो यथार्थ छ । SLC, ब्याचलर र डिग्री पासका सर्टिफिकेट सिरानीमा राखेर साउदी अरबको ४५ डिग्री गर्मीमा गैंची-बेल्चा उचाल्नुपर्ने युरोप, अमेरिका पुगेर चौकीदार लेबर गर्नुपर्ने बाध्यता छ । सरकारी तथ्याङ्क हेर्दा नेपालबाट दैनिक दुई हजार (२०००) युवकयुवती विदेश पलायन भैरहेका छन् । काठमाडौँ विमानस्थलमा दैनिक सरदर तीनवटा त नेपालीहरूको लास (डेथ बडी) भित्रिने गर्छ । हाम्रोजस्तो सानो ३ करोड जनसङ्ख्या भएको मुलुकको ऋण हेर्दा साढे दस खर्व (१० १/२ खर्ब) पुगेको छ । जुन कुल जनसङ्ख्यालाई भाग लगाउँदा प्रतिव्यक्ति नेपालीको टाउकोमा पैँतीस हजार (३५,०००) ऋणभार पर्न जान्छ भनेर अर्थविद्हरू भनिरहेका छन् ।

नेपालमा आमूल परिवर्तनको सपना बाँडेर जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारीको ग्यारेन्टी गर्ने भनेर १० बर्से जनयुद्ध सञ्चालन भएको थियो । जनयुद्धका क्रममा १७ हजार सहिद/बेपत्ता बने । त्यसमध्ये ४५०० नागरिक अझै बेपत्ता छन्, बेपत्ता नागरिकबारे कुनै पनि सरकार 'चुँ' सम्म बोल्न सक्दैन । एकपटक काङ्ग्रेसनेता कृष्णप्रसाद भट्टराईले बेपत्ताबारे 'They are already killed' भने जुन गैरजिम्मेवार अभिव्यक्ति दिए, त्यसले बेपत्ता परिवारजनको घाउमा नुन-चुक दल्ने काम गऱ्यो । पटकपटक पुष्पकमल दाहाल/बाबुराम भट्टराई सहिद-बेपत्ताको बलमा सरकारको नेतृत्वमा पुगे तर विडम्बना! सहिदलाई सहिद भन्न नसकेर द्वन्द्वपीडितको अपमान गर्नुबाहेक मलम लगाउने कार्य नै गरेनन् । यसै क्रममा सुरक्षा निकायबाट २८०० भन्दा बढी मृत घोषणा भएको छ । १५०० घाइतेमध्ये २५० त पूर्ण अपाङ्ग भएको तथ्याङ्क सार्वजनिक भएको छ । विडम्बना, सत्ताको बागडोर समाल्ने नेपाली नेताहरू 'अन्धा' र 'बहिरा' बन्दै आएका छन् । नेताहरू कुर्चीमा पुगेपछि जनताका आवाज न सुन्न तयार हुन्छन्, न त जनताका समस्या देख्न तयार हुन्छन् । सरकार एकपछि अर्को भ्रष्टाचार, कमिसन खोर, सत्ता-लिप्सा कमाउ धन्धामै लिप्त भएको छ । प्रायः दैनिक हुने काण्डैकाण्डले नेपालको अर्थतन्त्र डामाडोल भएको छ । नेपाल राष्ट्र बैङ्कले गैरकानुनी ठहर गरी अजय सुमार्गीको कालो धन रोक्का गर्ने आदेश जारी गर्छ तर अन्य बैङ्कहरू अजय सुमार्गीले खाताबाट सम्पूर्ण रकम निकासी गरेको जबाफ फर्काउँछन् । 'तँ रोएजस्तो गर्, म हानेजस्तो गर्छु' भनेझैँ दलालहरूले जनताको आँखामा छारो हालिरहेका छन् । भ्रष्ट, दलाल केपी वलीको सरकार ठूला जुवाघर (क्यासिनो), ठूला तारे होटेलको कर मिनाहा मात्र गर्दैन, Ncell भन्ने सञ्चार सेवा प्रदायक कम्पनीले राज्यलाई तिर्नुपर्ने ७५ अर्ब लाभांशकर असुली गर्दैन । उल्टो मन्त्रिपरिषद्मार्फत Ncell लाई कहीँकतैबाट क्षति भयो भने इन्सुरेन्समार्फत क्षतिपूर्ति दिलाइदिने निर्णय लिन पुग्छ । यो Ncell मलेसियाको एक्जिएटा कम्पनीले सुरुमा ८ करोड लगानी गरी १८० अर्ब लाभ रकम आफ्नो देश लगिसकेको छ । तर नेपाललाई तिर्नुपर्ने ७५ अर्ब कर तिर्दैन । उल्टो एमाले, माके र काङ्ग्रेसका नेताहरूले आफूबाट लगेका चुनाव खर्च १० अर्ब रुपैयाँ फिर्ता गरे मात्र कर तिर्ने धम्की दिइरहन्छ । दुई तिहाइको सरकार लाचार छ । गरिब देशका सयौँ नागरिक स्विस बैङ्कमा मोटो रकम जम्मा गरेर बसेका छन् । भूकम्पपीडित अझै पालमुनि बस्न बाध्य छन् । वर्तमान केपी-पीकेको कम्युनिस्ट समाजवादी सरकार वाइडबडीकाण्डमा साढे ४ अर्ब भ्रष्टाचार गरेको छ । ३८ क्विन्टल सुन तस्करीकाण्डमा भरिया-'सानामाछा' समातेको नाटक चल्छ 'ठूला माछा' को रौँसम्म हल्लँदैन । निर्मला पन्तको बलात्कारपछि हत्याकाण्डमा सम्पूर्ण प्रहरीलाई त नभनौँ तर कञ्चनपुरमा प्रहरीले नै सबुत प्रमाण नष्ट गर्ने, हत्याका मुख्य अभियुक्त लुकाएर कृत्रिम दोषी खडा गरी पत्रकार सम्मेलन नै गरेर 'मैले बलात्कार गरेको हुँ' भन्न लगाउँछ । राष्ट्रपतिको डेढ अर्ब हेलिकोप्टरकाण्ड, मलकाण्ड, चिनीकाण्ड, ललिता निवासकाण्ड, यती एयरलाइन्सकाण्ड, गोकर्ण रिसोर्टकाण्ड, मेलम्चीकाण्ड, टुँडिखेलकाण्ड, रानीपोखरीकाण्ड, सभामुख महराकाण्ड, अर्थात् दैनिक काण्डैकाण्ड मच्चाइरहेको छ । केपीको फासिवादी सरकार एसिया प्यासिफिकका नाममा क्रिस्चियन धार्मिक संस्था मूल-आयोजक दुई तिहाइको केपी सरकार सहआयोजक बनेर होलीवाइन पिउँदै गर्दा राष्ट्र र जनताको शिर गिराउने अवस्था उत्पन्न भएको छ । यो सरकारको उपहारस्वरूप मूल्यवृद्धि ३०० प्रतिशतसम्म बढेको छ । स्थानीय चुनावताका सामान्यतः एक लिटर पेट्रोलको मूल्य रु. ८१ बाट बढाएर हाल १०९ पुऱ्याएको छ । अर्थात् प्रतिलिटर रु. २८ बढेको छ । नुन, तेल, छड, रड, सिमेन्टको मूल्य आकासिएको छ । चुनावी घोषणापत्रमा वृद्धभत्ता ५ हजार बनाइदिने, १ घर १ रोजगारी दिलाइदिने, स्वास्थ्य शिक्षा निःशुल्क प्रदान गराउने भनेको कथित जनप्रतिनिधिहरू जथाभाबी चर्को कर असुलीमा व्यस्त छन् । कुखुरा, बाख्रा, सुन्तला, स्याउका बोटदेखि पुराना घर-गोठ, जन्मदर्ता, मृत्युदर्ता, सिफारिसमा चर्को कर असुलेर स्मार्ट मोबाइल, मोटरसाइकल, गाडी कथित जनप्रतिनिधिको तलब भत्ता भर्न कर असुलेर जनताको ढाड सेकिरहेका छन् । वडा प्रतिनिधिदखि मन्त्री, प्रमसम्म संस्थागत भ्रष्टाचार मौलाएको छ । माओको शब्दमा 'संसदीय व्यवस्था भनेको खसीको टाउको झुन्ड्याएर कुकुरको मासु बेच्ने व्यवस्था हो' भन्ने पुनः एकपटक पुष्टि भएको छ । कुनै जमानामा केपी-पीकेलाई यही उद्धरण उच्चारण नगरी खाएको पच्दैनथ्यो तर आज उनीहरू नै संसदीय लोकतान्त्रिक गणतन्त्रको होर्डिङ बोर्डमा कसाई बनेर देश, जनताको दोहन/लुटपाट गरिरहेका छन् । यी र यस्ता सयौँ-हजारौँ तथ्य-तथ्याङ्कहरूले संसदीय व्यवस्था र यसको नेतृत्व नेपालमा असफल सिद्ध भैसकेको प्रमाणित गर्दछ । नेपाली जनता हत्या, हिंसा, बलात्कार, राष्ट्रघात, जनघातजस्ता बेथितिबाट उकुसमुकुस भैरहेको छ । यही जनताको उकुसमुकुसको अग्रगामी, सही र दीर्घ निकास के हुन सक्ला ? चर्चा गरौँ :

**क) राजतन्त्रबारे**

आज नेपालमा राजतन्त्रात्मक संसदीय व्यवस्थाको ठाउँमा 'राजतन्त्र' हटेर संसदीय लोकतान्त्रिक गणतन्त्र विद्यमान छ । २४० वर्ष पुरानो राजतन्त्र जनताको बलमा मूलतः हामी माओवादीको रगत-पसिनामा फालिएको यथार्थ सत्य हो । राजतन्त्रबारे तत्कालीन काङ्ग्रेस नेता गिरिजाप्रसाद कोइरालाले बेबी किङ वा सेरेमोनियल किङ राख्नुपर्छ भन्ने अडान राख्ने गर्थे । तत्कालीन एमालेका केपी शर्मा बयालगाडा चढेर कहाँ अमेरिका पुगिन्छ ? राजतन्त्र चाहिन्छ भन्थे राजाको खुट्टामा दाम चढाएर ढोग्न पुग्नेहरू आज गणतन्त्रको मासिहा आफू भएको फुइँ गरिरहेका छन् । यो सोह्रै आना झूटको खेती हो । काम गर्ने कालु मकै खाने भालु भएको छ । राजतन्त्र महँगो भयो । दरबारले मासिक ४ करोड खर्च गऱ्यो । जनताको ढाड सेकियो । भनेर राजतन्त्र फालियो तर विडम्बना ! गणतन्त्रका भुरे राजाहरूले मासिक अर्बौंअर्ब खर्च गरेका छन् । ६०१ र तिनका टाउकेले राष्ट्रिय ढुकुटी ब्रह्मलुट गरिरहेका छन् । यसबारे नेपाली समाज प्रस्ट छ । सचेत छ । आक्रोशित छ । तर राजतन्त्र पुनः फर्काउने पश्चगामी प्रतिगमनकारी कदम हामीलाई सह्य छैन । राजतन्त्रवादी चिन्तन अस्वीकार्य मात्र होइन, जनताले खारेज गरी मसानघाट पुऱ्याएको वंशाणुगत प्रणाली हो । यो ब्युँताउनु असम्भवप्रायः छ ।

**ख) पुनः काङ्ग्रेस**

नेपालको राजनीतिक इतिहासमा २००७ सालदेखि हालसम्म ३० वर्षीय पञ्चायतबाहेक राज्यसत्ताको ढुकुटीमा ब्रह्मलुट गर्न पल्केको ढाडे बिरालो पार्टी काङ्ग्रेस नै हो । यस्को तल्लो तह भोटरको कुरा त होइन तर लाभको पदमा पुगेर ब्रह्मलुट गर्नेहरूको काङ्ग्रेसमा हालीमुहाली र दबदबा कायम रह्यो । काङ्ग्रेस नेता मातृका, बीपी र गिरिजाप्रसाद कोइरालाले नेपालका राष्ट्रघाती सन्धीहरू क्रमशः कोसी, गण्डकी र टनकपुर भारतलाई बेच्न पुगे । खुमबहादुर खड्काहरू राष्ट्रको ढुकुटीबाट कमिसन लिएर भ्रष्टाचार गरेर काङ्ग्रेस नेता कार्यकर्तालाई बाँडेको कुरा गर्वका साथ सार्वजनीक गर्थे । यस्तो काङ्ग्रेस पार्टीबाट पुनः निकास पाइन्छ भन्नु भ्रमित र झुक्किनु मात्र होइन, तावाको माछा भुङ्ग्रोमा पर्नुजस्तै हो । बुढा काङ्ग्रेसको कुरा छोडौँ, यो संसदीय व्यवस्थामा गगन थापाहरू चुनावी खर्च जुटाउन कुमार घैँटेजस्ता गुन्डासँग साँठगाँठ गर्नुपर्ने, कमिसन लिनुपर्ने र भ्रष्टाचार गरेर थुपारेको पैसामा चुनावी प्रतिस्पर्धाको नाटक गर्नुबाहेक अग्रगामी निकास काङ्ग्रेसबाट प्रायः असम्भव छ ।

**ग) सरकारी डबल नेकपा**

यो पार्टी दुईतिहाइ बहुमतीय सरकारको दम्भ गरिरहेको छ । इतिहास साक्षी छ, राष्ट्रघाती महाकाली सन्धि गरेर अर्बौंअर्ब कमिसनबाट नेतृत्वमा पुगेका खड्गप्रसाद वली हुन् । पद, पैसा सुविधा भनेपछि मरिहत्ते गर्ने १० बर्से जनयुद्ध र सिङ्गो नेपाली क्रान्तिलाई नै बेचेर केपीको पाउ मोल्न पुगेका पुष्पकमल दाहाल हुन् ।

यी दुवै आफैँ वोक्सी आफैँ धामीको नाटक गर्न अनुभवी छन् । महाकालीको राष्ट्रघाती छवि आफ्नो ९ महिने शासनकालमा भारतले नेपालमा लगाएको नाकाबन्दीको विरोधबाट 'राष्टवादी' छारो हान्न पुगेका केपी पुनः सुष्मा स्वराजलाई भित्र्याउँदै भारतीय नरेन्द्र मोदीको रातो कार्पेटमा सवार हुन पुगे । त्यस्तै जनयुद्धका क्रममा भारतविरुद्ध सुरुङ्युद्ध भन्दै भारतकै शरणमा बस्ने, रत्नपार्कको टुँडिखेलमा भाषण गर्दा प्रभुको अगाडि नझुक्ने स्यालहुइयाँ गर्ने तर भाषण सक्नासाथ आफ्नो दरबार लाजिम्पाट नपुग्दै भारतीय दूतावास लैनचौर ढोगेर (साष्टाङ्ग दण्डवत् गरेर) चुनावी खर्च लिन भ्याउने प्रचण्डको केमेस्ट्री मिल्दोजुल्दो नै छ । यिनीहरूबाट नेपाल राष्ट्रको भूमि सुरक्षित हुन्छ, लिपुलेक-कालापानी बच्छ, जनतालाई सुख, समृद्धि र अधिकार प्राप्त गर्न सक्छन् भन्नु र गोरु ब्याउनु एउटै कुरा हो । इतिहासमै कमजोर राष्ट्रियता, जनतन्त्र, जनजीविका पुऱ्याएको केपी-पीके सरकारको नेतृत्व जजसले गरे पनि कामी काले र काले कामी एउटै हो । हिटलरको सञ्चारमन्त्री डा. गोयबल्स जसले एउटै झूटलाई सयौँपटक दोहोऱ्याएमा सत्य हुन्छ भन्थे त्यस्तै केपी गुटका सञ्चारमन्त्री गोकुल बास्कोटाहरू र आसेपासे यसपटक सम्भ्रान्त बन्नु अर्कोपटक अर्को गुटको किचेन क्याबिनेट सम्भ्रान्त बन्नुबाहेक नागरिकले पाउनुपर्ने नैसर्गिक अधिकार केही पाउने स्थिति छैन । यो पार्टी र यिनीहरूले गरेको कार्य, स्कुलिङ नियाल्दा २०५१ सालदेखि निरन्तर राष्ट्रको दोहन गर्ने काङ्ग्रेसपछि दोस्रो पार्टी एमाले हो । ०६२/०६३ पछि सरकारमा पुगेर राष्ट्र दिनदहाडै लुट्न तल्लीन पुष्पकमलको पार्टी एकीकरण भागबन्डा लगाएर राष्ट्र र जनतालाई लट्नुमै सीमित छ । राष्ट्रघाती महाकाली सन्धिका खलनायक खड्प्रसाद 'नेता मदन भण्डारीको हत्या', 'सहिदपत्नी ताक्ने' जस्ता आफ्नै नेता-कार्यकर्ताले लगाएका आरोप र उठाएका प्रश्नको जबाफ दिन तयार छन् ? प्रायः असम्भव छ । आज यिनीहरू नेपाललाई कम्युनिस्ट मुलुकतर्फ त कुरै

... बाँकी पृष्ठ ५ मा

# एकीकृत जनक्रान्ति : मुक्तिको निर्विकल्प बाटो

इन्द्र श्रेष्ठ

दलाल पुँजीवादी संसदीय राज्यसत्ताले नेपाली जनतालाई षड्यन्त्र, छलछाम र धोका दिन्छ । क्रान्तिकारी खुला र स्पष्ट भै श्रमिक सर्वहारावर्गको मुक्ति, स्वतन्त्रता र परिवर्तनका लागि जस्तोसुकै मूल्यको त्याग, तपस्या र बलिदान दिन पनि पछि पर्दैनन् । राष्ट्रघाती, जनघाती व्यवस्थाका विरुद्ध निरन्तर क्रान्तिको बाटोमा अघि बढिरहन्छन् । जनताका वर्गवैरीहरूसँग आत्मसमर्पण, सम्झौता र समन्वय गर्दैनन् । सम्झौताहीन सङ्घर्ष गर्छन् । विचलित नभई महान् उद्देश्यसम्म पुगिछाड्छन् । क्रान्तिमा आउने सबै प्रकारका समस्या, चुनौती, घुम्ती र मोडहरूलाई तिलाञ्जली दिँदै समाधान र सम्भावनाको बाटो पत्ता लगाउँछन् । दुनियाँ बुझी दुनियाँ बदल्ने साहस गर्दछन् । सङ्घर्षमा नै जीवन देख्छन् । जगत् फेर्ने आँट गर्छन् । क्रान्तिबिना कुनै पनि देशमा आमूल परिवर्तन भएको इतिहास छैन । वर्गसङ्घर्षले नै वर्गीय मुक्ति हुन्छ । सङ्घर्षले नै देशको विकास र जनताको समृद्धि हुन्छ । कुनै पनि वस्तुको विकास, गतिशीलता र अस्तित्व रहन निरन्तर सङ्घर्ष आवश्यक पर्दछ ।

नेपाल र विश्वभरि नै वर्गीय युद्ध चलिरहेको छ- हुनेखाने र हुँदा खाने वर्गहरूका बीचमा । हुनेखाने वर्ग देश र जनतालाई शोषण, अन्याय, अत्याचार, भ्रष्टाचार, महँगी र कालोबजारीले जनतालाई आक्रान्त बनाउँछ, भोगमरी बढाउँछ । आफ्नो लुटको स्वर्ग बचाउन दमन र धरपकड गर्दछ । हुँदा खानेहरू देशको विकास, जनताको समृद्धि र सुशासन चाहन्छन् । मान्छेमाथिको छुवाछूत र विभेद हुन दिँदैनन् । दासताको जन्जिर चुँडाल्छन् । सबै वर्ग र जातिहरूका मानिसहरू समान हुनुपर्छ भनी ठान्छन् । वर्ग रहिरहँदासम्म वर्गीय युद्ध चलिरहन्छ । युद्धमा हारजित, क्षति र उपलब्धि हुन्छ नै ! तर जित सत्यको र न्यायका पक्षमा हुन्छ । अन्यायपूर्ण युद्ध चलाउने दलाल संसदीय व्यवस्थाको खरानी हुनु अनिवार्य छ । उनीहरूका पक्षमा केही मुठीभर मान्छे हुन्छन् । श्रमिक-सर्वहारावर्गका पक्षमा उनान्सय प्रतिशत मान्छेहरू लामबद्ध भई अगाडि बढ्छन् ।

नेपाल र नेपालीको क्रान्तिको सपना पूरा भैसकेको छैन । केही अवसरवादीहरूको मुक्ति, स्वतन्त्रता, घरपरिवार, आफन्त र छोराछोरीहरूको जीवन परिवर्तन भएको छ । वास्तविक जनताको सत्ता आएको छैन । जनताको सत्ता ल्याउनका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टीको नेतृत्वमा सचेततापूर्ण योजना, विचार र सिद्धान्त आवश्यक छ । सिद्धान्त र विचारयुक्त मालेमावादी विचारलाई अझै उचाइमा उठाउन र नेपालका सबै किसिमको समस्या हल गर्न हाम्रो जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी नयाँ विचारसहित एकीकृत जनक्रान्तिको माध्यमबाट नेपाली क्रान्ति पूरा गर्न कटिबद्ध छ । क्रान्तिकारी योजना र विचारको समृद्धि र विकास गरी सिद्धान्तको नयाँ निर्माण गरिएको छ । आजको विश्व र दसबर्से नेपाली जनयुद्धको अनुभवसहित विकसित कार्यदिशा एकीकृत जनक्रान्तिको कार्यदिशा हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादमा विश्वास राख्ने विज्ञानले प्रमाणित गरेको सत्य-तथ्यलाई आत्मसात गर्ने क्रान्तिकारी पार्टी हो । यसले आदर्शवाद, अन्धविश्वास, धार्मिक रूढिवादलाई विश्वास गर्दैन । यसैअनुसार क्रान्तिलाई अगाडि बढाउँछ । आजको भूमण्डलीकृत विश्व र नेपालको वस्तुगत, आत्मगत परिस्थितिलाई ध्यानमा राखी आजको समाजको सूचना, सञ्चार र प्रविधिको विकास दुनियाँको फेरबदललाई बुझी अगाडि बढिरहेको छ ।

दलाल संसदीय पुँजीवादी सत्ता बन्दुकको आँटमा सत्ता टिकाउँछ । क्रान्तिकारीहरूले बन्दुकको बलमा टिकेको सत्तालाई परास्त गर्न बलप्रयोगको सिद्धान्त आवश्यक ठान्छन् । आवश्यक पर्ने खरखजाना र परिस्थितिको विकास गर्छन् । नत्र जनताले हक र अधिकार सजिलै प्राप्त गर्दैनन् । यो व्यवस्था समस्याको समाधान होइन, झनै समस्या हो । धनीलाई झनै धनी बनाउने र गरिबलाई झनै गरिब बनाउने पुँजीवादी कलङ्कित व्यवस्था हो । यो व्यवस्थामा भोकानाङ्गा, गरिब जनताले स्वास्थ्य, शिक्षा, औषधि, उपचार नपाई अनाहकमा मर्नुपर्छ । यो लोकतन्त्र होइन, लुटतन्त्र हो । सङ्घीय गणतन्त्र, कम्युनिस्ट सरकार, समाजवाद उन्मुख होइन, समाजमा शोषणकारी, भ्रष्टाचारी, जनघाती, राष्ट्रघाती, विचार र दृष्टिकोणविहीन व्यवस्था हो । यो व्यवस्थाका विरुद्ध लड्न क्रान्ति र क्रान्तिकारी शक्तिको एकता अनिवार्य छ । विचार र दृष्टिकोण बुझाइ र सिद्धान्तमा एकताबद्ध हुनुपर्छ ।

नेपाल कम्युनिस्ट पार्टीले भ्रष्टाचारी, कर छली गर्ने एनसेलमाथि कारबाही गर्दा कम्युनिस्ट नामको सरकारले प्रतिबन्ध लगाएको छ । प्रतिबन्धले नेपाली जनताको आवाजलाई कुण्ठित गरेको छ । यो कथित प्रतिबन्धका विरुद्ध सबै क्रान्तिकारी, न्यायप्रेमी, देशभक्त शक्तिहरूले डटेर सामना गरिरहेका छन् भने केपी नेतृत्वको कम्युनिस्ट सरकारलाई यो प्रतिबन्ध निल्नु न ओकल्नु भएको छ । झन् क्रान्ति नयाँ ढङ्गले अगाडि बढिरहेको छ । प्रतिबन्धले जनतालाई र आमकार्यकर्तामा बलिदान गर्ने भावको विकास भएको छ । हाम्रो पार्टीले सम्झौताहीन सङ्घर्ष गरिरहेको छ । विकल्प दिन चाहिरहेको छ । विश्वको कुनै पनि देशमा वार्ता, संवाद र सम्झौताले जनताका हकअधिकार सजिलै प्राप्त भएको इतिहास छैन । शासकहरूको अगाडि रोइकराइ गरेर र हात थापेर जनताले हक पाएको छैन । सचेततापूर्ण र बहादुरीपूर्ण क्रान्तिले मात्र सम्भव छ । घृणित प्रतिबन्धबाट मुक्ति पाउन जनता र राष्ट्रको बलियो एकता चाहिएको छ । वर्गको त्यो महान् कार्यका लागि तयारी गर्नुपर्छ । यो कार्य साधारण होइन । उनीहरू जनताको एकता हुनै दिँदैनन् । टुटाउँछन्, फुटाउँछन् । पद, प्रतिष्ठा, पैसा देखाउँछन् । आफ्नो लुटको स्वर्ग बचाउने दुष्प्रयास गर्छ । अन्तिमसम्म मरिहत्ते गरी सबै अस्त्र प्रयोग गर्छन् । यसको बदलामा क्रान्तिकारी, देशभक्त, वामपन्थी, बुद्धिजीवीबीच एकता आवश्यक छ । नेपालको बाँकी क्रान्ति पूरा गरी मजदुर-किसानको सत्ता ल्याइछाड्नु छ । वकिल, डाक्टर, पत्रकार, देशभक्त, सेना, प्रहरी, कर्मचारी श्रमिक-सर्वहारा जनताको बलियो एकता चाहिएको छ । नेपालमा बसोबास गर्ने जातजाति, धर्म, भाषा, हिमाल, तराई, पहाड, सहर र गाउँमा बस्ने जनताहरूको क्रान्तिमा अनिवार्य उपस्थिति हुन जरुरी छ । सबै क्षेत्र, लिङ्ग, जातजाति, जनजाति, महिला, अल्पसख्यक, दलित, सीमान्तकृत वर्गका लागि लड्ने एकीकृत जनक्रान्तिको कार्यदिशा हो । जनविरोधीहरूलाई धुलो चटाउने क्रान्तिकारी कार्यदिशा वैज्ञानिक समाजवाद र साम्यवादसम्म पुग्ने सिद्धान्त हो । नेपालको क्रान्तिकारी जनताले गरेको राणा शासनविरोधी आन्दोलन, जनआन्दोलन, जनयुद्धका सहिद, बेपत्ता, घाइते, अपाङ्ग योद्धाको मर्म र भावनामाथि कुठाराघात गर्ने राज्यसत्ता र नेताविरुद्ध क्रान्ति गर्ने यो एक मात्र क्रान्तिकारी पार्टी हो ।

नेपाल कम्युनिस्ट पार्टीले गरेको दलालविरोधी सङ्घर्षले सत्तामा बस्ने दलालहरू छट्पटाइरहेका छन् । नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता र शुभचिन्तकहरूलाई झूट्टो मुद्दा र मुठभेडका नाममा हत्या, धरपकड, हिरासत, जेलनेल, कस्टडी, यातना दिइरहेका छन भने सयौ जना जेल जीवन बिताइरहेका छन् । उनीहरू आफैँले बनाएको कानुन र अदालतले छोड्ने आदेश दिन्छन् तर प्रहरीप्रशासनले अदालतको गेटबाट फेरि गिरफ्तार गर्छ । विभिन्न झूट्टो मुद्दा लगाई विभिन्न जिल्ला घुमाउँछ, शारीरिक तथा मानसिक यातना दिन्छ । पार्टी छोड, आत्मसमर्पण गर, होइन भने जेलमै कुहाइदिन्छु भन्छ । जनताको स्वतन्त्रतालाई कुण्ठित गरेर आफैँले बनाएको कानुनलाई आफैँले बर्खिलाप गरेको छ ।

विभिन्न जिल्लाका जेल र हिरासतमा रहेका नेता तथा कार्यकर्ता आस्था जोगाएर लडिरहेका छन् । यो गौरवको कुरा हो । क्रान्तिमा आएका केही अवसरवादी, कमाउ धन्दा चलाउने, आत्मसमर्पणवादी र समन्वयवादीहरूलाई जनकारबाही गर्नुपर्छ । यो दलाल पुँजीवादी राज्यसत्ताले जनतामाथि जस्तोसुकै हथकण्डा अपनाए पनि डटेर प्रतिरोध गरौँ । मालेमावादी विचार र सिद्धान्तमा कटिबद्ध होऔँ । व्यक्तिगत जीवनमा हुने लोभलालचमा नलागौँ । क्रान्तिमा लामबद्ध होऔँ । सर्वहारावर्गको जित अवश्य हुनेछ ।

यो कम्युनिस्ट नामको सरकार हेर्न र बुझ्न टाढा जानु पर्दैन, रत्नपार्कवरिपरि घुमे पुग्छ । देशको संवेदनशील मुटु नेपालको राजधानी काठमाडौँका रत्नपार्क, सहिदगेट, खुलामञ्चवरपर हेरे पुग्छ । देशको सरकार र शासन व्यवस्था कस्तो होला ? काम गर्ने वर्गको जीवन र उनीहरूको दिनचर्या कसरी बितिरहेको छ ? नामको कम्युनिस्ट सरकार र त्यसको प्रधानमन्त्री, राष्ट्रपतिले देखेका छैनन्, सुनेका छैनन् भने आँखा च्यातेर हेर्नुपऱ्यो । नसुनेको भए कानको ठेडी झिकेर सुन्ने प्रयास गर्नुपऱ्यो । कस्तो कम्युनिस्ट ? कमाउ धन्दा चलाउने ? समाजवाद उन्मुख सरकार समाजलाई विकृति र विसङ्गति सिकाउने ? भोकै-नाङ्गै छट्पटाइरहेको बचाऊ-बचाऊ भनिरहेको, सडकपेटीमा लडिरहेको, हातखुट्टा नभएका, पूर्ण रूपमा अपाङ्ग भएका दृष्टिविहीन र आवाजविहीन, कान नसुन्ने, बेवारिसे बेरोजगारी समस्या भएका विभिन्न मानिसहरूको जम्काभेट हुने स्थान रत्नपार्क हो । देशको परिवर्तनका निम्ति आन्दोलन गर्ने रणमैदान पनि हो । आज देशको राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री बन्नलाई जनतालाई सडकमा उतारेर ईँट, ढुङ्गामुढा र बार भत्काउन लगाउने, नेताहरूको भाषण गर्ने थलो हो । यी सबै आन्दोलन, क्रान्ति, हिरासत, जेलनेल सबै गरिब जनताका लागि भन्न नथाक्ने डाँकाहरूको चढ्ने खुट्किलो हो । सैनिक मञ्च, राष्ट्र, जनता र सीमा सुरक्षा गर्ने जिम्मा पाएका सेना परेड खेल्ने स्थान हो । आन्दोलन घोषणा गर्ने नेता तिनै रत्नपार्क, वीर अस्पताल सुन्धारावरिपरि कस्तो संवेदना, दुःख-कष्ट छ, धेरै टाढा जानै पर्दैन ।

हिमाल, तराई, पहाडमा बस्ने जनताको दिनचर्या, उनीहरूको वास्तविक जीवन कसरी बितेको होला ? हिमालमा पुस-माघमा हिमपात र जाडोले कठ्याङ्ग्रिएर मर्ने, बर्खायाममा तराईमा डुबान र हिउँदमा शीतलहरले मर्ने, बिरामी हुँदा सिटामोलसम्म खान नपाएर मर्ने, चेपाङ र राउटे समुदायको बस्ने बास छैन । शिक्षा छैन, स्वास्थ्य छैन, रोजगार छैन । अझै पनि कन्दमूल, साग र सिस्नु खाएर जीवन बाँच्नुपर्ने एक्काईसौँ शताब्दीमा कस्तो विडम्बना ? कसले सुन्ने, कसले बुझ्ने उनीहरूको दर्दनाक र वास्तविक कथा ? जन्मजात वा प्राकृतिक प्रकोपबाट अपाङ्गता भएकाहरूको जीवन पनि उस्तै छ । देशको आमूल परिवर्तनका लागि भएका आन्दोलन र क्रान्तिमा पनि त्यत्तिकै घाइते र अपाङ्ग छन् । तिनीहरूलाई राज्यले हेर्नुपर्ने तर चिल्लो गाडीको कालो सिसाले ती पीडितहरूलाई देख्दैन । तर सत्तामा बस्नेहरूचाहिँ सामान्य ज्वरो आउँदासमेत विदेशका महँगामहँगा अस्पतालमा करोडौँ खर्च गर्न सक्छन । सामान्य जनता सिटामोल खान नपाएर मरिरहेका छन् तर कुर्सीमा बस्नेहरू जनताको करले भरिएको ढुकुटी रित्याएर पटकपटक मिर्गौला प्रत्यारोपण गर्छन् ।

यी सबै विभेदको अन्त्य गर्न माओवादीको नेतृत्वमा भीषण जनयुद्ध चल्यो । त्यो भीषण जनयुद्धले जनतालाई केही राहत मिलेको आभास भएको थियो । गाउँगाउँमा जनसत्ता थियो, जनअदालत थियो, जनमुक्ति सेना थियो । जनयुद्धको बेला जीवन नै क्रान्ति हो, क्रान्ति नै जीवन हो भन्नेहरू आज अरबको कुल्ली बन्न बाध्य छन् । गाउँघर वृद्धाश्रमजस्तै भएका छन् । जनयुद्धको बेला विवाह गर्नेहरू अहिले घरको न घाटको भएका छन् । त्यतिबेला सबै जातजाति एकै हुन् भनियो तर अहिले ती त भन्ने कुरा न हुन् भनेजस्तै भयो । समाजमा हेर्ने दृष्टिकोणमा कुनै फरक देखिएन । सानो जात र उपल्लो जातका कारणले सम्बन्धविच्छेद भएका कारण घरबार खतम भएको छ । यता सरकार समृद्धिका नाममा जनतालाई हरेक कोणबाट कर उठाइरहेको

... बाँकी पृष्ठ ७ मा

## सङ्कटग्रस्त ...

हुनसक्छन् जसले समाज परिवर्तनको बाधक हुने भूमिका निर्वाह गरेका छन् जसले हरेक समयमा परिवर्तनको गला रेट्नेहरू हुने गरेका छन् । केपी वली होइनन् 'नेपालमा गणतन्त्र आउनु र नेपालबाट बयलगाडा चढेर अमेरिका पुग्नु उस्तै हो' भन्ने मान्छे ? अहिले प्रधानमन्त्री भइरहँदा उनले त्यो पाखण्डी प्रवचनप्रति कुनै दिन प्रायश्चित गरेका छन् ? अहिले पनि परिवर्तनका विरुद्ध सबैभन्दा बढी आतङ्क मच्चाउने उनी र उनको साम्राज्यवादका दलाल झुण्ड हुने गरेको छ ।

यो कुरा निश्चित हो- जनताका बीचमा काम गर्ने समय, नयाँ सत्ता, नयाँ जीवन र नयाँ प्रगतिका लागि जनतालाई प्रशिक्षण गर्ने समय हिरासत वा जेलमा बसेर व्यतित गर्नु सुखद होइन तर यो कुरा पनि त्यत्तिकै निश्चित हो- कोही न कोहीले समाज परिवर्तनको बलिवेदीमा जीवन नहालीकन आमूल परिवर्तन हुनै सक्दैन । नेपालकै इतिहासमा पनि सहिदहरू गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री र दशरथ चन्दहरू जीवन दिने अवस्थासम्म तयार हुँदैनथे भने राणा शासनको अन्त्य त्यति छिट्टै सायदै हुन सक्थ्यो । मोहनविक्रम सिंह, मोहनचन्द्र अधिकारी, विश्वेश्वरप्रसाद कोइराला, राधाकृष्ण मैनाली, मोदनाथ प्रश्रितलगायत सयौँ कम्युनिस्ट र काङ्ग्रेसका योद्धाहरूले लामो समय जेल जीवन नबिताएको हुन्थ्यो भने निश्चित रूपले त्यति नै बेला बहुदलीय पञ्चायत आउँदैनथ्यो । यसमा विश्वेश्वरप्रसाद कोइराला, मोहनचन्द्र अधिकारी र मोहनविक्रम सिंहहरूले आफू कोइलाझैँ जलेर आफ्नो व्यक्तिगत जीवनका सम्पूर्ण सुविधालाई खरानीमा परिणत गराउँदै समाजलाई सिद्धान्त र वर्गसङ्घर्षको ताप नदिएको हुन्थ्यो भने सरकारमा पुग्ने गरी न काङ्ग्रेस पार्टीको विकास हुन सक्थ्यो न कम्युनिस्टको । त्यस्तै महान् जनयुद्धको अभियानमा ९ हजारभन्दा बढी महान् योद्धहरू रगत बगाउन तयार हुँदैनथे, हजारौँ सपूतहरू जेल र हिरासत बस्न तयार हुँदैनथे र लाखौँ जनता सत्ताबाट हुने उत्पीडनको प्रतिरोध गर्न हिच्किचाउँथे भने सामान्यतया ४,००० वर्ष पुरानो नेपालको राजतन्त्र र विशेषतः २५० वर्ष पुरानो शाहीतन्त्र समाप्त हुने थिएन र नेपालमा गणतन्त्र पनि यति छिट्टै आउने थिएन । हामी अन्तर्राष्ट्रिय आन्दोलनहरूमा पनि देख्छौँ, नेल्सन मन्डेला जीवनको आदि भाग जेल नबसेका हुन्थे भने दक्षिणअफ्रिका मुक्त हुने थिएन । पेरू कम्युनिस्ट पार्टीका अध्यक्ष कमरेड डा. अविमेल गुज्मान 'गोन्जालो' करिब २५ वर्षदेखि अहिले पनि बन्दी जीवनमा छन् । त्यस्तै संसारभरि जेल, हिरासत, बलिदानीका अनुपम उदाहरण छन् । यसरी हेर्दा हामी देख्छौँ- हिरासत र जेलहरू नयाँ सत्ता पैदा गर्ने गर्भाशयहरू हुन् । कोही न कोही, कसैले न कसैले त्यहाँ बस्नु त पर्ने नै छ । जो हिरासत र जेलमा पुग्छ त्यो संयोगको कुरा मात्र हो । क्रान्तिकारीको पेसा भनेको मानव जातिको मुक्तिका लागि, देशको स्वाधीनता र स्वतन्त्रताका लागि दुस्मनका हरेक मोर्चामा लड्नु हो, जेलमा बस्नु हो, हिरासतमा बस्नु हो, आवश्यक पर्दा जीवनको बलिदान दिनु पनि हो ।

पलायनको बाटो समात्ने ती नेता र कार्यकर्ताहरूले यो तथ्यलाई राम्रोसँग बुझ्न सकेको देखिँदैन । राजनीतिक मुद्दामा जेलमा बस्नु चोरीको मुद्दामा बस्नुजस्तो होइन, कुनै डकैती, आतङ्कवाद वा शासकहरूले गरेजस्तो भ्रष्टाचार र लूटको मुद्दामा बस्नुजस्तो होइन । बेइमान सत्ताले अनेक प्रकारका झूट्टा मुद्दाहरू लगाउने गरेको छ । अहिलेसम्म हाम्रा नेता र कार्यकर्ता गरी करिब एक हजारलाई गिरफ्तार गरिएको छ र केहीलाई रिहा गरिएको पनि छ । तर कुनै पनि नेता र कार्यकर्तामाथि यो सत्ताको परिवर्तनका लागि लडेको, जनताको सत्ता माग गरेको, भ्रष्टाचारको अन्त्यको माग गरेको, तस्करी, मिटर ब्याजका विरुद्ध सङ्घर्ष गरेको, देशका चेली विदेशमा बेच्ने नीति र अवस्थाको अन्त्य गर्ने व्यवस्थाको माग गर्दै लडेका कारण मुद्दा लगाइएको उदाहरण छैन । हरेकजस्तो नेता र कार्यकर्ताहरूलाई आतङ्कवाद, बमबारुद, हतियार-खरखजानाजस्ता प्रायोजित मुद्दा लगाइएको छ र कमभन्दा कम अभियोगमा शान्तिशुरक्षाजस्ता मुद्दा लगाइएको छ । पक्राउ गरेपछि झोलामा बम राखिदिने, हतियारसँग फोटो खिच्ने र हतियारको प्रमाण बनाउने, प्रायोजित कागजमा सही गराउने काम गरेको छ जुन काम यो सत्ताको नैतिक पतनका चरित्र हुन् । यो तथ्यलाई हाम्रा नेता र कार्यकर्ताहरूले राम्रो गरी बुझ्न आवश्यक छ । एउटा नैतिक पतन भएको दलाल पुँजीवादी सत्ताले कुनै पनि हालतमा क्रान्तिकारीसँग नैतिकताका साथ सङ्घर्ष गर्न सक्दैन । यही कुरा इतिहासदेखि अहिलेसम्म हाम्रा तमाम नेता र कार्यकर्ताहरूको सत्तासँगको सङ्घर्षमा प्रमाणित भएको छ ।

यसबाट हामी यही तथ्यमा पुग्छौँ- गिरफ्तार हुनु, जेलमा बस्नु, सङ्घर्ष गर्नु क्रान्तिकारीहरूको धर्म हो । जेलमा बस्न तयार हुनु प्रतिक्रियावादका विरुद्ध नैतिकताको हतियार उठाउनु हो, वैचारिक, राजनीतिक र सांस्कृतिक हतियार उठाउनु हो । लेनिनले भन्नुभएको छ, जो उत्पीडित मानिस उत्पीडनका विरुद्ध हतियार उठाउन तयार हुँदैन, हतियार सिक्न तयार हुँदैन, हतियार खेलाउन तयार हुँदैन त्यो निश्चित रूपमा दास हुन लायक हुन्छ । हाम्रो हतियार भनेको वैज्ञानिक विचार हो । मार्क्सवाद-लेनिनवाद-माओवाद हो । हाम्रो लडाइँ भनेको देशमा शान्ति, समृद्धि र प्रगति ल्याउनु हो । हाम्रा दुस्मनहरू भनेका दलाल पुँजीवादीहरू हुन् जसले शान्ति, समृद्धि र प्रगतिको बन्ध्याकरण गर्न प्रयत्न गर्छन् । हाम्रा लडाइँका मोर्चाहरू भनेका राजनीतिक, वैचारिक, सांस्कृतिक, जेल, हिरासत र आवश्यक पर्दा रक्तपातपूर्ण युद्धहरू हुन् । पलायनको बाटो समातेका साथीहरूले आफ्नै कमरेडहरूको वीरतापूर्वक सङ्घर्ष त हेर्नुपर्छ जसले सबै समस्याको मुकाबिला गरेका छन् ।

युद्ध र राजनीतिको सम्बन्ध एकअर्कासँग अन्योन्याश्रित छन् । युद्ध र राजनीतिको द्वन्द्वात्मक सम्बन्धबारे मार्क्सवादी दृष्टिकोण जर्मन सैन्यविद् क्लाउजविजको प्रख्यात भनाइलाई लिइन्छ जहाँ उनले भनेका थिए, युद्ध राजनीतिको अर्को रूप हो । राजनीति रक्तपातविहीन युद्ध हो र युद्ध रक्तपातपूर्ण राजनीति हो । यही हो युद्ध र राजनीतिसम्बन्धी मार्क्सवादी दृष्टिकोण, यही हो द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण । यही हो सही विश्लेषण । यही हो मानिसका बीच मानवता र पशुत्वको अन्तर छुट्याउने वैज्ञानिक कडी । त्यसकारण हाम्रा नेता र कार्यकर्ताहरूले बुझ्नुपर्छ दुस्मनका हिरासत र जेल रक्तपातपूर्ण राजनीतिको पहिलो खुड्किला हुन् । यो मार्क्सवादी दर्शन पकड्न नसक्नेले समाजलाई परिवर्तन गर्न सम्भव छैन । समाजको आमूल परिवर्तनका लागि शान्तिपूर्ण राजनीति नसुन्ने, बरु हतियार उठाउनका लागि उत्तेजित गर्ने नेपालको दलाल पुँजीवादी दुस्मनका विरुद्ध सङ्घर्ष गर्नु भनेको निश्चित रूपमा सजिलो छैन । त्यही कारण त लडाइँ पर्छ । अनि यो लडाइँको महान् बाटो रोजेको कार्यकर्ताले आत्मसमर्पण गर्नु निश्चित रूपमा देश र जनताप्रति धोखा दिनु हो, करोडौँ नेपाली जनता र अर्बौं मुक्तिकामी विश्वका जनताको क्रान्तिकारी भावनामा कुठाराघात गर्नु हो र आफ्नो भविष्यप्रति पक्षघात गर्नु हो । वीरतापूर्वक सङ्घर्ष गरेका आफ्ना कमरेडहरूप्रति विश्वासघात गर्नु हो ।

यसकारण हाम्रा नेता र कार्यकर्ताले पलायनवादी प्रवृत्ति, आत्मसमर्पणवादी प्रवृत्ति, आत्मसुरक्षावादी प्रवृत्तिका विरुद्ध आत्मसङ्घर्ष गर्नुपर्छ । आफूलाई वैचारिक, राजनीतिक, सांस्कृतिक रूपले स्वस्थ र सबल राख्नुपर्छ, विश्वका मुक्तिकामी जनताको भवनालाई उच्चा राख्न कोसिस गर्नुपर्छ ।

**कम्युनिस्ट सदस्यहरू र क्रान्तिकारी जनवर्गीय सङ्गठनहरूमा पलायनको समस्या**

हामीले केहीयता धेरै कमरेडहरूले पलायनको बाटो समातेको देख्यौँ । केहीले कागज गरेको, केहीले ठूलो मात्रामा जरिबाना अथवा धरौटी तिरेको, केहीले भनसुन गरेको, केहीले मन्त्रीहरू, माननीयहरूसँग भलाकुसारी गरेको, केहीले मानवअधिकारवादीहरू र तथा स्वतन्त्र बुद्धिजीवीहरूसँग हारगुहार गरेको र अनेक प्रकारले छुट्ने प्रयत्न गरेको देख्यौँ । केही साथीहरूले जेलको मोर्चा कठोर हुने भएकाले बाहिर बसेर लड्नु नै राम्रो हो भन्ने तर्क दिँदै दलाल पुँजीवादी सत्ताका नोकरहरूसँग भनसुन गरेरै भए पनि निस्कनु बेस भनेको पनि सुन्यौँ ।

संसारका कुनै पनि कम्युनिस्टले प्रतिक्रियावादी सत्ताको कानुन मान्दैन किनकि त्यो अन्यायपूर्ण छ तर जस्तोसुकै फासिस्ट सत्ता र आततायी कानुन भए पनि वैज्ञानिक कानुन नबनाइँदासम्म त्यही कानुन मान्न विवशता हुन पुग्छ । यो स्थितिमा कानुनी लडाइँको प्रक्रियाबाट वा वर्गसङ्घर्षको प्रक्रियाबाट जेलबाट निस्कनु निश्चित रूपमा सही हुन्छ तर भलाकुसारी, आशीर्वाद र भित्री सम्झौता गरी निस्कनु निश्चित रूपमा आत्मसमर्पण हुन्छ ।

त्यसकारण हाम्रो पार्टीले जेल बसेर आत्मसमर्पण गर्ने नेता र कार्यकर्ताको आत्मसमर्पणको प्रकृति हेरी अनिश्चित समयका लागि अनुशासनको कारबाही गर्ने निर्क्योल गरेको हो । यो निर्णयले अहिले पार्टीको विभिन्न तहमा एउटा तरङ्ग ल्याएको छ । सम्पूर्ण कार्यकर्तामा यस निर्णयले ल्याएको उत्साहसँगै केही कमरेडहरूले असन्तुष्टि पनि देखाएका छन् र तरङ्गले पैदा गरेको प्रतिक्रियालाई पार्टीमा दबाब दिने स्तरसम्म उठाउन खोजिँदैछ । यसप्रकारको दबाबलाई पार्टीले प्रश्रय दिनेछैन र दिन पनि मिल्दैन ।

एकीकृत जनक्रान्ति, वैज्ञानिक समाजवादका लागि दर्जन हाराहारी क्रान्तिकारी कार्यकर्ताहरूको रगत बगिसकेको छ । यस्तो अवस्थामा कम्युनिस्टहरूले, क्रान्तिकारी जनवर्गीय सङ्गठनका सदस्यहरूले गम्भीर प्रकारले ध्यान दिनुपर्छ । पार्टीबाट पलायन हुने कतिपय साथीहरूले स्वतन्त्र भएको घोषणा गर्न थालेका छन् । हुनत मानिसलाई कुनै पनि तरिकाले बस्ने प्राकृतिक स्वतन्त्रता हुन्छ तर सामाजिक जीवनमा मानिस सम्पूर्ण रूपले स्वतन्त्र हुन सक्दैन, न त मानिसका रूपमा जङ्गली युगमा पनि स्वतन्त्र हुनसक्थ्यो । वैज्ञानिक अनुसन्धानले पुष्टि गरेको तथ्य त के हो भने मानिस सम्पूर्ण रूपले स्वतन्त्र हुन्थ्यो भने मानिसले जनावरबाट मानव जातिमा विकास गर्न सक्तैनथ्यो । जङ्गली मानिस हावा, पानी, भोक, तिर्खा, चीसो, तातो, प्राकृतिक विपत्ति, खुसी, दुःखीजस्ता तमाम सामाजिक बन्धनले बाँधिएको हुन्थ्यो । त्यही कारण हो- मानिसले सामाजिक प्राणीमा विकास गऱ्यो । तसर्थ तमाम क्रान्तिकारी साथीहरूले स्वतन्त्र हुने जुन तर्क गरेका छन् त्यो पूरै गलत हो, गैरजिम्मेवार हो, अज्ञानताको अभिव्यक्ति हो ।

बुर्जुवा समाजमा मानिसलाई स्वतन्त्रताको प्रलोभन दिएर उत्पीडनको जन्जिरभित्र बाँध्ने गरिन्छ । बुर्जुवा समाजभित्र प्राप्त हुने स्वतन्त्रता वर्गीय छ । एउटा वर्गको स्वतन्त्रता लुट्ने र अर्को वर्गको स्वतन्त्रता लुटिने । तर त्यहाँ स्वतन्त्रताको प्रलोभन हुन्छ । त्यही प्रलोभनका कारण मानिसले बुर्जुवा समाजमा स्वतन्त्र भएर बाँच्ने अभिलाशा राख्छ तर के ऊ नेपालको दलाल पुँजीवादी सत्ताको भ्रष्टाचार, महँगी, तस्करी, गरिबी, चेलीहरूको बेचबिखन, अशिक्षा, रोग, भोक, नाङ्गो शरीर, सामाजिक हेपचेप, केही मानिसको लुटखसोटको कारण बन्ने अर्बपति र केही मानिस बस्ने ठाउँ नपाएर हुने कङ्गाल, सुकुमबासीजस्ता सामाजिक घटनाक्रमहरूबाट स्वतन्त्र हुनसक्छ ? बिल्कुल असम्भव छ । के विकसित देशहरूमा ९९ प्रतिशत जनताको भन्दा १ प्रतिशत धनाढ्यको सम्पत्ति हुने गरी आर्थिक ध्रुवीकरणको दुर्दशा झेलिरहँदा मानिस स्वतन्त्र भएर बस्न सक्छ ? जब हामी समाजका परिधिबाट प्राकृतिक रूपमा नै बाँधिएका छौँ भने हामी निश्चित सामाजिक मूल्य र मान्यतामा बाँधिनैपर्छ । जसरी हामी बुर्जुवा सत्ताका कुकर्म र विकृतिबाट स्वतन्त्र हुन सक्दैनौँ त्यसैगरी ती विकृतिका विरुद्ध सङ्घर्ष गर्ने र स्वाधीनता प्राप्त गर्ने ऐतिहासिक जिम्मेवारीबाट पनि मुक्त हुन सक्दैनौँ । त्यसकारण कसैले निरपेक्ष स्वतन्त्रताको कुरा गर्छ भने त्यो कोरा कल्पना, अवैज्ञानिक सोचाइ र मानवीय गुणको बोधभन्दा बाहिरको विषय बन्न पुग्छ । कम्युनिस्ट र क्रान्तिकारी जनवर्गीय सङ्गठनका सदस्यहरूले यो प्राकृतिक नियमलाई गम्भीरतापूर्वक लिन आवश्यक छ ।

कुनै पनि मार्क्सवादी-लेनिवादी-माओवादीले जब स्वतन्त्रताको कुरा गर्छौं त्यसको तात्पर्य पुँजीवादी उत्पीडनको जन्जिरबाट मुक्त हुने स्वतन्त्रता हो । त्यसको तात्पर्य के होइन भने सम्पूर्ण मानिस सामाजिक जिम्मेवारीबाट स्वतन्त्र होस् । यथार्थमा प्राकृतिक बन्धनबाट बाहिर सापेक्षित स्वतन्त्रता निर्जीव वस्तुमा मात्र मान्न सकिन्छ । त्यसरी हेर्दा मानिस सम्पूर्ण रूपले स्वतन्त्र त्यही बेला हुन्छ जब उसको मृत्यु हुन पुग्छ ।

## आगामी निकास ...

छोडौँ, पुँजीवादी मुलुकतर्फ लान पनि सक्दैनन् । केपी सरकार दलाल पुँजीको हरतरह पक्षपोषण गर्नमा व्यस्त छ । दलालहरूले mcc पास गर्नु कान्छीऔँलाको खेल ठानेका छन् । यो पास भएमा अनौठो मान्नुपर्ने छैन । आज यिनीहरूले राष्ट्रवादी, देशभक्त, क्रान्तिकारी शक्तिलाई प्रतिबन्ध लगाउँदै आफ्नो असली अनुहार जनतासमक्ष पेस गरेका छन् । सर्लाहीमा कुमार पौडेल, भोजपुरमा तीर्थ घिमिरे, ओखलढुङ्गामा निरकुमार राईको गिरफ्तारीपछि हत्या गर्दै केपीको जङ्गी घोडा 'बादल' सामाजिक फासिवादको अभ्यास गरिरहेको छ । जनताको अगाडि बादशाह घोडाबाट खसेको इतिहास साक्षी छ । तिमीहरूले क्रान्तिकारी योद्धाहरू चुँड्न सक्छौँ तर क्रान्ति चुँड्न सक्दैनौ । वसन्तको फूल चुँडाल्न सक्छौ तर वसन्त नै रोक्न सक्दैनौ । क्रान्तिकारी जनताको अगाडि फासिवादको पतन अवश्यम्भाबी छ । चेतना भया !

**घ) नेपाल कम्युनिस्ट पार्टी**

*'क्रान्ति गर्ने हो भने क्रान्तिकारी पार्टी हुनैपर्छ ।'*

***माओ त्सेतुङ***

मा-ले-मा-वादको प्रस्ट पथप्रदर्शक सिद्धान्त अङ्गीकार गर्दै लामो वर्गसङ्घर्ष र अन्तरसङ्घर्षको टक्करबाट २०७१ साल मङ्सिर ८ गते अलमलमा परको वैद्य र प्रचण्ड/बाबुरामद्वारा विसर्जित माओवादी खरानीबाट सुविधा र अवसरहरूलाई सचेततापूर्वक त्याग्दै महासचिव क. विप्लवको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी पुनर्गठन भएको छ । सही कार्यदिशाका साथै सही नेतृत्व हुनु वा नहुनुले धेरै कुराको फैसला गर्छ भन्ने मान्यता अघि सार्दै यो पार्टी श्रमजीवी नेपाली जनताका बीच भर्भराउँदो तरिकाले आशा र भरोशाको एक मात्र केन्द्र बन्दै छैटौँ वर्षमा प्रवेश गरिरहेको छ । यो पार्टीजीवन थुप्रै उतार-चढाव, हण्डर-ठक्कर, घात-प्रतिघात, दमन र प्रतिबन्ध, गिरफ्तारी-हत्यासम्मको सामना गर्दै अगाडि लम्किरहेको छ । यो पार्टी गठन दुनियाँले देख्ने र सुन्ने गरी काठमाडौँको खुलामञ्चमा भव्य उद्घाटनबाट भएको हो । आफ्नै श्रममा निर्मित रोल्पा थबाङको भव्य हलमा व्यवस्थित बन्दसत्र गरी पार्टीको ८ औँ महाधिवेशन सम्पन्न गरेका छौँ । यसै महाधिवेशनले नेपाली क्रान्तिको स्वरूप 'एकीकृत जनक्रान्ति' को माध्यमद्वारा वैज्ञानिक समाजवाद प्राप्त गर्न सकिन्छ भन्ने नयाँ विचारको प्रक्षेपण गरेको छ । महासचिवद्वारा प्रस्तावित उक्त नयाँ विचार थबा ङहलमा १ सातासम्म व्यापक छलफल, बहस, अन्तरक्रिया, प्रस्टीकरणसहित एकमतले तालीको लामो ध्वनिका साथ पास गरियो । यही विचारको आलोकमा हाम्रो पार्टी अगाडि बढिरहेको छ । हाम्रो पार्टीले प्रस्ट गरेको छ- एकीकृत जनक्रान्ति जनयुद्धको पुनरावृत्ति (रिपिटिसन) होइन । यो त जनयुद्धको विकास र समृद्धिसहितको बृहत् कार्यदिशा हो । यस कार्यदिशाले नेपालको वर्तमान राजनीतिक, सामाजिक आर्थिक, सांस्कृतिक र भौगोलिक विशेषताहरूलाई सूक्ष्म ढङ्गले औँल्याएको छ ।

एकीकृत जनक्रान्तिका निम्ति- नेपाल एक भूपरिवेष्ठित मुलुक हुनु, गाउँ-सहरको दूरी नजिकिँदै जानु, निम्नवर्ग र मध्यम वर्गको विशेषता, जात-जाति, धर्म-भाषा, भूगोललाई अन्धराष्ट्रवादी, जातिवादी, धर्म-भूगोलवादी नभई वर्गीय चिन्तन र कम्युनिस्ट विचारद्वारा सही नेतृत्व प्रदान गर्ने, भौतिक विज्ञान र इलेक्ट्रोनिक प्रविधिको विकास र अन्तर्राष्ट्रिय सम्बन्धबारे दस्ताबेजमा प्रस्ट हुँदाहुँदै केही भगौडा कुडाकर्कटले दुस्मनको कित्तामा पुगेर थबाङ कार्यदिशाबारे विषबमन गरिरहेका छन् । थबाङ महाधिवेशनमा आफैँले कपाल पकाउँदै निकालेको निष्कर्ष- प्रचण्ड/बाबुरामद्वारा क्रान्तिको 'विसर्जन' ' धोका'- आफैँलाई लागू गर्दै मजाकको साधन र जोक्कर बनिरहेका छन् । हो चि मिन्हले भनेझैँ 'गद्दारले धोका दिन्छ, कायरले घुँडा टेक्छ, बहादुरले सामना गर्छ' नेकपा हरेक चुनौतीको सामना गर्दै एकीकृत जनक्रान्तिको कार्यदिशामा अडिक र दृढतापूर्वक अघि बढिरहेको छ । एकीकृत जनक्रान्तिको कार्यदिशा व्यावहारिक र वस्तुवादी बन्दै गएको छ । यसले नेपाली श्रमजीवी जनताको आकर्षण पैदा गरेको छ । हामी यही कार्यदिशामार्फत नेकपाको नेतृत्वमा वैज्ञानिक समाजवाद ल्याइछोड्न दृढतापूर्वक अगाडि बढिरहेका छौँ ।

**निष्कर्ष : वैज्ञानिक समाजवाद**

*'मार्क्सवादको सैद्धान्तिक विजयले यसका शत्रुहरूलाई मार्क्सवादको मुकुण्डो लगाउन बाध्य गर्दछ ।'*

***– लेनिन***

भ्ला ई लेनिनले भनेझैँ आज कम्युनिस्टको खोल ओढेर कम्युनिस्टलाई प्रतिबन्ध लगाउने, समाजवादको खोल ओढेर समाजवादलाई नै विरूप-कुरूप पार्ने कार्य प्रतिक्रियावादी र संशोधनवादीहरूले गर्दै आएका छन् । नेपालमा यसको अगुवाइ सरकारी डबल नेकपाले गर्दै आएको छ । डबल नेकपा दलाल पुँजीवादको संस्थागत अभ्यास गर्दै अगाडि बढेको छ । हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी नेपालमा वास्तविक वैज्ञानिक समाजवाद प्राप्तिका निम्ति सङ्घर्ष गरिरहेको छ । वैज्ञानिक समाजवादप्रति भ्रमित नहुन निम्नप्रस्थापना आत्मसाथ गर्न जरुरी छ :

- सर्वप्रथम- सिद्धान्तबिनाको व्यवहार अन्धो हुन्छ । व्यवहारबिनाको सिद्धान्त लँगडो हुन्छ भनेझैँ आजका कम्युनिस्टहरूले मालेमावादलाई पथप्रदर्शक सिद्धान्त अङ्गीकार गर्नुपर्छ । वर्गीय पक्षधरता स्वीकार गर्नुपर्छ । उत्पीडित, श्रमजीवीका पक्षमा आफूलाई उभ्याउनुपर्छ र बल प्रयोगको सिद्धान्त अवलम्बन गर्नुपर्छ ।
- दोस्रो- वैज्ञानिक समाजवादको आधार सुकुमबासीका समस्या सम्बोधनबाट आरम्भ गर्नुपर्छ ।
- तेस्रो- श्रमिकहरूका समस्या र किसानका समस्या सम्बोधन गर्नुपर्छ ।
- चौथो- स्वास्थ्य-शिक्षा निःशुल्क राज्यले प्रदान गर्दै जानुपर्छ ।
- पाँचौँ- कलकारखाना, उद्योगधन्दा राज्यको मातहत हुनुपर्छ ।
- छैटौँ- सम्पूर्ण निजी सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ ।
- सातौँ- सम्पूर्ण नागरिकको नैर्सगिक अधिकार- गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगार-राज्यले प्रदान गरी नागरिकको सम्पूर्ण जिम्मा लिनुपर्छ ।

काम, कामअनुसार माम, शोषणविहीन, मुनाफाको लुटरहित समाज नै वैज्ञानिक समाजवाद हो । नेपाली जनताले यही सक्कली कम्युनिस्ट व्यवस्था प्राप्तिका निम्ति २००६ सालदेखि नै ठूलाठूला सङ्घर्ष र बलिदान गर्दै आएका छन् । नेतृत्वको निजी स्वार्थ, बेइमानी, धोकाधडीका कारण ६५ प्रतिशत नेपाली जनताले कम्युनिस्टप्रेमी हुँदाहुँदै समाजवादको सुन्दर व्यवस्थाबाट वञ्चित हुनुपरेको छ । आउनुहोस् नक्कली समाजवादको मुकुण्डो च्यात्दै दलाल पुँजीवादका विरुद्ध सङ्घर्ष गरौँ- वैज्ञानिक समाजवाद प्राप्त गरौँ । जित सत्यको हुनेछ । अन्तिम जित जनताका पक्षमा हुनेछ ।

# एमसीसी सम्झौता राष्ट्रघाती : डा. पन्त

इतिहासका जानकार एवम् सीमाविद् डा. शास्त्रदत्त पन्तले अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) देशको हितमा नभएको बताएका छन् । सरकारले राष्ट्रिय स्वाधीनतामाथि नै आँच आउने गरी उक्त सम्झौता गरेको भन्दै पन्तले त्यसको खारेजीको माग पनि गरेका छन् ।

संवाद डबलीमा शुक्रबार आयोजित कार्यक्रममा डा. पन्तले सरकारको नेतृत्व गर्नेहरू देशको विरासतपूर्ण इतिहासबारे गहिरो अध्ययन नगरी राजनीतिमा लागेकाले देश विगतभन्दा निकै जर्जर भएको आरोप पनि लगाए । पुर्खाहरूले आर्जेको नेपाली भूमिको गौरवशाली पहिचान र मर्मको गाम्भीर्य नबुझ्नुको परिणाम वर्तमान सत्तासीनहरूले जे मन लाग्यो त्यही गरिरहेको पन्तले बताए ।

अर्को प्रसङ्गमा डा. पन्तले सरकारले नागरिकको आवाजमा प्रतिबन्ध लगाउने नियतले सूचना प्रविधि विधेयक ल्याएको बताए । उनले सूचना प्रविधि विधेयक जस्ताको तस्तै पारित भए सत्य बोल्न पनि नपाइने धारणा राखे । 'सरकारले जनताको आवाज निमोठ्न सूचना प्रविधि विधेयक ल्याएको छ । सरकारले आफ्नो आलोचना गर्नेलाई ठेगान लगाउन यस्तो विधेयक ल्याएको हो । एकातिर राष्ट्रघाती एमसीसी सम्झौता गर्नु र अर्कोतिर सूचना प्रविधि विधेयक ल्याउनुले सरकार फासिवादको बाटोमा अगाडि बढेको छ । यसको विरोधमा सडकमा आउने बेला भएको छ', डा. पन्तले भने ।

नेतामा हुनुपर्ने गुण नभएका व्यक्तिहरूले राज्यसत्ता समालेका कारण नागरिकले दुःख पाएको उनको भनाइ थियो । पन्तले अगाडि भने, 'नेपालमा नेता नै छैनन् । नेता इमानदार, विज्ञ, स्वस्थ र देशप्रति बफादार हुनुपर्छ । यस्ता नेताले मात्र देश र जनताको भलो गर्न सक्छन् । यहाँ त त्यसको ठीक उल्टो छ । हाम्रा नेतामा सामान्य नैतिकतासमेत छैन ।'

# बनफडानी नरोकिए अबध स्वायत्त प्रदेशले कारबाही गर्ने

**कपिलवस्तु** : नेपाल कम्युनिस्ट पार्टी अबध स्वायत्त प्रदेशले बन क्षेत्रको दोहनविरुद्ध सङ्घर्ष गर्ने बताएको छ । शुक्रबार प्रेसविज्ञप्ति जारी गर्दै स्वायत्त प्रदेशअन्तर्गत तराई क्षेत्रमा वैज्ञानिक बन व्यस्थापनका नाममा भूमाफिया, बन विभागका भ्रष्ट कर्मचारी र आईएनजीओ मिलेर बन क्षेत्रको अत्यधिक दोहन गरेको भन्दै तत्काल नरोके कारबाही गर्ने चेताबनी दिएको हो ।

स्वायत्त प्रदेशका प्रमुख नाथुप्रसाद थारूद्वारा जारी विज्ञप्तिमा वैज्ञानिक बन व्यवस्थापनका नाममा गरिएको बन फडानी तत्काल रोक्न चेतावनी दिइएको छ । विज्ञप्तिमा भनिएको छ, 'तराईमा सामाजिक दलाल सरकारद्वारा संरक्षित भूमाफिया, काठतस्कर, बन विभागका भ्रष्ट कर्मचारी र आईएनजीओ मिलेर वैज्ञानिक बन व्यवस्थापनका नाममा साललगायत घनाजङ्गल फडानी गरी हजारौँ हेक्टर बन क्षेत्र सखाप पारिएको छ र ती क्षेत्र उजाड चौरमा परिणत भएका छन् । यसले एकातिर प्राकृतिक प्रकोपको जोखिम बढेको छ भने अर्कोतिर पर्यावरणमा समेत गम्भीर असर पारेको छ ।'

सरकारको कथित वैज्ञानिक बन व्यवस्थापन कार्यक्रमबारे कसैलाई पनि भ्रममा नपर्न अपिल गर्दै नेकपाले प्राकृतिक स्रोत र साधनमाथिको लूट र दोहनको अन्त्य वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र सम्भव भएको जनाएको छ ।

# कालीकोटमा जनसभा सम्पन्न

नेपाल कम्युनिस्ट पार्टी कालीकोटले खुला जनसभाहरूलाई तीव्रता दिइरहेको छ । पार्टीको केन्द्रीय कार्यक्रमअनुसार जिल्लाका विभिन्न ठाउँमा राजनीतिक तथा सांस्कृतिक अभियान तीव्र रूपमा अगाडि बढिरहेको जानकारी जिल्ला सेक्रेटरी रणदीपले दिए ।

नेकपाले सोमबार नरहरिनाथ गाउँपालिकाअन्तर्गत रूपसाको राष्ट्रिय जनता माविमा जनसभा तथा सांस्कृतिक सभा सम्पन्न गरेको छ । जनसभामा जनताको उल्लेखनीय सहभागिता रहेको नेकपा कालीकोटले जनाएको छ । सभालाई जिल्ला स्तरका नेताहरूले सम्बोधन गरेका थिए । कार्यक्रममा नेताहरूले आफ्नो पार्टीलाई दलालहरू जबर्जस्ती युद्धमा धकेल्न खोजेको भन्दै आपत्ति जनाए । उनीहरूले जनतालाई विभिन्न सपना बाँड्दै लुटिरहेको भन्दै आक्रोश व्यक्त गरे । कार्यक्रममा केन्द्रीय सांस्कृतिक टोली सामनाले जनवादी गीत र नृत्य प्रस्तुत गरेको थियो ।

# नवलपुरमा युवाहरूको भेला

नेपाल कम्युनिस्ट पार्टी निकट युवा सङ्गठन नेपाल नवलपुरको जिल्ला भेला सम्पन्न भएको छ । भेलाले अविनाशको अध्यक्षतामा ११ सदस्यीय नयाँ जिल्ला समिति चयन गरेको छ । जिल्लाको प्रथम भेलाले अविनाशको नेतृत्वको ११ सदस्यीय समिति गठन गरेको हो । युवा सङ्गठनका महासचिव सागरको प्रमुख आतिथ्यमा उक्त भेला सम्पन्न भएको भेलालाई सम्बोधन गर्दै प्रमुख अतिथि युवा सङ्गठनका महासचिव सागरले युवाहरूको काँधमा देश बचाउने नयाँ जिम्मेवारी आएको बताए । उनले भने, 'हाम्रो देशका दलाल शासकहरूले विदेशी साम्राज्यवादीहरूको जुठोपिठो खाएर नेपाल आमाको अस्मितालाई बेच्न खोज्ने दलालहरूले अनुदानका नाममा एमसीसीलाई सदनबाट पास गरेर वैधानिक दिएमा यो देशको स्वाधीनताका लागि टाउकोमा रातो कफन बाँधेर सङ्घर्षमा उत्रनुपर्छ ।'

समय समीक्षा

# युद्धपिपासु सत्ताउन्मादविरुद्ध विद्रोहको ज्वालामुखी



अशोक सुवेदी

संसारकै जनतन्त्रविरोधी शासकहरू झन्झन् युद्धपिपासु बन्दै गएका छन् । दोस्रो विश्वयुद्धपछि र विशेषगरी समाजवादी केन्द्रमा संशोधनवाद र साम्राज्यवादी हमला, प्रतिक्रान्तिपछि उन्मत्त भएर युद्धपिपासु बन्दै आएको साम्राज्यवाद अब घोषित रूपमै उत्तरसाम्राज्यवादमा पतन भएको छ र उसका अनुयायी दलाल शासनसत्ता अर्थात् व्यवस्था नै स्वतन्त्र देश र श्रमिक जनताका विरुद्ध रक्तपिपासु बन्दै गएका छन् । यसको असर संसारकै श्रमजीवी वर्गमा परिरहेको छ । नेपाली शासकहरूले पछिल्लो समयमा देखाएका स्वतन्त्रताविरोधी हर्कतहरू यसैका पछिल्ला कडी हुन् । केपी वली सरकारले राष्ट्रियतामाथिका सङ्कट र समस्याहरूबारे बहस चलाइरहेका राष्ट्रिय जागरण मञ्चका संयोजक एवम् रातो खबरका पूर्वनिर्देशकसमेत रहेका नेकपाका पूर्वकेन्द्रीय सदस्य गुणराज लोहनीलाई सामबार गरेको पुनर्गिरफ्तारीलाई फासिवादको प्रयोगकै अभ्यासका रुपाम लिइएको छ । त्यसो त नेकपाका पूर्वस्थायी समिति सदस्य एवम् मध्यकेन्द्रीय कमान्ड इन्चार्ज सुदर्शनलगायत झन्डै एक हजार योद्धाहरूलाई सरकारले जेल र हिरासतमा बन्दी बनाइरहेको छ ।

साम्राज्यवाद भनेको युद्ध हो, रक्तपिपासु युद्ध । साम्राज्यवादका दलालहरू अर्थात् दलाल पुँजीवादी शासनसत्ता भनेको पनि युद्धकै धङधडी र निरन्तरता हो । उता साम्राज्यवादी अमेरिका इरानमाथि हमला र धावा बोलिरहेछ र सुलेमानीहरूको हत्या गरिरहेको छ । यता केपी वली र प्रचण्डहरू कुमार पौडेललगायत एक दर्जन हाराहारी क्रान्तकारीहरूको हत्या गरिरहेका छन् र राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्नुपर्ने माग राख्दै सरकारी हर्कतमाथि प्रश्न उठाउनेहरूलाई आतङ्ककारी भन्दै जेल, हिरासत र झूट्टा मुद्दामा फसाइरहेका छन् ।

यतिबेला सबैभन्दा बढी राष्ट्रियता रोएका आवाजहरू आइरहेका छन् सिर्जनामा । सँगसँगै जनतन्त्र र जनजीविकामाथि आघात परेका विषयहरू पनि उठिरहेकै छन् । कवि बीपी विद्रोहीले लेखेका छन् :

महेशपुरमा पाउ, दार्चुलामा केश रोएको छ
हेर त साथी मुर्छा परेर मेरो देश रोएको छ
थारूको आँखामा टिलपिलाइरहँदा कालापानी
थकालीको छातीभित्र तराई-मधेस रोएको छ
नक्कली त्यो राष्ट्रवादले आँगनीमै 'मुते' पछि
नालापानीमा बलभद्रको अवशेष रोएको छ ।

केपी वली कुनै दिन आफ्नै पार्टीका नेताहरू किनेर भारतलाई महाकाली बिक्री गरी पार्टी फुटाउने व्यक्ति हुन् र उनीमाथि महाकालीमा राष्ट्रघात गरेको गम्भीर आरोप कायमै छ । उनले यसबाट सफाइ पाउन सकेका छैनन् । यसै मेसोमा भारतीय साम्राज्यवादले नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरासमेत आफ्नो देशको नक्सामा समेटेर सार्वजनिक गऱ्यो । केपी वली चुँ बोल्न सकेनन् किनकि उनको राष्ट्रघाती छवि सुध्रिएको छैन । 'चान्स बाई हिरो' कथामा आगलागी भएको घरभित्रबाट आफू बच्न तलामाथिबाट हामफाल्दा अनुहार ढाक्न प्रयोग गरेको थाङ्नोमा बेरिएको बालक बचेपछि दुनियाँले बालक बचाउन आफ्नो ज्यानको बाजी लगाउने नायकको पगरी गुथाइदिएको कायर व्यक्तिभैँ राष्ट्रघातको कलङ्क बोकेर घिस्रिरहेको समयमा भारतले लगाएको नाकाबन्दीमा कथित अडान लिएर त्यो कलङ्कित 'छवि' माथि पर्दा हालेर सत्तामा पुगेका केपी वलीहरूले आफ्नो असली अनुहार कालापानी, लिपुलेक र लिम्पियाधुरामा मात्र होइन, ५५ अर्ब सहयोगको लोभमा अमेरिकी साम्राज्यवादसँग एमसीसी नामको बदनाम सम्झौता गरिरहेका छन् । त्यसलाई संसद्बाटै पारित गराएर नेपाललाई घोषित रुपमै साम्राज्यवादको सैनिक परेडस्थल बनाइरहेका छन् । उनको राष्ट्रघाती नाङ्गो अनुहार फेरि उदाङ्गो बनिरहेको छ । कवि युवराज नास्तिक भन्छन् :

मेरो उतापट्टि एउटा ठूल्दाइ छ
सरहद नाघेर कान्ला, आली, मूल सबै ताक्छ
लिप्टे नक्सा हल्लाएर
आफ्नै कार्टोग्राफिक धर्सो तान्छ
थोरै प्रतिक्रिया जनायो, सब्बै यस्तै हो
बढी नखोक भन्छ
अपहरण गरेर जङ्गे खम्बाकै निद्रा भङ्ग गर्छ
ऊ खोकिरहन्छ
हाम्रै बैदारहरूले कानमा तेल हालेको मौका छोपेर
ठूलो स्वरमा कराउँछ-
र भन्छ- लेक र भेक पूरै मेरै हुन्
अमिन, तहसिलदार, सरपञ्च सबै मै हुँ
मेरो उतापट्टि ठूल्दाइ छ
ऊ खोकिरहन्छ
लकिर चलाएर भावना जोखिरहन्छ

यतिबेला उता अमेरिकी साम्राज्यवादी 'ठूल्दाइ' इरान, इराक, सिरियालगायत मुलुकमा धावा बोलिरहेछ तर जनगणतन्त्र कोरिया (उत्तरकोरिया) लगायत सैन्य रणनीति र पारमाणविक उत्पादनमा आत्मनिर्भर मुलुकसँग पुच्छर लुकाइरहेछ । यता दक्षिणएसियाको अर्को भारतीय साम्राज्यवादी 'ठूल्दाइ' छ । पारमाणविक शस्त्रास्त्र सम्पन्न पाकिस्तानदेखि थुरथुर काँप्छ । चीनसँग आमनेसामने पर्नै चाहँदैन किनकि उसले पहिल्यै चीनको बज्रमुक्का खाइसकेको छ तर नेपाललगायत कमजोर आर्थिक र राजनीतिक अस्थिरता भएका मुलुकका शासकहरूलाई किन्छ र आफ्नो अनुकूलतामा चलाउँछ । साम्राज्यवादका गोटी बनेका नेपाली शासकहरू आफ्नो अस्तित्व, स्वतन्त्रता, समानता, भ्रष्टाचार-व्यभिचारमुक्त समाज निर्माणका लागि लडिरहेका योद्धाहरूलाई आतङ्ककारी भन्दै प्रतिबन्ध लगाउँछ र झ्यालखानामा कैद गर्छ । समाजमा विभेद लाद्छ र असमानताको पर्याय पुरुषवादी सत्तालाई प्रोत्साहन गर्दै महिलाहरूलाई हियाउँछ । निर्मला र शर्मिष्ठाका बलात्कारी र हत्यारालाई कारबाहीसम्म गर्दैन । यस्तै असमानताका विरुद्ध आक्रोश व्यक्त गर्दै कवि सङ्गीता पनेरू 'मलाई मजस्तै बन्न देऊ' कवितामा भन्छिन् :

मलाई मजस्तै बन्न देऊ
ताकि बन्नु छैन तिमीजस्तो
धुरी चढ्छे कि भनेर तिमी
एकैछिन भाडाको घोडा चढेर देखाउँछौ ।
रूखको फेदमा आफू बसेर
टुप्पोमा पुग्न उक्साइरहन्छौ
दुईचारजना भेला भएको ठाउँमा
भुइँको धुलो सम्झेर मलाई
टक्टक्याउन थाल्छौ जिब्राहरूले
र पखाल्छौ थुकहरूले ।
जिन्दगीका सजिला अनि अप्ठ्यारा बाटाहरूमा
हिँडिरहेकी यात्री
कुनै ठूला रहरहरू कदापि छैनन् मसँग
मात्र बिहान-बेलुका छाक टार्न पाए भो
शरीर ढाक्ने केही मिटर कपडा भए भो
माफ गर
तिमीले सोचेजस्ती छैन म
ताकि उचालेको कुकुरले मृग मारोस्
मलाई तिमीजस्ती होइन, मजस्तै बन्नु छ ।
मलाई आफ्नै बलबुताले गर्नु छ नयाँ सिर्जना
लिफ्टबाट होइन, भऱ्याङका सिँढीहरूमा थकाइ मार्दै पुग्नुछ
आफ्नै क्षितिजमा ।

हरेक युगमा जनताले समानता, स्वतन्त्रता र मुक्तिका लागि विद्रोह गर्छन् र बलिदान गर्छन् । कुनै पनि आन्दोलन विद्रोह र क्रान्तिको नेतृत्व क्रान्तिकारी पार्टीले गरिरहेको हुन्छ । जनताको साथ पाएपछि आन्दोलन, विद्रोह, युद्ध र क्रान्तिहरू अघि बढ्छन्, सफल हुन्छन् । नेपाली जनताले भने आन्दोलन, विद्रोह र युद्धमा अमूल्य योगदान दिएर र बलिदान रोजेर पनि नेतृत्वबाट बारम्बार धोका खानु परिरहेको छ । २००७ सालमा जनताले विद्रोहमा साथ दिए, काङ्ग्रेस, राजा, राणाले दिल्लीमा बसेर सम्झौता गरे, जनतालाई धोका भयो । २०२८ सालमा झापामा विद्रोह भयो । जनताले साथ दिए । आन्दोलनको उभार उठ्ने बेलामा नेतृत्वले आत्मसमर्पण र दलाली गऱ्यो । २०४६ सालमा त्यस्तै धोका भयो । २०५२ साल फागुन १ गतेबाट आरम्भ भएर झन्डै ११ वर्षसम्म सञ्चालित जनयुद्धको मुख्य नेतृत्व पनि दलाल सत्तासामु आत्मसमर्पण गर्न पुग्यो । यी सबै अनुभवहरूबाट पाठ सिकेर नेकपाको नेतृत्वमा एकीकृत जनक्रान्ति आरम्भ भएको छ र यसले नेपाली जनतालाई क्रान्तिकारी आशावादतर्फ अघि बढाइरहेको अवस्था छ । कवि राधा कार्की 'बलिदानको रङ' शीर्षक कवितामा भन्छिन् :

विश्वास नहुन पनि सक्छ
सँगै हिँड्नेहरूको
भरोसा नहुन पनि सक्छ
सँगै बौरनेहरूको
बाटो बिराउन पनि सक्छन्
परिवर्तनका ती बाहकहरू ।
अस्तिजस्तै लाग्छ
थुप्रै रहरहरू बन्धकी राखेर
रोपेकी थिएँ यिनीहरूसँगै
गैह्री खेतमा सपनाको बिउ !
नभन्दै
आशाहरू सल्बलाउँदै
झुपडीसम्म पुग्दा
सुन्तली, दाबा र रामजनमहरू
खुसीले चिच्याएका थिए
'आमा !
हाम्रो घरमा फूल फुल्यो !'
लागेको थियो-
समयले गहिरो स्पर्श गरिरहेछ ।
एकाएक मध्यरातमा
सपनामाथि अतिक्रमण भयो
पटक-पटकको हमलाले
विचलित भए- जिन्दगीका सारा आस्था र सङ्कल्पहरू
बस्तीमा रोइरहेका आमाहरूले
एकै स्वरमा भने-
हिजोसम्म यिनको टाउकोमा
अरूका लागि ठाउँ थियो
हिजोसम्म यिनको मुटुमा
अरूका लागि स्नेह थियो
हिजोसम्म यिनको शरीरमा
आफ्नै रगत र पसिनाको रङ थियो
जब विचलित भए यिनीहरू
तब सुकेर गयो
यिनको शरीरबाट रातारात
आँसु र बलिदानको रङ !

युद्धको नेतृत्वकर्ताको मस्तिष्कबाटै आँसु र बलिदानको रङ सुकेर खुइलिएपछि अर्थात् क्रान्तिको नेतृत्व गरेकाहरूको हृदयबाट संवेदना मरेर पतीत र पलायन भएपछि जनताले अर्को विद्रोहको बाटो रोज्नु रहर होइन, बाध्यता हो तर शासकहरू त्यो बाध्यता बुझेर पनि बुझपचाइरहेका छन् र विद्रोहीहरूलाई, क्रान्तिकारीहरूलाई आतङ्ककारी घोषणा गर्दै मारिरहेका छन्, थुनिरहेका छन् । कवि सिर्जना ढकाल धूमिलको हिन्दी कविता उद्धरण गर्दै सामाजिक सञ्जालमा पोस्ट गर्छिन् :

मेरे देश का समाजवाद
मालगोदाम में लटकती हुई
उन बाल्टियों की तरह है
जिस पर 'आग' लिखा है
और उनमें बालू और पानी भरा है ।

नेपाली शासकहरूले अहिले जनतालाई देखाएको नक्कली समाजवादको पुन्तुरोको सही दृष्टान्त हो यो कविता । जनतालाई भोक, गरिबी, अशिक्षा, रोग, भ्रष्टाचार, राष्ट्रघात र हत्याको उपहार दिने र 'समाजवाद' नारा लगाउँदै कम्युनिस्ट पार्टीको झन्डाको दुरुपयोग गर्ने केपी वली र पीके दाहालहरूको नक्कली मुखुन्डो यो कवितांशले राम्ररी उघारेको छ ।

जनयुद्ध महान् थियो, मात्र नेताहरू महान् हुन सकेनन् । जनता महान् थिए । देश महान् छँदैछ । कयौँ नेता र कार्यकर्ता आफ्नो निजी स्वार्थलाई तिलाञ्जली दिँदै देश, जनता र श्रमिक-सर्वहारा वर्गको मुक्तिका लागि युद्धमा लामबद्ध भएका थिए । तिनै वीर योद्धाहरूमध्ये झन्डै दस हजारले आफूलाई वर्गयुद्धमा आहुत गरे । हजारौँ बेपत्ता पारिए । दसौँ हजार घाइते, अपाङ्ग र अङ्गभङ्ग भए । कयौँ अझै शरीरभित्र दुस्मनका गोली र छर्रा बोकेर पीडामा जीवन बिताइरहेका छन् । कयौँ देशभित्रै कठोर श्रम गरिरहेका छन् भने कयौँलाई पलायन हुन बाध्य पारियो । हिजो जनयुद्धमा अब्बल दर्जाका भएर दुस्मन क्याम्प ध्वस्त पारेका योद्धाहरूलाई प्रचण्ड-बाबुरामले अयोग्यको बिल्ला भिराइदिएपछि कयौँ रुँदै घर फर्किए । कयौँ मुग्लान पसे, कयौँ देश र वर्गको मुक्तिको नयाँ क्रान्तिमा लामबद्ध बनिरहेका छन् ।

प्रतिमा शर्मा विगतलाई कोट्याउँदै र वर्तमानको चित्र प्रस्तुत गर्दै लेख्छिन् :

कालापानी, नालापानी, लिपुलेक र सुस्ता
कुन नेपाली हाँस्न सक्छ विस्तारवादले चुस्ता
सिमानाको रक्षा गर्न उठौँ नयाँ पुस्ता !...

'छापामार युवतीको किक' शीर्षकमा प्रस्तुत कविता यस्तो छ :

बजारका अनलाइन पोर्टलहरूले
पाएका छन् एउटा मायावी समाचार
राष्ट्रिय खेलकुदमा
आइपुगिन् एक पूर्वछापामार
देखाइन् आफ्नु कार्यकौशल
कराँते सेसनमा हानिन् यिनले
एक जोडदार किक
खत्रक्कै भो विपक्षी
यस्तै-यस्तै छन् समाचारहरू
छापामारहरू
बनिरहेछन् बजारका कारिन्दा
खुब खुसी छ बजार
खुब उत्साहित छ सञ्चार जगत्
सरकारलाई पनि लागिरहेको छैन दुःख
मलाई पनि त बढेकै छ उत्साह ।
छापामार न हुन्
यिनको किकले
हानिदियो भने
दलाल बजारकै नाकमा
पाखण्डी सत्ताकै छातीमा
वा नक्कली जनवादीकै लिङ्गमा
कस्तो होला त्यो किकको असर ?
बजारमा सनसनीपूर्ण खोजको भाउ घटेको छ

यसैगरी आफूलाई मन परेको 'यो समय !' शीर्षकको एउटा कविता कवि राधा दुलाल कार्कीले म्यासेन्जरमा पठाइदिएकी छिन् । स्रष्टा, उसको सिर्जना र कर्मबारे हामीलाई थाहा छैन तर यथार्थवादी भाव बोकेको कविता भन्छ :

यो समय
कमरेडहरू बदनाम भएको समय हो !
त्यो बदनामी पनि
खुद्रामा हैन, होलसेलमा !
यो समय
हूलका हूल कमरेडहरूले
आत्महत्या गरेको समय हो !
बोक्न नसकेपछि
कमरेड गरिमाको भारी
सत्ताको द्वारबाट
स्वाट्ट छिरेका लालकमरेडहरू
निस्कँदा अर्को ढोकाबाट
खाँट्टी दलाल बनेर निस्के !
र त्यसपछि
कुनै कमरेड भेटिए
ठमेलको नाइट क्लबमा
तरुनीका जाँघ चाटिरहेका
कोही कमरेड भेटिए
मालपोत कार्यालयहरूमा
सरकारी जग्गाको
कित्ता काटिरहेका
कोही कमरेड भेटिए
सहादतको स्वत्वसँग
सत्ता साटिरहेका !
कोही व्यस्त भेटिए
तस्करीको सुन लुकाउन
कोही व्यस्त भेटिए
पैसाको बिस्कुन सुकाउन
कोही व्यस्त भेटिए
चुनाव-चन्दाको
मूल्य चुकाउन
कोही व्यस्त भेटिए
दाताले दिएको पोको फुकाउन !
कोही कमरेड व्यस्त भेटिए
भ्रष्टाचारीलाई सुनपानी छर्कन
कोही व्यस्त भेटिए
बलात्कारीलाई सुरक्षित सेल्टर खोज्न
कमरेडबाट मरेको दिनबाट
झ्याउरी लागेर घरकी कमरेडनी
धेरै कमरेडहरू व्यस्त देखिए
लिभिङ टुगेदरको उद्योग खोल्न !
यसरी
आदर्श र मूल्य
नैतिकता र निष्ठा
उद्देश्य र गन्तव्य
सबैसबै होलिवाइनमा डुबेर मरेपछि
कमरेडहरू
नाङ्गानाङ्गै देखिए
र एकअर्काका गुप्ताङ्गहरू हेर्दै
हल्का लजाएझैँ देखिए !
यो समय
कमरेडहरूले नै
कमरेड शब्दको अस्मितामाथि
बलात्कार गरेको समय हो
कमरेडहरूको हातको झन्डाबाट
हामफालेर रातो रङले
आत्महत्या गरेको समय हो !
यो समय
इतिहासकै क्रूर, कुरूप र दुष्कर समय हो !
ठीक यही समयमा
केही कमरेडहरू
जारी समयको गर्भाशयमा
समाजवाद हुर्किरहेको गफ दिन्छन् !
यो समय
ती जाली कमरेडहरूको गफले
दुईतिहाई बहुमत बटुलेको समय हो !

यी स्रष्टाले प्रतिगामी चरित्रको फासिवादी सत्तामा टाँस्सिइरहेका कथित कमरेडहरूको दुर्दान्त र यथार्थ चित्र त कोरेका छन् तर जनयुद्धबाटै आएका केही थान कथित कमरेडहरूले देश र जनताको सपना भग्नावशेषमा परिणत गरिदिएको र क्रान्तिको झन्डा धुलो र हिलोमा फालिदिएको सहन नसकेर क्रान्तिको बाँकी कार्यभार पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दै एकीकृत जनक्रान्तिको बिगुल फुकेको देख्न सकेका वा हिम्मत गरेका छैनन् । वर्तमानको एउटा कुरूप पाटोको चर्चासँगै यी स्रष्टालाई अर्कोतिरको क्रान्तिको झर्झराउँदो उज्यालो पाटोको चित्रण गर्न र आशावाद जगाउन पनि आग्रह गर्नुपर्छ । विकल्परहित सत्ताको आलोचना गर्नु कुण्ठा मात्र पोख्नु हो । अरूले गर्न सकेनन्, अरू बिग्रिए भने राम्रो गर्न र सही बाटोमा हिँड्न बाटो खुला छ । मैदान खाली छ ।

कवि विष्णु अद्वितीयलाई पनि देश साह्रै दुखेको छ । देश दुख्दा मौन बस्ने वा मातृभूमि लुटिएको देख्दा पनि ढुकढुकी नबढ्ने मानिस देखेर उनको चित्त साह्रै दुखेको छ । उनी भन्छन् :

यी चुचुराहरू केवल हिमाल होइनन्
उठेका भूभागहरू केवल पहाड होइनन्
सुतेका भागहरू केवल मधेस होइनन्
र यो जमिन केवल जमिन होइन
बरु योभन्दा बढी हो
रगत-पसिनाको सागरसरि हो ।
अस्ति एउटा फाँट खोसियो
हिजो एउटा देउराली चोरियो
आज एउटा चुचुरो हरायो
भोलि सप्पैको पालो छ
र पनि साथी चुपचाप छ
किनकि उसलाई नबोल्ने फर्मान छ ।
र पनि निद्रामा मस्त छ
किनकि उसलाई अफिम खुवाइएको छ ।
र पनि मुर्दासरी छ मेरो भाइ
किनकि मालिकको स्वदेशी दासका
दासहरूमध्ये एक दास न हो ।
र मेरो दाइ पैसाको बिटो थुक लगाएर गन्दैछ
भोलिको कुरूप समय बाँच्न ।
के तपाईं रगत-पसिनाको पुञ्जलाई प्रेम गर्नुहुन्न ?

कवि श्यामकुमार बुढा बेलाबेलामा देश दुखेको गुनासो गरिरहन्छन् कविताबाट । उनीभित्रको स्वाभिमान कहिले महाकाली मिचिँदा, कहिले कालापानी, लिपुलेक र लिम्पियाधुरामा साम्राज्यवादी दारा र नङ्ग्राले कोपर्दा जाग्न थाल्छ । यस्तो बेलामा उनी दायाँबायाँ र तलमाथि कतै नहेरी विद्रोह बोल्न थाल्छन् । सच्चा र इमानदार देशभक्त कहिल्यै पनि सत्तास्वार्थी र लम्पट शासकहरूका पछि लागेर लेन्डुप बन्न सक्तैन भन्ने उनलाई पनि थाहा छ । उनी भन्छन् :

जानाजान घरबाटै पर सरेपछि
फेरि घर प्यारो हुन्छ कसरी ?
परकै मिठोमसिनोमा पल्केपछि
घरको रुखोसुखो मीठो हुन्छ कसरी ?
परकै सुगन्धित पर्फ्युममा मुग्ध भएपछि
घरमा तितेपातीको गन्ध राम्रो लाग्छ कसरी ?
त्यसैले पतन त पतन नै हो
पतनको अर्थ सुखसमृद्धि कसरी हुन्छ र ?
चाकरी र चाप्लुसीको साथ भएपछि
सत्य र इमानसँग हात रहन्छ कसरी ?
निष्ठा र आदर्श फालेपछि
लक्ष्य र उद्देश्य प्राप्तिको आँट रहन्छ कसरी ?
पानी खन्याई आगो निभेको मुढोमा
भोक लाग्दैमा भात पाक्छ कसरी ?
त्यसैले पतन त पतन नै हो
पतनको अर्थ सत्य-निष्ठा कसरी हुन्छ र ?
टुप्पोमा बसेर फेद काटेपछि
करिस्मामय चमत्कार हुन्छ कसरी ?
दिमागभरि व्यभिचार सोचेर
मुखले सदाचार ओकल्दैमा
सद्बुद्धिको हुन्छौ कसरी ?
हरदम परायाको फाँचोमा खेलेर
आफन्तको कल्याण गर्छौ कसरी ?
त्यसैले पतन त पतन नै हो
पतनको अर्थ सदाचार कसरी हुन्छ र ?
जानाजान सैतानको जालमा पसेर
ताई हुँदै भुङ्ग्रोमा खसी
महान् लक्ष्य भेदन हुन्छ कसरी ?
एकपछि अर्को गर्दै हुने अविच्छिन्न स्खलनले
शक्तिको क्षयीकरण रोकिन्छ कसरी ?
त्यसैले पतन त पतन नै हो
पतनको अर्थ पुनर्ताजगी कसरी हुन्छ र ?
स्वच्छन्द धर्तीमा रछ्यान रोजेपछि
अग्रगामी छलाङ हुन्छ कसरी ?
चैते विनास र सौतेलो चेपमा
तिमीबाट अन्यायमा परेका
आफ्नै सन्तानका विद्रोही क्रोधको
सम्बोधन गर्छौ कसरी ?
पल-प्रतिपल झन्झन् रसातलमा झरेर
रणनीतिक प्रत्याक्रमण गर्छौ कसरी ?
जति अघि बढ्यो उति दलदलमा फसेर
ढाडमा टेकी टाउकोमा हान्छौ कसरी ?
पतनपछि पतन, अझ अर्को पतन गर्दै विकसित
महापतनको बुई चढेर अन्तिम विजयको लक्ष्य चुम्छौ कसरी ?

श्रमजीवी-सर्वहरा वर्ग र श्रमिक जनतासँग जनविरोधी सत्ता सधैँ डराइरहन्छ । जस्तोसुकै जनविरोधी, राष्ट्रविरोधी काम गरे पनि जनताले सधैँ समर्थन गरिदेओस् भन्ने चाहने सत्ता सञ्चालकहरू आफ्नो स्वार्थप्रतिकूल हुनेबित्तिकै विभिन्न आरोप र अभियोगहरू थोपर्छन्, मुद्दा लगाउँछन्, जेलमा कोच्छन्, यातना दिन्छन् र हत्यासम्म गर्छन् । कुमार पौडेललगायत नेकपाका १२ भन्दा बढी नेता, कार्यकर्ता र योद्धाहरूको हत्या स्वेच्छाचारी सत्ताको समर्थन नगरेको र देश र जनताका पक्षमा न्याय माग्दाको नतिजा हो । नेपालको भूमि नेपालकै हुनुपर्छ भनेर नेपाली नागरिकले आवाज उठाउन पनि नपाउने ? साम्राज्यवादी हस्तक्षेप र षड्यन्त्र अन्त्य हुनुपर्छ भनेर आवाज उठाउँदा अराष्ट्रिय, राजद्रोही र राज्यविप्लवी भइने कस्तो शासन व्यवस्था हो यो ? कसको शासन व्यवस्था हो यो ? यसै मेसोमा स्रष्टा शारदा भण्डारी भन्छिन् :

सङ्गठन बनाउने हामी
जङ्गल धाउने प्रहरी
निकम्मा यो सरकारलाई
डर कत्तिकत्ति ?
नारा लेख्ने हामी
पोत्दै हिँड्ने प्रहरी
निरङ्कुश यो सरकारलाई
डर कत्तिकत्ति ?
सभा-सम्मेलन गर्ने हामी
गिरफ्तार गर्ने प्रहरी
फासिस्ट यो सरकारलाई
डर कत्तिकत्ति ?
भ्रष्ट कारबाही गर्ने हामी
सुरक्षा दिने प्रहरी
दलाल यो सरकारलाई
डर कत्तिकत्ति ???

वर्तमान सत्ता, सरकार र यसका गतिविधिप्रति आजका क्रान्तिकारीहरू मात्र होइन, समसामयिक धाराका स्रष्टाहरू पनि आक्रोशित छन् । तीसको दशकका विद्रोही कवि एवम् नाटककार अशेष मल्लले कलात्मक भाषामा वर्तमान शासनशैलीको विरोध गरेका छन् । उनी भन्छन् :

के तपाईंलाई थाहा छ
पर्खालबाहिर
आँधीले ढलेका छन्
बिजुलीका खम्बा, रूख र ससाना घरहरू
केवल ठडिएका छन् अग्ला घरहरू
बुख्याँचा शैलीमा
के तपाईंलाई थाहा छ
पर्खालले छेकिएपछि
विचारहरू पनि छेकिन्छन्
छेकिन्छन् दृष्टि पनि
के तपाईंलाई थाहा छ
तपाईंबाहेक
धेरैथोक
छेकिएको कुरा ?

हो, आलिसान महलमा बसेर जनताका नाउँमा शासन गर्नेहरूले देश र जनताको वास्तविक अवस्था देख्दैनन् । महलमा बस्नेहरूले सडकको पिरमर्का, दुःख र आवाज सुन्दैनन् ।

आज शासकहरू कालापानी, लिपुलेक र लिम्पियाधुरा भारतीय शासकले तयार पारेको नक्सामै देख्न र नेपालको मानचित्रबाट मेटिएको हेर्न चाहन्छन् । उता अमेरिकी साम्राज्यवादले खतरनाक योजनासहित थोपरिदिएको केही हजार डलरको भुलभुलैयामा परेर नेपाली शासकहरू एमसीसी नामको खतरनाक अमेरिकी योजना संसद्बाटै पारित गराउने र नेपाललाई वैधानिक रुपमै अमेरिकी सैनिकको परेड खेल्ने मैदान बनाउने षड्यन्त्रमा सामेल छन् । भारतीय साम्राज्यवादी हस्तक्षेपको झैँ नेपालका गाउँदेखि चोकचोक र घरघरसम्म एमसीसी नाउँको साम्राज्यवादी घुसपैठको विरोध भइरहेको छ । स्रष्टा अशोक सुवेदी 'एमसीसी अर्थात् युद्ध' शीर्षकमा लेख्छन् :

नसा र धमनीहरूमा अलिकति
अलिकति देशभक्तिको
अलिकति राष्ट्रवादको र
बगेको छ भने अलिकति
मातृभूमिको रगत
बाँकी छ भने कतै
आफ्नो देशको हावा, पानी, माटो, आकाश
आफ्नो जाति, स्वाधीनता, गौरव र पौरखप्रति
बाँकी छ भने कतै
शेष मात्र पनि माया
आफ्ना पुर्खाको त्याग, शौर्य, बलिदानप्रति
अलिकति मात्र श्रद्धा छ
र छ भने सन्ततिको भविष्यप्रति
अलिकति मात्र पनि प्रेम
बोल
उत्तरसाम्राज्यवादी नयाँ हमला हो एमसीसी
यो हाम्रो भूमिलाई खरानी बनाउने
नयाँ पारमाणविक अस्त्र हो
र हो याङ्कीहरूलाई यो सुन्दर र 'पवित्र' भूमिमा परेड खेलाउँदै
दक्षिणएसियाबाट कब्जा गर्ने सिङ्गो एसियालाई
यो सुलेमानी, सद्दाम हुसेन र बग्दादीहरूको हत्याको नयाँ संस्करण हो
सिरिया, इरान, अफगानिस्तान, इराकमा जस्तै नयाँ हमला हो
हिजो कोरिया, क्युबा, भियतनामहरूमाथि भएजस्तै
साम्राज्यवादले थोपरेको युद्ध हो
बोलिभारियन मुलुकहरूमाथि गरिएजस्तै आक्रमण हो
यो यहाँबाट आरम्भ गरिएको नयाँ विश्वयुद्ध हो
त्यसैले अन्तिम सास र धुकधुकी रहुन्जेलसम्म
देशभक्तहरूको शरीरमा
र रहेसम्म एक थोपा रगत मुटुमा
गरौँ प्रतिरोध

... बाँकी पृष्ठ ७ मा

## एमसीसीबारे ...

अमेरिकाले हिन्द-प्रशान्त रणनीतिको मुख्य उद्देश्य चीनको प्रभाव र विस्तारलाई दक्षिणएसियामा रोक्ने हो भनेकै छ तर हामीले नेपालकेन्द्रित अमेरिकी चासोलाई हेर्दा चारवटा भित्री योजना देख्न सकिन्छ। पहिलो, चीनको प्रभावलाई रोक्ने, दोस्रो दक्षिणएसियामा देखिएको कम्युनिस्ट क्रान्तिको सम्भावनालाई रोक्ने, तेस्रो नेपालको कम्युनिस्ट क्रान्तिलाई रोक्ने र चौथो नेपालमा अमेरिकी सैन्य अड्डा खडा गर्ने।

३) **यसको राष्ट्रघाती चरित्र**

एमसीसी लिएर अमेरिका आउनुको उद्देश्य हेर्दा प्रस्ट हुन्छ- यो परियोजना नेपालका लागि राष्ट्रघाती छ। यसको राष्ट्रघाती अनुहार अझ छर्लङ्ग एमसीसी सम्झौतापत्रमा देखिन्छ। जब यो सम्झौता संसद्ले पास गर्नेछ त्यसपछि नेपालमा सम्झौतामा उल्लेख भएका हदसम्म नेपाली कानुनको सट्टा अमेरिकी कानुन (सम्झौता अमेरिकी कानुन नै हो) लागू हुनेछ। नेपालका तत्‌तत् क्षेत्र अमेरिकी कानुनद्वारा निर्देशित र परिचालित हुनेछन्। नेपालका नागरिक नेपालको कानुनबाट होइन, अमेरिकी कानुनबाट शासित हुनेछन्। एमसीसीले विकास हैन, नेपालमा विनाश बोकेर आउँदैछ। भारतमा ब्रिटिसहरू पहिले घुमन्ते बनेर त्यसपछि व्यापारी बनेर त्यसपछि बन्दुक बोकेर त्यसपछि सत्ता खोस्दै आएको जस्तो एमसीसीको पैसापछि अमेरिका त्यसरी नै आउने प्रस्ट छ। के यो तथ्य स्पष्ट छैन र!

विषय यति गम्भीर हुँदाहुँदै पनि काङ्ग्रेस, केपी वली समूह, कमल थापा र केही कूटनीतिज्ञ भन्नेहरूले एमसीसीलाई आर्थिक सहयोग र विकाससँग जोडेर यत्रो पैसा खेर जान दिनु नहुने, अमेरिकाको विकास होस् भन्ने चाहनालाई हस्तक्षेपमा बुझ्न नहुने, अमेरिकालाई जिस्क्याउन नहुने, शक्तिराष्ट्रसँग खेल्न नहुनेजस्ता अत्यन्त राष्ट्रिय आत्मसमर्पणवादी तर्क गरिरहेका छन्। हामीले बुझ्नुपर्छ एमसीसीको विषय धेरै पैसा र कम पैसा, विकास र अविकास, शक्तिराष्ट्र र कमजोर राष्ट्रसँग जोडिएको वा जोड्नुपर्ने विषय होइन। यस्तो तर्क गर्नु भनेको पद र पैसा पाएपछि देश बेचे पनि हुन्छ भन्ने लेन्डुपे तर्क हुन्छ। एउटा रमाइलो के भयो भने एमसीसीलाई आईपीएससँग सम्बन्धित छैन भनेर काङ्ग्रेस, केपी वलीका मान्छेहरू चिच्याइरहेकै बेला अमेरिकी राजदूतावासबाट आईपीएसकै अङ्ग हो भनेर वक्तव्य आयो। एमसीसीलाई आईपीएससँग सम्बन्धित छैन भनेर अमेरिकी सेवा गर्न चाहने दलालहरूलाई मालिकले यसरी उदाङ्गो बनाइदियो, दलालीको पनि आँट चाहिन्छ, पैसा चाहिएको हो भने खुला अमेरिकाका पक्षमा उभिएर बोल, हैन भने पाउँदैनौ भनिदियो। अब के गर्ने, मुख्यतः केपी गुटलाई चुनौती थपिएको छ।

४) **राष्ट्रघातको सम्भावना**

एमसीसीविरुद्ध ठूलो जनमत देखिएपछि केपी सरकारले के गर्ला ? भन्ने प्रश्न उठेको छ। तर केपी वली, नेपाली काङ्ग्रेस र कमल थापाहरूले एमसीसी जसरी पनि पास गर्नुपर्छ भन्दै गर्दा संसद्बाट राष्ट्रघात हुने सम्भावना प्रबल बनेको छ। यसलाई प्रचण्डको केही बुँदा सच्याएर पास गर्नुपर्छ भन्ने चरम अवसरवादी, उपयोगितावादी चरित्रले मलजल गर्ने देखिन्छ।

हामीलाई एमाले पार्टी फुटाएर पनि केपी गुटले महाकाली सम्झौतालाई संसद्बाटै पास गरेर अकल्पनीय क्षति पुऱ्याएको घटना ताजै छ। त्यसबेला पनि केपी गुट, काङ्ग्रेस र राप्रपाहरूकै गठजोड थियो। आज एक्काईस वर्षपछि केपी गुटले पुनः त्यही कलङ्कित अपराध दोहोऱ्याउने सम्भावना छ। सार्वभौमिक भनिएको संसद्बाट राष्ट्रघातमा सहीछाप लगाइने सम्भावना बढेको छ। यसको छनक केपी वलीले पूर्वसभामुख कृष्ण महराले गर्दा संसद्मा पेस हुन र पास हुन सकेन भनेर दिइसकेका छन्। एक प्रकारले भन्दा समस्या एमसीसीको भन्दा केपी प्रवृत्तिको बढी देखिन्छ। रूपमा शान्ति, विकास, राष्ट्र बोकेजस्तो तर सारमा पद र कुर्सीका लागि देशलाई नै घात गर्ने प्रवृत्ति जुन प्रवृत्ति काङ्ग्रेस, प्रचण्डहरूभित्र पनि प्रसस्त देखिन्छ। यही प्रवृत्तिका कारण देशले ठूलो मूल्य चुकाउनुपर्ने समस्या आउन सक्छ।

५) **यसको प्रतिरोध**

साम्राज्यवादी अतिक्रमण हुँदै गर्दा देशको स्वाधीनता र सार्वभौमिकता कुनै पनि पार्टी, नेता, संसद्, सरकारभन्दा माथि हुन्छ। कुनै नेता, पार्टी, संसद् र सरकारले देश र जनताको प्रतिनिधित्व एवम् नेतृत्व गर्न सक्दैनन् भने तिनको निर्णय, आदेश र नेतृत्व मान्ने हुँदैन। देशको स्वाधीनता र सार्वभौमिकताका लागि वास्तविक देशभक्त एवम् क्रान्तिकारी शक्तिले जनताको बीचबाट नेतृत्व गर्नुपर्ने हुन्छ। जसरी रुसमा संसद्को सट्टा सोभियतले र चीनमा च्याङकाई सेकको सट्टा जनवादी सरकारले देशको स्वाधीनताको नेतृत्व गर्नु परेको थियो।

आज नेपालमा त्यस्तै परिस्थिति र जिम्मेवारी आएको छ। केपी सरकारले संसद्बाट एमसीसी पास गर्ने अवस्था आयो, संसद्ले स्वाधीनताको रक्षा गर्न सकेन, देशभक्त नेपालीको प्रतिनिधित्व गर्न सकेन, नेताहरू दलालकै रूपमा भासिए भने स्वाधीनताको रक्षाका लागि जनताका बीचबाट देशभक्तिको सङ्घर्ष अगाडि बढाउनुपर्छ। देशको रक्षा गर्नु हरेक नागरिकको अधिकार र जिम्मेवारी हो। जनता एक भएर उठे कसैले हराउन नसक्ने तागत पैदा हुन्छ। देशको स्वाधीनताको रक्षा पनि अन्ततः जनताकै तागतले पूरा गर्छ।

२ माघ, २०७६

## एकीकृत जनक्रान्ति ...

छ। देश रेमिट्यान्सले धानिरहेको छ। गफ दिन्छ समृद्धिको।

राष्ट्रियताको सवाल उस्तै खतराको डिलमा छ। हाम्रा वीर पुर्खाहरूले लडेर बचाएको देश आज छिमेकी मुलुक भारतले हडप्दै आएको छ। नेपाल आज यही दलाल व्यवस्थाका कारण र दलालहरूको कमजोरीका कारण नेपाल लागूपदार्थ बिक्रीवितरण र उपभोगको केन्द्रस्थल बनेको छ। दिनदहाडै सीमा मिचिएको छ। हुँदाहुँदा कालापानी, लिम्पियाधुरा र लिपुलेक भारतले आफ्नै नक्साभित्र पार्दासमेत एक शब्द बोल्दैनन्। यो ठीक भएन, खबरदारी गर्नुपर्छ, राष्ट्रियताको रक्षा गर्नुपर्छ भन्नेहरूलाई खोजीखोजी जेलमा हालिएको छ। १९५० लगायत असमान सन्धिसम्झौता खारेज गर्ला भन्दा झनै नयाँनयाँ राष्ट्रघाती सम्झौताहरू गरिएको छ। केपी-प्रचण्डहरूलाई लाज लाग्नुपर्ने हो। यतिबेला सम्पूर्ण जनता राष्ट्रका पक्षमा उभिँदा नेतृत्व लिनुपर्ने थियो तर यहाँ तैं चुप मै चुप गरिरहेको छ। यतिबेला नेपाली जनतालाई शङ्का लागिरहेको छ- यो सबै काम भारतले मात्र चाहेर होइन, केपी-प्रचण्डको सहमतिमा भएको छ। यतिबेला केपी वलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपालमा भ्रमण गर्न निमन्त्रणा गरेका छन्। यसको मतलब लिम्पियाधुरा, लिपुलेक र कालापानी भारतकै हो भन्नका लागि हुनसक्छ। केपी वलीको नेतृत्वको सरकार इतिहासकै कमजोर र कलङ्कित भएको यो घटनाले पुष्टि गरेर देखाएको छ। प्रचण्ड र केपी लुते कुकुरले झैं टाँगमुनि पुच्छर लुकाएर मोदीको टाँगमुनि छिर्ने, मोदी हटहट गर्ने, उनीहरू आनन्द महसुस गरिरहेका छन्। सारमा भन्नुपर्दा यी सबै विषयवस्तुको विकल्प दिनसक्ने सबै समस्याको हल दिनसक्ने व्यवस्था वैज्ञानिक समाजवाद हो। यो वैज्ञानिक समाजवादी व्यवस्था ल्याउनका लागि क्रान्ति आवश्यक छ। त्यो क्रान्ति एकीकृत जनक्रान्तिको माध्यमबाट हुन्छ। एकीकृत जनक्रान्तिको माध्यमबाट नै वैज्ञानिक समाजवाद स्थापना हुन्छ। यो वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र जनतन्त्र, जनजीविका र राष्ट्रियताको सुनिश्चितता गर्छ। जनता स्वतः स्वतन्त्र र सार्वभौम साथै समृद्धि हुन्छ। यो व्यवस्था ल्याउनका लागि सबै देशभक्त, गणतन्त्रवादी, क्रान्तिकारी, बुद्धिजीवी, वामपन्थी, राष्ट्रवादी शक्तिहरूले क्रान्तिको नेतृत्व गर्ने पार्टीलाई साथ दिनेछन्।

## एमसीसीविरुद्ध ...

ललितपुर, हरिहर भवनस्थित सभाकै कार्यालयमा एमसीसी प्रस्तावका विरुद्ध ज्ञापनपत्र दिने भएको छ। अमेरिकी दूतावासमार्फत अमेरिकी सरकारलाई आन्तरिक मामिलामा हस्तक्षेप नगर्न दबाब दिइनेछ भने संयुक्त राष्ट्रसङ्घलाई अमेरिकाले नेपालमा सैन्य हस्तक्षेपमार्फत अशान्ति र द्वन्द्व मच्चाउन गर्न खोजेकाले नेपालको स्वतन्त्रताका पक्षमा भूमिका निर्वाह गर्न ध्यानाकर्षण गरिने बताइएको छ।

नेपाल कम्युनिस्ट पार्टीले दुई साताव्यापी जनसङ्घर्षका कार्यक्रम पनि घोषणा गरेको छ। देशव्यापी रूपमा गिरफ्तार गरेर जेल र प्रहरी हिरासतमा राखिएका नेकपाका नेता-कार्यकर्ताको फोटोसहित माघ १० गते जुलुस प्रदर्शन गरिने भएको छ। विचार, नेतृत्व, भावना र कार्यदिशा स्थापित गर्ने नयाँ शैलीका रूपमा यसलाई हेरिएको छ। माघ १६ गते जहानिया राणा सरकारले विसं १९९७ मा हत्या गरेका गङ्गालाल श्रेष्ठ, दशरथ चन्द, धर्मभक्त माथेमा र शुक्रराज शास्त्री (जोशी) को सम्मान तथा स्मरणमा देशव्यापी प्रभातफेरी गरिने भएको छ। यसप्रकारको कार्यक्रमले संयुक्त मोर्चाको विकासमा नयाँ शैली, मनोविज्ञान र विचारको विकास गर्न अनुकूलता पैदा गर्नसक्छ। माघ १८ गते महँगी-आतङ्कविरुद्ध जुलुस प्रदर्शन गर्ने, माघ २० गते खुला सांस्कृतिक कार्यक्रम र माघ २५ गते कालापानी क्षेत्र अतिक्रमण, एमसीसी प्रस्ताव, ललिता निवासलगायत भ्रष्टाचार र श्वेतआतङ्कका विरुद्ध देशका सहरी क्षेत्रहरूमा गोष्ठी, अन्तरक्रिया, संवादमार्फत जनमत निर्माण गर्ने नेकपाले जनाएको छ।

एमसीसीका विषयमा महाकाली सन्धिमा जसरी नै देशभक्त र राष्ट्रघाती धारा टक्कराइरहेको समयमा त्यसका विरुद्ध नेकपाले एमसीसी प्रस्ताव सदनमा निर्णयार्थ पेस गरिए तत्काल नेपाल बन्दसहित सङ्घर्ष घोषणा गर्ने जनाएको छ। सरकारले भने राष्ट्रिय सहमति र संवाद नगरी अमेरिकी स्वार्थमा एमसीसी प्रस्ताव पारित गर्ने अड्डी लिएको छ। वली सरकारले कुर्सीस्वार्थमा देशलाई अमेरिकी सैन्य गठबन्धनतिर धकेल्दै गएका कारण देश थप भिडन्तातिर धकेलिँदैछ।

## युद्धपिपासु ...

जसरी गरेका थिए हाम्रा पुर्खाले
नालापानी, सिन्धुलीगढी र टिस्टामा।
छोपेर डलरले पारमाणविक शस्त्रास्त्र
अपनाएर सामाजिक सेवाको खतरनाक शैली
बनाएर नयाँ क्याप्सुल एमसीसीको
आइरहेछ उत्तरसाम्राज्यवाद
साम्राज्यवादका दूत नवलेन्डुपहरू
फिटेर केही डलरमा र बनाएर झोल
ख्वाउँदैछन् एमसीसी नामको रक्तपिपासु युद्ध

अर्थात् एक्काईसौं शताब्दीको साम्राज्यवादी हस्तक्षेप र अतिक्रमण

आज राष्ट्रियतामाथिको अतिक्रमण, हस्तक्षेप र षड्यन्त्रका विरुद्ध सिङ्गो जनमत तातिरहेको छ, उर्लिरहेको छ समुद्रमा उर्लिरहेको ज्वारभाटासरि। 'कालापानी र कृष्णे' शीर्षक कवितामा स्रष्टा कृष्णमणि पराजुली फरक शैलीमा विद्रोह बोल्दै भन्छन् :

मन कटक्क काटिएको हुन्छ
आँखाभरि आँसु भरिएको हुन्छ
अनुहारमा चमक हराएको हुन्छ
कता-कता आफैं हराएजस्तो हुन्छ
किन ऊ यस्तो भइरहेछ
ऊ आफैं अनभिज्ञ छ।
हातगोडा लुला भएका हुन्छन्
चिटचिट पसिना आएको हुन्छ
मलमूत्र एकैचोटि निस्केजस्तो हुन्छ
आखिर मर्ने दिन आजै हो जस्तो लाग्छ।
बल्ल ऊ होसमा आउँछ
उसले सुनेको रहेछ
देखेको रहेछ
उसको देश ठूल दाइले कब्जा गरेको रहेछ
उसले आफ्नै मानचित्रमा भित्र्याइसकेको रहेछ
त्यसैले त
कृष्णबहादुरको मन रोएको रहेछ।
यसपालि त ऊ झनै दिग्दार भएको छ
दक्षिणपट्टिको ठूल्दाइले
यसो साँध-किल्ला मात्र नसारेर
कृष्णबहादुरको हिमालतिरको
पूरै साँध मेटाउन भ्याएछ
कालो पानीले रसाउने मलिलो खेत पनि
पूरै आफ्नै बनाइसकेछ
चाँदीजस्तो चम्किलो लिपुलेक पनि
कसैले थाहै नपाई
धूर्त ब्वाँसोको चाल गरी आफ्नै बनाएछ
लिम्पियाधुराको समथल भूमि पनि
आफ्नै परेड मैदान पो बनाएछ
हो अब त
आफ्नो कालापानी नरहे
लिपुलेक पनि नरहे
लिम्पियाधुरा पनि नरहे
बाँकी नै के पो रहन्छ र ?

बौद्धिक नेता एवम् चिन्तक नरेन्द्रजङ्ग पिटर हिन्दी कविता उद्धरण गर्दै भन्छन् :

'किस रावण कि काटुँ बातेँ,
किस लंका मे आग लगाऊँ
घरघर रावण, घरघर लङ्का
इतने हनुमान कहाँ से लाउँ।
...
समर शेष है, नहीँ पाप का
भागी केवल ब्याध
जो तटस्थ है समय लिखेगा
उस्का भि अपराध।

उपरोक्त दुई हिन्दी कविता आजको देशको अवस्था र हाम्रो भूमिकाबारे यथोचित प्रकाश पार्न पर्याप्त हुन्छ। सन् २००९ अप्रिल २८ को डायरीमा रहेछ। खै अहिले पनि त्यस्तै छ।'

अब पौराणिक कथाअनुसार सिङ्गो लङ्का अर्थात् मुलुक जलिरहेको र राष्ट्रियता धरापमा परिरहेको समयमा हरेक घरघरबाटै अग्निशमन गर्ने योद्धाहरू निस्किनु आवश्यक मात्र होइन, अपरिहार्य बनेको छ।

आस्थाका खम्बाहरू निरन्तर ढल्दै गएपछि र हिजोका क्रान्तिकारी योद्धाहरू स्खलित हुँदै गएपछि नयाँ विद्रोह अर्थात् नयाँ क्रान्ति आरम्भ भएको छ। पुरातन सत्ता क्रान्तिमाथि हरतरहले आइलागेको छ तर त्यसको प्रतिरोध पनि भइरहेको छ। कवि राधा कार्की समयको पछिल्लो कडीलाई सम्बोधन गर्दै 'दिग्भ्रम' कवितामा भन्छिन् :

एक दिन रुद्रले
तत्‌तत् आकृतिलाई
देखाउँदै भनेको थियो-
यी अवसरवादी हुन्
यी गिटगिटधारी हुन्
यी शासनका हिमायती हुन्
यथार्थमा यी बर्दीधारी
नियोजित षड्यन्त्र हुन्
यिनले न आमाको पीडा बुझ्छन्
न त बाबुको काँधको जुवा देख्छन्!
त्यो घडी
मलाई लागेको थियो
रुद्र केही भड्किएको छ
ऊ केही तड्पिएको छ
सहमत हुन सकिनँ म उसको संवादमा
प्रतिवाद गरेँ-
मैले सम्मान गर्दै आएका
मैले विश्वास गर्दै आएका
यी पात्रहरू
कसरी यति तल झर्न सक्छन् ?
म गर्व गर्थें यिनलाई हेरेर
र मनमनै भन्थें-
यी राष्ट्रनिर्माता हुन्
यी देशभक्त हुन्
यी जनताका संरक्षक हुन्
यी भरोसाका जङ्गेपिलर हुन्!
जब कसैले
घरमा ढुङ्गा हान्यो
बाबुको कठालो समात्यो
आमाको ढुङ्ग्री तान्यो
दाइको पिठ्युँमा छुरा रोप्यो
बहिनीको चुल्ठो लुछ्यो
तब चिच्याएँ म
ए बर्दीधारी हो!
लौ न बचाऊ
मलाई यो आततायी हमलाबाट!
एकाएक स्खलित भए
आज ती विश्वासका पात्रहरू
जसले माटोको रक्षा गर्न सकेनन्
स्वाभिमान र स्वाधीनताको
सुरक्षा गर्न सकेनन्!
यसबेला म विह्वल भइरहेको छु
स्नेही रुद्रको
सतर्कतापूर्ण आग्रहलाई सम्झेर .

सरकारले देशभक्तहरूमाथि, जनसेवकहरूमाथि, क्रान्तिकारीहरूमाथि लगाएको प्रतिबन्धको चौतर्फी विरोध र प्रतिरोध भइरहेको छ। प्रतिरोधको मात्रा बढिरहेकै छ। यो उत्कर्षमा पुग्ने क्रममा छ। कवि बीपी विद्रोही 'के गर्छ होला सरकार' शीर्षक कविताका माध्यमबाट आफ्नो विचार यसरी पस्किन्छन् :

मैले बन्दुक लेख्दा प्रतिबन्ध लगाउँछ सरकार
मैले बन्दुक बोके के गर्छ होला सरकार ?
माइतीघरतिर चुइँगम पड्काउन पनि
निषेधित गरिएको रहेछ
मैले सिंहदरबरमै गएर बम पड्काएँ भने
के गर्छ होला सरकार ?
मैले दस हजारपटक लेखेको छु
विद्रोह भन्ने शब्द
किनकि मैले विद्रोहमै देखेको छु
करोडौंको जिन्दगी
मैले मनले देखेको मुक्तिको सपनामा
भ्रमको पर्दा हाल्छ सरकार
मैले 'व' लाई बाइमात्रा दिएर पटकपटक
काटेर 'द' को खुट्टामा 'ओकार' दिँदै त्यसमा 'ह' जोड्दा
झसङ्ग झस्किन्छ सरकार
'द' को खुट्टा काटेझैं मैले
भ्रष्टहरूको खुट्टै काटेर त्यसमा
लौरो जोडिदिएँ भने के गर्छ होला सरकार ?
साँच्चिकै हामीले विद्रोह गर्यौं भने
के गर्छ होला सरकार ?
मैले सुसेलीमा क्रान्तिको भाका
गुनगुनाउँदै हिँड्दा
कर्फ्यु लगाउँछ सरकार
हामीले बस्तीबस्तीमा गएर
क्रान्तिको बिगुल फुक्यौं भने
के गर्छ होला सरकार ?
मैले कम्मरमा ग्रिनेड झुन्ड्याएर हिँडे
के गर्छ होला सरकार ?
मैले एके फोर्टिसेभेन बोकेर हिँडे
मसँग के खोज्छ होला सरकार ?

यो साताको समयसमीक्षाको अन्त्यमा रसुवाली कविका वर्तमान सत्ताविरुद्ध विद्रोही स्वरहरू उराल्ने कविताका केही पङ्क्तिहरू उद्धरण गर्दै बिट मार्ने अनुमति माग्छु :

यति-यति पानी
ठूलाबडाले खानी
जनताले टुलुटुलु हेर्ने
नेताले रूप फेर्ने
यतियति पानी
दरबारमार्ग खानी
दिलिप महतोलाई आँसु
सत्तालाई लाग्छ सधैं हाँसो
यतियति पानी
पप्पुले खानी
सिंहदरबार रानी...।

## अनावश्यक भ्रम ...

छन्। विज्ञप्तिमा भनिएको छ, 'लामो समयदेखि जनपत्रकार सङ्गठन, नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। त्यसबाट अत्तालिएका तत्वहरूले पार्टी, सङ्गठन र नेतृत्वका विरुद्ध दुराशयपूर्ण भ्रम र अफवाह सिर्जना गरिरहेका छन्। त्यसप्रकारको भ्रम र अफवाहमा कुनै सत्यता नरहेको स्पष्ट गरिन्छ।'

## नेकपाले गऱ्यो ...

पक्षमा भन्दा माफिया र दलालहरूका पक्षमा छ भन्ने प्रस्ट हुन्छ।'

जग्गा कब्जाबारे नेकपाले जारी गरेको पर्चामा अगाडि भनिएको छ, 'राष्ट्र र जनताको सम्पत्ति माफियाहरूको हातबाट पुनः राष्ट्र र जनताको हातमा ल्याउनको निमित्त माफियाहरूद्वारा कब्जा गरिएको वा किनबेच भएको अर्थात् भाटभटेनी सुपरमार्केट मालिक मीनबहादुर गुरुङसँग भएको २२ रोपनी, गोयल ग्रुपसँगको २१ रोपनी, श्रद्धा ग्रुपसँगको ४ रोपनी, चाचन ग्रुपसँगको ३ रोपनी, गोपाल खनाल ग्रुपसँगको ४ रोपनी, तत्कालीन र हाल सत्ताधारी (नेकपा) का महासचिव विष्णु पौडेलसँगको कित्ता नं. २०९ र ३१५ सहितका ८ आना, पुरुषोत्तम पौड्यालसँग भएको १.५ रोपनी र अन्य विभिन्न व्यक्ति र समूहसँग रहेको २९ रोपनी गरी जम्मा ११५ रोपनी जग्गा आजैका मितिबाट हाललाई पार्टी मातहत रहने गरी कब्जा गरिएको देशभक्त, राष्ट्रप्रेमी र न्यायप्रेमी जनसमुदायलाई सूचित गराउन चाहन्छौं।'

नेकपाले उक्त जग्गा अर्को निर्णय नगरेसम्म किनबेच वा कुनै पनि कारोबार गरिएको पाइएमा निज व्यक्ति र संस्था साथै सहयोग गर्नेलाई पार्टीले हदैसम्मको कारबाही गर्ने चेतावनीसमेत दिएको छ।

बालुवाटारस्थित ललिता निवास परिसरमा रहेको ११५ रोपनी सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गर्ने र बेच्ने योजनाकार भएकाले र शारदा त्रितालको नेतृत्वमा गठित छानबिन समितिले भूमाफिया किटान गरेकाले ढकालको घर सेबोटेज गरिएको पर्चामा उल्लेख गरिएको छ।

## आस्थाका बन्दी ...

'सुदर्शन' लाई वली-प्रचण्ड सरकारले गैरन्यायिक ढङ्गले नख्खु जेलमा राखेको छ। सरकारले उनलाई गतवर्ष चैतदेखि ललितपुर नख्खुमा रहेको नख्खु केन्द्रीय कारागारमा थुनामा राखिएको हो।

यस्तै नेकपाकी केन्द्रीय सदस्य तथा जनप्रतिनिधिसभाकी अध्यक्ष (सभामुख) उमा भुजेललाई पुस १२ गते सुनसरी जिल्लाबाट गिरफ्तार गरेर इनरुवा जिप्रका हिरासतमा राखिएको छ। पूर्वसभासद्समेत रहेकी भुजेल चर्चित गोर्खा जेलब्रेककी कमान्डर पनि हुन्। त्यसैगरी केन्द्रीय सदस्य चन्द्रप्रकाश चन्द 'वीरजङ्ग' लाई असोज ३० मा दाङबाट गिरफ्तार गरेर दाङ जेलमा राखिएको छ। त्यसैगरी अर्का नेता भरत वम 'रणवीर' लाई जेठ १२ मा बाँकेबाट गिरफ्तार गरेर बाँके कारागारबाट सरुवा गरी हाल बर्दिया जिल्ला कारागारमा थुनामा राखिएको छ। रणवीरलाई बाँके कारागारमा समेत यातना दिइएको थियो।

त्यसैगरी नेता सुदर्शनसहित चैतमा काभ्रे, तालढुङ्गा क्षेत्रबाट प्रज्वलनलाई गिरफ्तार गरिएको हो। उनलाई सर्वोच्च अदालतले रिहा गर्न आदेश दिए पनि सरकारले झूट्टा मुद्दा लगाएर रूपन्देही जेलमा बन्दी बनाएको छ। त्यसैगरी अर्का केन्द्रीय सदस्य माइला लामालाई काठमाडौंबाट गिरफ्तार गरेर हाल नख्खु केन्द्रीय कारागारमा बन्दी बनाइएको छ। त्यसैगरी नेता वीरजङ्गसहित गिरफ्तार गरिएका केसबहादुर बाठा 'सुवास' लाई दाङ जेलमा नै बन्दी बनाइएको छ। अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष तथा पार्टी केन्द्रीय सदस्य बन्धु चन्दलाई 'सङ्गठन विस्तार तथा सुदृढीकरण अभियान २, २०७६' का क्रममा अछाम जिल्लाबाट गिरफ्तार गरेर विभिन्न जेल सरुवा गर्दै हाल धनगढीमा राखिएको छ।

त्यसैगरी केन्द्रीय सदस्य चूडामणि वली 'आदर्श' लाई बाजुराबाट गिरफ्तार गरेर जिल्ला कारागारमा बन्दी बनाइएको छ। उनलाई केही दिनअघि मात्र रिहा गरिएको थियो। त्यसैगरी केन्द्रीय सदस्य हितमान र नेता दीपेश राईलाई क्रमशः काठमाडौं र उदयपुरबाट गिरफ्तार गरी बन्दी बनाइएको छ। गिरफ्तार गरिएको समयमा नेता सुदर्शन मध्यकमान्ड इन्चार्ज उमा भुजेल 'शिलु' मेची-कोसी ब्युरो इन्चार्ज, वीरजङ्ग पश्चिम कमान्ड संयोजक, भरत वम 'रणवीर' स्कुलिङ विभाग, माइला लामा र हितमान विक 'नवीन' उपत्यका इन्चार्ज, सुवास राप्ती ब्युरो इन्चार्ज, वसन्तकुमार श्रेष्ठ 'प्रज्वलन' पूर्वी ताम्सालिङ ब्युरो इन्चार्ज, बन्धु चन्द महिला मोर्चा अध्यक्ष, चूडामणि वली 'आदर्श' न्याय विभाग प्रमुख थिए।

हरेक परिवर्तन र क्रान्तिले त्याग र बलिदानको माग गर्दछ। नेकपाका शीर्ष नेतादेखि सयौं कार्यकर्ताहरू जेल र हिरासतमा बसेर जेल-हिरासत मोर्चाबाट क्रान्तिका निम्ति लडिरहेका छन्। त्यसको राप, ताप र आदर्शले बाहिरी भौतिक मोर्चा झन्झन् प्रज्वलित हुँदै गएको छ।

## कम्युनिस्ट सरकार ...

सालमा खोरिया फाँडेर थप ५० घर गरी हाल ५४ घरधुरी भएका छन्।

सैपाङ वरपरको बन 'संयुक्त इन्द्रेणी बन' अन्तर्गत थियो। सोही बन विभाजित भएर ६ वटा सामुदायिक बन गठन भए। सैपाङ वरपर देउराली सामुदायिक बन थियो। तर बाहिरिया मान्छे देख्दा जङ्गलतिर भाग्ने र डराउने सैपाङका जनताले सामुदायिक बन दर्ता प्रयास गरे पनि सफल भएनन्। वीरेन्द्रनगर बजारआसपासका टाठाबाठा रहेको कालिका सामुदायिक बनले देउराली बन कब्जा गऱ्यो। देउराली बन दर्ता गर्न भरतपुर बन कार्यालय पुग्दा त्यो कुरा जानकारी पाएपछि उनीहरू निराश भएर फर्के। कालिका सामुदायिक बनका अध्यक्ष माधव गिरीले देउराली वनका पक्षमा बोलेकै कारण २०४६ सालमा स्थानीय हरिबहादुर प्रजालाई कुटपिट गरे। अर्का लालकुमार प्रजालाई बनमुद्दा लगाएर ५ वर्ष जेल हालियो। यहाँको हरेक घरले यातना र झूट्टा मुद्दा खेपेका छन्। शुभशान्ति राप्रावि सैपाङको भवन माधव गिरीको टोलीले ३ पटक भत्कायो। पञ्च पृष्ठभूमिका गिरी २०४६ सालपछि एमाले र २०५२ पछि माओवादी बने। खैरहनी इलाका प्रहरी कार्यालयले सेन्ट्री बसेर काठ तस्करी गर्ने गरेको आरोप लगाउने गिरी स्वयम् प्रहरी, नेताहरू, विद्रोही सबैसँग चाकरीबाजी गर्ने र त्यसको आडमा सोझा चेपाङलाई दमन गर्ने गर्दै आएका छन्। सहायक बन अधिकृत बलिभद्र भण्डारी र माधव गिरीको जम्बो टोलीले माघ ५ गते जनतालाई धम्की दिएर गयो। कति जङ्गलतिर भागे। विडम्बना! कम्युनिस्ट शासन र गणतन्त्र सिद्धिका चेपाङलाई अझै आएन।

# एमसीसी सम्झौता लागू भए प्रतिरोध सङ्घर्ष गर्ने चेतावनी

■ **अम्बिका चन्द**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले अमेरिकाले लाद्न लागेको एमसीसी सम्झौता पारित गरेर लागू गरिएमा राष्ट्रिय प्रतिरोध सङ्घर्ष अघि बढाउने चेतावनी दिएको छ । पार्टीको सेती-महाकाली ब्युरोले सुदूरपश्चिम प्रदेश सरकारमार्फत नेपाल सरकारलाई आइतबार ज्ञापनपत्र बुझाउँदै यो सम्झौता पारित नगर्न र लागू नगर्न कडा चेतावनी दिएको हो । ब्युरो इन्चार्ज निर्माणले ज्ञापनपत्रमा भनेका छन्, 'अमेरिकी सरकारका तर्फबाट नेपालमा लागू गर्न खोजिएको : मिनिलियम च्यालेन्जका बारेमा हाम्रो पार्टीले पहिले नै आफ्नो धारणा सार्वजनिक गरिसकेको छ र यसका विरुद्धको चरणबद्ध सङ्घर्षका कार्यक्रमहरू पनि गर्दै आएको छ । यो सम्झौता हिन्द-प्रशान्त रणनीतिको अभिन्न अङ्ग भएको र त्यसलाई सैन्य आर्थिक प्याकेजका रूपमा नेपालमा लागू गर्न थालिएको कुरा प्रस्ट भइसकेको छ ।'

ब्युरो इन्चार्ज निर्माणको ज्ञापनपत्रमा भनिएको छ, 'नेपाल सरकारका तर्फबाट यो आर्थिक विकासको कार्यक्रम भएको र अमेरिकी दूतावासका तर्फबाट पनि यो पूर्वाधार विकासको कार्यक्रम मात्र भएको र यसमा सैन्य मामिला नजोडिएको भनिए पनि अमेरिकी सरकारका विदेशमन्त्रीले यो हिन्द-प्रशान्त रणनीतिकै अङ्ग भएको र नेपाल देश त्यस रणनीतिसँग जोडिएको प्रतिक्रिया दिएकाले यो स्पष्ट रूपमा सैन्य परियोजना हो भन्ने पुष्टि हुन्छ । यो चिनियाँ बीआरआईलाई रोक्न भारतलाई साथमा लिने, नेपालमा सैन्य शिविर राखेर चीनलाई घेर्न तथा नेपालको प्राकृतिक स्रोत, त्यो पनि युरेनियमजस्तो महत्वपूर्ण धातु कब्जा गर्ने उद्देश्यसँग जोडिएको देखिन्छ । यो सम्झौता लागू गरिएमा नेपालको सार्वभौमिकता समाप्त हुनेछ ।'

ज्ञापनपत्रमा अगाडि भनिएको छ, 'यसमा व्यवस्था गरिएको धारा ३ को दफा ३.२ (च) ले सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकी एकाधिकार हनेछ । धारा ३ को दफा ३.(८) 'क' मा परियोजनाको लेखा परीक्षणसम्म नेपालले गर्न नपाउने उल्लेख भएको छ । धारा ५ को 'क-ख' ले अमेरिकी सरकारले चाहेमा जतिबेला पनि यो परियोजना खारेज गर्न सकिन्छ । धारा ७ को 'क' ले यो सम्झौता लागू गर्नमा नेपालको कानुन बाझिएमा स्वतः नेपालको कानुन खारेज हुनेछ । अनुसूची १ 'ग' को २ मा यस परियोजनामा नेपालले उसको अनुमतिबिना आफ्ना कर्मचारी नियुक्त गर्न पाउनेछैन । अनुसूची ४ को 'क' अनुसार नेपाल सरकारले एमसीसी अनुकूलको जनशक्ति खटाउँदा पनि भारतको स्वीकृति लिनुपर्ने र भारतको स्वीकृतिबिना अमेरिकाले अनुदान नदिने व्यवस्था छ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'उपरोक्त तथ्यले के देखाउँछ भने यो नेपाललाई पराधीन बनाउने राष्ट्रघाती परियोजना हो र यसलाई कुनै पनि हालतमा नेपालमा लागू गर्नु हुँदैन । यसका विरुद्ध आमदेशभक्त, बुद्धिजीवी र क्रान्तिकारीहरू एकजुट भइरहेको बेला नेपाल सरकारका तर्फबाट प्रस्ताव अगाडि बढाई सदनबाट पास गराउने जुन षड्यन्त्र हुँदैछ यो नेपाल र नेपाली जनताको हितविपरीत छ । त्यसकारण नेपालको सार्वभौमिकताविपरीतको यो एमसीसी परियोजना पास नगरियोस् भन्ने उद्देश्यसहित यो ज्ञापनपत्र हाम्रो सेती-महाकाली ब्युरोका तर्फबाट सुदूरपश्चिम प्रदेश सरकारको कार्यालय धनगढी, कैलालीमार्फत नेपाल सरकारलाई पठाएका छौँ । यसलाई बेवास्ता गरी सदनबाट नै पास गरेमा हाम्रो पार्टीका तर्फबाट चरणबद्ध सङ्घर्षसहित नेपाल बन्दसम्मको कार्यक्रम गर्न र राष्ट्रिय प्रतिरोध सङ्घर्षलाई अगाडि बढाउन बाध्य हुने कुराको जानकारी पनि यसै ज्ञापनपत्रमार्फत गराउँछौँ ।'

# कैलालीमा माघी मिलन तथा अन्तरक्रिया कार्यक्रम

■ **रातो खबर संवाददाता**/काठमाडौं

राष्ट्रिय थारू मुक्तिमोर्चा केन्द्रीय समितिको आयोजनामा कैलालीको घोडाघोडीमा माघी मिलन तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । पश्चिम कञ्चनपुरदेखि चितवनसम्मका थारू नेताहरू जमघट भएर समसामयिक राजनीतिक परिस्थिति, थारू चाडपर्व, संस्कृतिको जगेर्ना र थारू नेताहरूको नेतृत्व विकास र रक्षाका विषयमा छलफल भएको थियो ।

राष्ट्रिय थारू मुक्तिमोर्चाका अध्यक्ष सङ्घप्रसाद थारूको अध्यक्षता तथा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा सेती-महाकाली ब्युरोका इन्चार्ज ओमप्रकाश पुनको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वक्ताहरूले थारू समुदायको मुक्ति र सही नेतृत्वको विकासका लागि सबै एकताबद्ध भएर लाग्नुपर्ने बताए । उनीहरुले आफ्नो अधिकारसँगसँगै पहिचान र अस्तित्व बचाउन निरन्तर राजनीतिक सङ्घर्षमा भाग लिन आह्वान पनि गरे ।



कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य ओमप्रकाश पुनले एकीकृत जनक्रान्तिमार्फत ल्याइने वैज्ञानिक समाजवादी व्यवस्थाले मात्र समानता, आत्मसम्मान र स्वाभिमानसहितको थारूहरूको पहिचानलाई स्थापित गर्ने बताए ।

उनले भने, 'सामन्तवादले थारूहरूलाई शोषण र उत्पीडन गऱ्यो । पुँजीवादले विभेद र व्यापार गर्दैछ तर समाजवादले समानता, आत्मसम्मान र स्वाभिमानसहितको सङ्घीयता लागू गर्नेछ ।'

अहिलेका राज्य सञ्चालकहरूको कमजोरीको फाइदा उठाउँदै नेपालमा हरेक ठाउँमा विदेशी हस्तक्षेप बढिरहेको र त्यसैको उदाहरण पछिल्लो एमसीसी आएको उनले बताए । एउटा सैन्य हस्तक्षेप गर्ने, अर्को प्राकृतिक स्रोतको दोहन गर्ने उद्देश्यले आएको एमसीसी सदनबाट पारित भएमा औपचारिक रूपमै अमेरिकाको सैन्य हस्तक्षेप हटाउन नसकिने धारणा उनले राखे ।

राष्ट्रिय थारू मुक्तिमोर्चाका अध्यक्ष सङ्घप्रसाद थारूले थारू मुक्ति र प्रगतिका लागि सबै थारूहरू एकजुट भएर आफ्नो पहिचान र स्वायत्त शासन प्राप्तिका लागि निरन्तर सङ्घर्षमा भाग लिई अगाडि बढ्नुपर्ने बताए । वैज्ञानिक समाजवादमा मात्रै उत्पीडित जाति, उत्पीडित क्षेत्र, वर्ग र लिङ्गको समस्या सम्बोधन भएको हुनाले नेकपाले अगाडि सारेको बाटोमा काँधमा काँध मिलाएर अगाडि बढ्नुपर्ने उनको भनाइ थियो ।

थारूवान स्वायत्त प्रदेशका मुख्यमन्त्री रामबहादुर चौधरीले सङ्घीयतासहितको स्वायत्त शासनका लागि आफूहरुसँगसँगै पार्टी पनि स्पष्ट हुनुपर्ने बताए । कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टीबाट विभिन्न जिल्लामा सेक्रेटरी रहेका थारू नेताहरू, मोर्चाका केन्द्रीय पदाधिकारीहरू, थारू बुद्धिजीवीलगायतले आआफ्नो जिल्लाको रिपोर्ट राखेका थिए ।

माघी पर्वका अवसरमा स्थानीय संस्कृति झल्कने विभिन्न सांस्कृतिक कार्यक्रमका साथै मघौटा नाच, सख्या नाच र मुङ्गौवा नाच प्रस्तुत गरिएको थियो ।

# गिरफ्तार नेता-कार्यकर्तालाई बिनासर्त रिहा गर : मिलन

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका उपत्यका विशेष ब्युरो इन्चार्ज मिलनले आफ्नो पार्टीका लालितपुर जिल्ला सदस्य रमेश डङ्गोल र युवा सङ्गठन नेपालका सदस्य सन्तमान स्याङ्तानलाई गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेका छन् ।

एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने उद्देश्यले अघि बढिरहेको नेपाल कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाएको सरकारले एकपछि अर्को गर्दै आफ्नो पार्टीका नेता-कार्यकर्तालाई गिरफ्तार र दमन गरेको भन्दै मिलनले यसबाट उत्पन्न सबै परिस्थितिको जिम्मेवार स्वयम् राज्य हुनुपर्ने बताएका छन् ।

# एमसीसी सम्झौताविरुद्ध युवाहरू

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन युवा सङ्गठन नेपालले राष्ट्रघाती एमसीसी सम्झौताका विरुद्ध एक हुन युवाहरूलाई अपिल गरेको छ । सङ्गठनका भेरी-कर्णाली ब्युरो इन्चार्ज दीपले बिहीबार विज्ञप्ति जारी गर्दै एमसीसी सम्झौताका साथै विभिन्नखाले सामाजिक विकृतिका विरुद्ध सडकमा उत्रिन युवाहरूलाई आह्वान गरेका हुन् ।

लिम्पियाधुरा, लिपुलेक, कालापानीमाथिको भारतीय अतिक्रमण, राष्ट्रघाती असमान सन्धिसम्झौतालगायत विभिन्नखाले साम्राज्यवादी हस्तक्षेप र देशभित्रका नेपाली अनुहारका विदेशी दलालहरूका कारण राष्ट्रियता इतिहासकै सङ्कटपूर्ण अवस्थाबाट अघि बढिरहेको निष्कर्ष युवा सङ्गठनको छ ।

साथै राष्ट्रियता र जनजीविकाको सवाललाई लिएर सङ्घर्षमा होमिएको आफ्नो पार्टीमाथि सरकारले प्रतिबन्ध लगाउँदै दमन र धरकपड तीव्र बनाए पनि यसका विरुद्धको जनप्रतिरोध सशक्त बन्दै गएको युवा सङ्गठनको ठहर छ ।

# 'एमसीसी परियोजना पारित भए नेपाल इरान बन्न सक्छ'

**काठमाडौं** : केही समयदेखि नेपालमा अमेरिकी मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्झौता सर्वाधिक विवाद र चर्चाको विषय बनेको छ । एमसीसीको पक्ष र विपक्षमा भएका बहसहरू निकै गरमागरम बनिरहेका छन् । राष्ट्रियताका पक्षधर स्वाभिमानी देशभक्त नेपालीहरू एमसीसीका विरुद्ध उठाएको आवाज निकै सशक्त बनिरहेको छ । एकातिर सत्तारूढ नेकपा र नेपाली काङ्ग्रेस र कमल थापाहरू एमसीसी पारित गराउन लागिपरेका छन् । तर सत्तारूढ नेकपाकै नेताहरू भीम रावल, लीलामणि पोखरेल, देव गुरुङलगायत केही नेताहरू उक्त सम्झौताको चर्को विरोध गरिरहेका छन् । सत्तारूढ नेकपाकै नेताहरू एमसीसी सम्झौता नेपाल र नेपालीको हितविपरीत भएको भन्दै उक्त अभियानका विरुद्ध खारेज अभियान चलाइरहेका छन् ।

सामाजिक अभियन्ता नरबहादुर कार्कीलगायत राष्ट्रियताका पक्षधर युवाहरूले ५० हजार हस्ताक्षर सङ्कलन गरी सरकारलाई बुझाउन हस्ताक्षर सङ्कलन अभियान चलाएका छन् । यस्तै नेपाल कम्युनिस्ट पार्टीका पूर्वकेन्द्रीय सदस्य गुणराज लोहनीले राष्ट्रिय जागरण मञ्च नेपाल गठन गरेर एमसीसीबारे बहस सञ्चालन गरिरहेका थिए तर गुणराज लोहनीलाई सोमबार बेलुका चितवन प्रहरीले गिरफ्तार गरेको छ । उनलाई गिरफ्तार नखुलाए पनि अभद्र व्यवहारको आरोप लगाइएको पारिवारिक स्रोतले जनाएको छ ।

नेपाल कम्युनिस्ट पार्टीले मात्रै एमसीसी सम्झौताविरुद्ध संस्थागत रूपमा विरोध गरेको छ । मोहन वैद्य नेतृत्वको क्रान्तिकारी माओवादीलगायतले पनि उक्त सम्झौताको विरोध गरेका छन् । नेकपाले एमसीसी सम्झौता पारित गर्ने कोसिस गरिए नेपाल बन्दसम्मको सङ्घर्ष गर्ने घोषणा गरिसकेको छ । नेकपाका महासचिव विप्लवले मिलिनियम च्यालेन्ज कर्पोरेसनको मुख्य उद्देश्य दक्षिणएसियामा अमेरिकाले खडा गरेको हिन्द-प्रशान्त रणनीतिलाई अर्थराजनीतिक मोर्चाबाट कार्यान्वयन गर्ने भएको भन्दै दक्षिणएसिया स्तरबाट यहाँका देशहरूलाई अमेरिकी सैन्य गठबन्धनमा सहभागी बनाउने र नेपालका सन्दर्भमा नेपाललाई अमेरिकी सैन्य गठबन्धनमा हुल्ने उद्देश्य भएको बताएका छन् । इन्डोप्यासेफिक पहिलो चीनको प्रभावलाई रोक्ने, दोस्रो दक्षिणएसियामा देखिएको कम्युनिस्ट क्रान्तिको सम्भावनालाई रोक्ने, तेस्रो नेपालको कम्युनिस्ट क्रान्तिलाई रोक्ने र चौथो नेपालमा अमेरिकी सैन्य अड्डा खडा गर्ने रहेको भन्दै एमसीसी सम्झौता लिएर ४ वटा उद्देश्यसहित अमेरिका नेपाल प्रवेश गर्न खोजेको बताएका छन् ।

झट्ट हेर्दा एमसीसी परियोजना सम्झौता अमेरिकाले नेपाललाई दिने ५० मिलियन डलरमध्ये ४० मिलियन डलर अन्तरदेशीय विद्युत् प्रसारण लाइन र १० मिलियन डलर सडक मर्मतमा खर्च गर्ने भनिएको छ । सामान्य रूपमा उक्त रकम नेपालीलाई दिइएको सहयोग भएको जस्तो देखाइए पनि उक्त रकम चिनीले बेरिएको विषाक्त गोलीसरह छ । नेपालीमा एउटा उखान छ 'सियो बनेर पस्ने र मुशल बनेर निस्कने ।' उक्त मिलिनियम च्यालेन्जको अर्थ अमेरिकाको ५० अर्ब रुपैयाँ नेपाल भित्रिने र अन्त्यमा नेपालका विभिन्न स्थानमा सैन्य क्याम्प खडा गर्ने अनि नेपाली राज्यसत्ताको रिमोट आफ्नो हातमा लिने र नेपालमा आफ्नो कठपुतली शासक खडा गर्ने गर्ने हो । त्यसको परिणाम भनेको स्वाधीन नेपाललाई इराक, सिरिया, अफगानिस्तान र इरान बनाउने एमसीसीको अन्तिम उद्देश्य हो । अमेरिकी साम्राज्यवादले इरानी सैन्य कमान्डर सुलेमानीलाई इराकमा मारेपछि इरानी सरकार र लाखौँ इरानी जनताले अमेरिकी सैन्यबल फिर्ताको नारा लगाए तर अमेरिकी राष्ट्रपति ट्रम्पले जबाफ दिए- हामीले इराकमा निकै ठूलो लगानी गरेका छौँ । त्यसकारण हामी फिर्ता हुँदैनौँ । हालैको यही ताजा उदाहरण पर्याप्त छ । नेपालमा ५० अर्ब रुपैयाँको बाटो हुँदै अमेरिका प्रवेश गरेको खण्डमा मुस्ताङ, पाल्पासहित नेपालका ३ स्थानमा अमेरिकी सैन्य क्याम्प खडा हुनेछ । अमेरिकी अत्याधुनिक हातहतियार भित्रीनेछन् । अनि नेपालको सरकार र सत्ता नाममात्रको अमेरिकी कठपुतली हुनेछ । उक्त सम्झौताको धारा ३ को दफा ३.२ (च) मा सम्पूर्ण बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार हुनेछ भनिएको छ । यसले परियोजनामा नेपालीहरूले प्रवेश नपाउने भएका छन् । विद्युत् प्रसारण लाइन र सडक मर्मतका लागि मजदुरका रूपमा अमेरिकी सैनिकको बाक्लो उपस्थिति हुनेछ ।

परियोजनाको लेखा परीक्षण अमेरिकी कम्पनीले मात्र गर्नेछ । परियोजनामा भएको हिसाबकिताबको अडिट नेपालले गर्न पाउनेछैन । अमेरिकाले चाहेको बेला उक्त सम्झौता रद्द गर्न सक्नेछ र नेपालले आफ्नो हितविपरीत देखेमा रद्द गर्न पाउनेछैन । नेपालको मूल कानुनभन्दा उक्त सम्झौता माथि हुनेछ । ऊसँग भएका सम्झौता र नेपालको कानुन बाझिएको खण्डमा नेपालको कानुन स्वतः खारेज हुनेछ तर सम्झौताको बुँदा खारेज हुनेछैन । अमेरिका र नेपालबीचको सम्झौता भनिए पनि नेपाल सरकारले एमसीसीलाई बुझाउन तयार पारेको योजनामा भारतको समर्थन अनिवार्य हुनुपर्नेछ । एमसीसीको स्वीकृतिबिना नेपालले केही पनि गर्न पाउनेछैन तर अमेरिकी पक्षले गर्ने आर्थिक-प्राविधिक सबै कुरा नेपालले जानकारी पाउनसमेत सक्नेछैन । यी तमाम कारणले गर्दा एमसीसी नेपालको हितमा छैन र नेपाललाई आधारभूमि बनाएर चीनको आर्थिक-राजनीतिक र सामरिक प्रभाव रोक्ने रणनीति नै मिनिलियम च्यालेन्जको नीति हो । ५० अर्ब रुपैयाँमा देशको स्वाधीनता बेच्नुभन्दा विदेशी कम्पनी एनसेलले तिर्न बाँकी ७२ अर्ब कर उठाएर देशविकासको काममा लगाए स्वाधीनता गुम्दैनथ्यो कि ?






निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ